
# शिक्षक निर्देशिका

## मेरो नेपाली

### कक्षा ४




1.495
C-s
066

# शिक्षक निर्देशिका

# मेरो नेपाली

## कक्षा ४

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा

यस निर्देशिकासम्बन्धी सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरमा निहित छ । पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिविना यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

प्रथम संस्करण : वि. सं. २०६६ 5346

मुद्रक : **चित्रवन प्रिन्टर्स प्रा.लि.**
नारायणगढ, चितवन
फोन: ०५६-५७१७४८

**यस निर्देशिकासम्बन्धी पाठकहरूका कुनै पनि प्रकारका सुझावहरू भएमा पाठ्यक्रम विकास केन्द्र, सम्पादन तथा प्रकाशन शाखामा पठाइदिनुहुन अनुरोध छ । पाठकहरूबाट आउने सुझावहरूलाई यो केन्द्र स्वागत गर्दछ ।**

# निर्देशिकाको प्रयोग सम्बन्धमा

प्राथमिक शिक्षा पाठ्यक्रम २०६५ अनुसार परिमार्जन गरिएको कक्षा ४ को नेपाली विषयको पाठ्यपुस्तकका आधारमा यो शिक्षक निर्देशिका तयार पारिएको छ । यसमा पाठ्यपुस्तकमा रहेका विभिन्न पाठहरू शिक्षण गर्ने क्रममा सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता भाषिक सीपका क्रियाकलाप गराउन सजिलो हुने गरी पाठगतरूपमा पाठ्यभार छुट्याइएको छ । विद्यार्थीमा भाषिक सीप विकास होस् र शिक्षणसिकाइ क्रियाकलापमा विद्यार्थी सहभागिता र सक्रियता बढोस् भन्ने उद्देश्यले शिक्षक निर्देशिकाका विभिन्न पाठमा विविध क्रियाकलाप समावेश गरिएको छ । शिक्षणसिकाइबाट विद्यार्थीहरूमा पठन अभिरुचि, सिर्जनशीलता र भाषा प्रयोगमा आत्मविश्वास जाग्नुका अतिरिक्त भाषालाई शुद्धसँग सुन्न, बोल्न, पढ्न र लेख्न सक्ने दक्षताको विकास हुन सकोस् भन्ने अभिप्रायले यसमा समावेश भएका क्रियाकलापलाई विद्यार्थीमुखी बनाउने प्रयत्न गरिएको छ ।

भाषिक सीप विकासका लागि व्याख्यानजस्ता विधिभन्दा छलफल, प्रश्नोत्तरलगायत विद्यार्थीले गरेर सिक्ने खालका विधिको चयन गर्नुपर्छ । कक्षाकोठामा मातृभाषा नेपाली हुने र नहुने दुवै थरी विद्यार्थीका लागि एउटै क्रियाकलाप अपर्याप्त हुन सक्छ । यसर्थ नेपाली भाषा शिक्षकले आवश्यकतानुसार शिक्षण विधि र क्रियाकलाप चयन गर्न सक्छन् तापनि यसमा शिक्षण सहजीकरणका लागि केही विधि तथा क्रियाकलाप निर्देश गरिएको छ । शिक्षक निर्देशिकाका पाठहरूमा उद्देश्य, शैक्षिक सामग्री, शिक्षणसिकाइ क्रियाकलाप, मूल्याङ्कन शीर्षकमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनका लागि नमुना क्रियाकलाप प्रस्तुत गरिएको छ । कक्षाशिक्षणपूर्व नै यसको अध्ययन गरी उपयोगी निर्देशनको प्रयोग गरेर पाठयोजना बनाउने गरेमा यसले पाठ्यक्रमका उद्देश्य पूरा गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याउने छ । यसै गरी यसमा पाठ्यपुस्तकका अभ्यासहरूलाई क्रमैसँग गराउन र अभ्यास क्रियाकलाप गराउनुपर्ने पूर्वतयारी सम्बन्धमा निर्देश गरिएको छ । यसमा दिइएका अनुमानित २५६ घन्टीका क्रियाकलाप नमुना मात्र हुन्, शिक्षकले यिनकै आधारमा बढीभन्दा बढी अभ्यास, क्रियाकलाप, कक्षाकार्य र प्रयोगका रूपमा गराएर भाषिक दक्षता विकास गर्नुपर्ने हुन्छ ।

यस निर्देशिकामा पाठका लागि छुट्याइएका घन्टी अनुमानित मात्र हुन् । शिक्षकहरूले शिक्षणसिकाइका क्रममा यसलाई परिवर्तन गर्न सक्नुहुने छ । यसै गरी पाठ शिक्षणका लागि सङ्केत गरिएका क्रियाकलापलाई पनि छोट्याउन, लम्ब्याउन तथा थपघट गर्न सकिने छ । भाषा सिकाइमा विद्यार्थीमा वैयक्तिक भिन्नता, त्रुटि, समस्या र सक्षमता देखिने भएकाले सिकाइ क्रियाकलापलाई वैयक्तिक बनाई कक्षाका सबै क्षमताका विद्यार्थीको सिकाइउपलब्धिलाई वैयक्तिक रूपमै आकलन गर्न सक्ने शिक्षक निर्देशिकाको प्रयोग सार्थक र प्रभावकारी हुने छ ।

# विषयसूची


| क्र. स. | शीर्षक | विषयवस्तु | पृष्ठसङ्ख्या |
|---|---|---|---|
| पाठ १ | गाउँछ गीत नेपाली | (कविता) | १ |
| पाठ २ | धनको घमन्ड | (कथा) | ९ |
| पाठ ३ | बचत गर्ने बानी | (प्रबन्ध) | १६ |
| पाठ ४ | लक्ष्य | (कविता) | २२ |
| पाठ ५ | नीमको पात | (कथा) | ३० |
| पाठ ६ | बाग्मती नदी | (प्रबन्ध) | ३८ |
| पाठ ७ | बिहेको निम्तो | (संवाद) | ४३ |
| पाठ ८ | दाजुभाइ र बूढाबा | (कथा) | ५९ |
| पाठ ९ | स्वस्थ बनौँ | (प्रबन्ध) | ५६ |
| पाठ १० | बुबाको चिठी | (चिठी) | ६१ |
| पाठ ११ | आमा | (कविता) | ६३ |
| पाठ १२ | बजा लौरी डाङडुङ | (कथा) | ७२ |
| पाठ १३ | नरेशको यात्रा | (प्रबन्ध) | ७९ |
| पाठ १४ | पशुपन्छी र हाम्रो कर्तव्य | (संवाद) | ८५ |
| पाठ १५ | प्रधानाध्यापकलाई निवेदन | (निवेदन) | ९१ |
| पाठ १६ | पाप लाग्छ | (कविता) | ९४ |
| पाठ १७ | पछुतो | (कथा) | १०२ |
| पाठ १८ | बालबालिकाका अधिकार | (प्रबन्ध) | १०८ |
| पाठ १९ | नौलाख तारा | (कथा) | ११४ |
| पाठ २० | सत्य कामको अठोट | (कथा) | १२३ |
| पाठ २१ | आधुनिक सञ्चार | (प्रबन्ध) | १३३ |

**पाठ : १**

# गाउँछ गीत नेपाली

अनुमानित घन्टी : १५

| पाठ्यवस्तु | घन्टी |
|---|---|
| सस्वरवाचन र शुद्धोच्चारण | ३ |
| लयबोध | २ |
| शब्दार्थ र वाक्यमा प्रयोग | २ |
| भावबोध र प्रश्नोत्तर | २ |
| व्याख्या | २ |
| व्याकरण | २ |
| सिर्जनात्मक अभ्यास | २ |

**पाठ्यवस्तु : सस्वरवाचन र शुद्धोच्चारण घन्टी : ३**

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'गाउँछ गीत नेपाली' कविता सस्वरवाचन गर्न,

(ख) कवितामा प्रयोग भएका कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न ।

२. शैक्षिक सामग्री

राष्ट्रकवि माधवप्रसाद घिमिरेको तस्बिर, गाउँछ गीत नेपाली कविता, शब्दपत्ती, फलाटिन पाटी, गोजी तालिका ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम कविको सामान्य परिचय दिनुहोस् ।

(ख) 'गाउँछ गीत नेपाली' कविता नमुना वाचन गरिदिनुहोस् ।

(ग) विद्यार्थीहरूलाई पहिले समूहगत रूपमा त्यसपछि पालैपालो कविताको सस्वरवाचन गराउनुहोस् ।

(घ) सस्वरवाचनपछि विद्यार्थीहरूलाई कठिनशब्दहरू कापीमा टिप्न लगाउनुहोस् ।

(ङ) शब्दपत्ती र गोजी तालिकाको प्रयोगबाट विद्यार्थीहरूलाई उच्चारणका सम्बन्धमा पटकपटक अभ्यास गराउनुहोस् ।

(च) विद्यार्थीको समूह बनाई शुद्धोच्चारण प्रतियोगिता गराउनुहोस् ।

(छ) उच्चारणको शिक्षण गर्दा गल्ती हुने क्षेत्र उल्लेख गरेर ती वर्णका उच्चारणमा विशेष अभ्यास गराउनुहोस् । जस्तै : य - ए, व - ओ आदि ।

(ज) सस्वरवाचनमा अभ्यास गराउँदा भने गति, यतिका साथै सहज अभिव्यक्तिलाई अवलम्बन गर्न बालबालिकामा वानी विकास गर्नुहोस् ।

(झ) सस्वरवाचनमा संवेग व्यवस्थापनका बारेमा बढी ध्यान दिनुपर्ने हुन्छ । यसका लागि बालबालिकाहरूलाई सस्वरवाचन गर्न लगाएर तपाईंले उनीहरूले गरेको सस्वरवाचनका निरीक्षण गर्नुहोस् र त्रुटिहरूलाई आवश्यकताअनुसार सच्याउनुहोस् ।

**४. मूल्याङ्कन**

(क) शब्दपत्ती, गोजीतालिकामा राखेर शब्द उच्चारण गर्न पालैपालो निर्देशन दिनुहोस् । विद्यार्थीले शुद्ध उच्चारण गर्न सके नसकेको ख्याल गरी आफूले पनि उच्चारण गरेर उनीहरूलाई उत्प्रेरित गर्नुहोस् ।

**५. गृहकार्य**

(क) अभ्यास २ मा भएका शब्दहरू शुद्ध उच्चारण गर्ने र अभ्यास गरेर आउने निर्देशन दिनुहोस् ।
(ख) पङ्ख, कर्णाली, ब्युँझाउँछु, लङ्का, भृकुटी, टिस्टा, ध्वजा, नाचौँला, झुल्का शब्दहरू पढेर आउन निर्देशन दिनुहोस् ।

पाठ्यवस्तु : **लयबोध** घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'गाउँछ गीत नेपाली' कविता लयबद्ध वाचन गर्न,

(ख) कवितामा गति, यति, लय मिलाएर सस्वरवाचन गर्न ।

(ग) झ्याउरे लयमा लेखिएका अन्य कविताहरू वाचन गर्न ।

२. शैक्षिक सामग्री

कविताका अंश लेखिएका तालिका, फलाटिन पाटी, कविताको परिचय तालिका, झ्याउरे लयका कविता ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) राष्ट्रकवि माधवप्रसाद घिमिरेको सामान्य परिचय दिनुहोस् ।

(ख) कवितालाई गति, यति, लय मिलाएर नमुना वाचन गरिदिनुहोस् । कविताका पङ्क्तिमा यति वा विश्राम कहाँकहाँ हुने हो त्यसको जानकारी गराउनुहोस् र वाचन गर्न भन्नुहोस् ।

(ग) विद्यार्थीहरूलाई पालैपालो कविता वाचन गराउनुहोस् । विद्यार्थीहरूलाई समूहमा लय मिलाउनका लागि पनि अभ्यास गराउनुहोस् ।

(घ) विद्यार्थीले गल्ती गरेका ठाउँमा सच्याइदिनुहोस् ।

(ङ) विद्यार्थीको असल साथी बनेर उनीहरूलाई पटकपटक पृष्ठपोषण दिनुहोस् ।

(च) सबैभन्दा राम्रो लय भएका विद्यार्थीहरू अगाडि ल्याएर उनीहरूलाई नमुना वाचन गराउनुहोस् ।

(छ) सबै विद्यार्थीहरूलाई समान अवसर दिनुहोस् ।

(ज) विद्यार्थीहरूलाई विभिन्न समूहमा बाँडेर प्रतियोगिता गराउनुहोस् । प्रतियोगितामा राम्रो गर्ने बालबालिकालाई धन्यवाद, राम्रो आदि शब्दबाट प्रेरणा दिन लगाउनुहोस् ।

(झ) झ्याउरे छन्दका अरू कविता पनि दिएर सस्वरवाचन गराउनुहोस् ।

(ञ) लयमा कविता वाचन गर्दा हुने उपलब्धिका बारेमा पनि विद्यार्थीहरूसँग कुराकानी गर्नुहोस् ।

४. मूल्याङ्कन

विद्यार्थीहरूलाई कविता गति, यति र लय मिलाएर वाचन गर्न लगाउनुहोस् ।

५. गृहकार्य

'गाउँछ गीत नेपाली' कविता गति, यति मिलाएर गाउने अभ्यास गरेर आउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) कवितामा प्रयोग भएका कठिन शब्दहरूको अर्थ लेख्न,

(ख) पाठमा प्रयोग भएका कठिन शब्दहरूको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न ।

२. शैक्षिक सामग्री

शब्दार्थ पत्ती, वाक्यपत्ती, फलाटिन पाटी गोजी तालिका ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम कविताको सस्वरवाचन गराउनुहोस् ।

(ख) सस्वरवाचनपछि विद्यार्थीहरूलाई मौनवाचन गर्न निर्देशन गरी कठिन शब्दहरूको टिपोट गर्न लगाउनुहोस् ।

(ग) गोजी तालिकमा कठिन शब्द र अर्थको जोडी मिलाएर पटकपटक उच्चारण गर्न लगाउनुहोस् ।

(घ) वाक्यपत्तीहरू देखाएर विद्यार्थीहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् ।

(ङ) विद्यार्थीले बनाएका वाक्यहरू ठीक भए नभएको परीक्षण गर्नुहोस् । गल्ती गरेका ठाउँमा सच्चाइदिनुहोस् । राम्रो वाक्य बनाउने विद्यार्थीलाई स्याबासी दिन नबिर्सनुहोस् ।

(च) विद्यार्थीहरूसँग असल सहयोगीको रूपमा प्रस्तुत हुनुहोस् । गाली गर्ने, हतोत्साहन गर्ने काम कहिल्यै नगर्नुहोस् ।

(छ) शब्दको अर्थ बताउँदा पर्यायवाची शब्द, विपरीतार्थक शब्द, अनेकार्थक शब्द आदिका आधारमा शब्द र अर्थबारेको शिक्षण गर्नुहोस् ।

(ज) त्यस्तै ठोस वस्तु, अभिनय, वातावरणको प्रदर्शन, चित्र, विभिन्न किसिमका प्रश्नहरूको उपयोग गरी शब्दार्थ शिक्षण गर्नुहोस् ।

४. मूल्याङ्कन

(क) अभ्यास ५ मा भएका शब्दार्थहरू पालैपालो विद्यार्थीहरूलाई सोध्नुहोस् । पाठका कठिन शब्दहरूको अर्थ लेखेर जोडा मिलाउन लगाउनुहोस् । वाक्यमा प्रयोग गर्न शब्द छानेर गोजी तालिकामा राखेर पालैपालो वाक्यमा प्रयोग गराउनुहोस् ।

५. गृहकार्य

पाठको अभ्यास ५ र १० गरेर ल्याउने निर्देशन दिनुहोस् ।

पाठ्यवस्तु : भावबोध र प्रश्नोत्तर घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'गाउँछ गीत नेपाली' कविताको मौनवाचन गरी भावबोध गर्न र पाठको अन्त्यमा प्रश्नोत्तर गर्न,

(ख) 'गाउँछ गीत नेपाली' कविताको भावार्थ लेख्न ।

२. शैक्षिक सामग्री

कविताको भावार्थ लेखिएको नमुना, फलाटिन पाटी, नेपालको नक्सा, नेपाली राष्ट्रिय झन्डा

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम विद्यार्थीहरूलाई कविताको मौनवाचन गर्न निर्देशन गर्नुहोस् ।

(ख) मौनवाचनपछि कविताका प्रत्येक पङ्क्ति, पङ्क्तिको भावबारे छलफल गराउनुहोस् ।

(ग) पहिले विद्यार्थीहरूले भनेका कुराहरू पाटीमा टिप्दै जानुहोस् ।

(घ) विद्यार्थीहरूको उत्तरमा आफूले आवश्यक थपघट गरेर नमुना उत्तर तयार गर्नुहोस् ।

(ङ) विद्यार्थीहरूलाई निरन्तर प्रोत्साहन गर्न नबिर्सनुहोस् ।

(च) नेपालको नक्सा देखाएर नेपालको पहिलेको सिमाना र अहिलेको अवस्थाका बारेमा छलफल गराउनुहोस् ।

(छ) प्रत्येक चार चार हरफको भावार्थ लेखिसकेपछि पुरै कविताको भावार्थ लेख्न प्रोत्साहित गर्नुहोस् र कविताका सन्दर्भमा विभिन्न सोधी उत्तर भन्न लगाउनुहोस् ।

४. मूल्याङ्कन

(क) विद्यार्थीहरूलाई विभिन्न पङ्क्तिको भावार्थ सोध्नुहोस् । स्पष्ट उत्तर नआए आफैँले उत्तर प्रस्ट पारिदिनुहोस् ।

५. गृहकार्य

भावार्थ लेखेर ल्याउन निर्देशन दिनुहोस् :

बाचौँला हामी नेपालमा चन्द्र र सूर्य ध्वजा ली
नाचौँला हामी हिमालमा ज्योतिको पङ्ख उचाली ।

पाठ्यवस्तु : व्याख्या घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

'गाउँछ गीत नेपाली' कविताको विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न ।

२. **शैक्षिक सामग्री**

व्याख्याका नमुना, फलाटिन पाटी, नेपालको नक्सा ।

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम व्याख्या भनेको सम्बन्धित पङ्क्ति वा वाक्यको भाव बढाएर लेख्ने काम हो भनेर छलफल गराउनुहोस् ।

(ख) विद्यार्थीहरूलाई प्रत्येक हरफ बढाएर लेख्न प्रोत्साहन र छलफल गराउनुहोस् ।

(ग) निर्धारित पङ्क्तिका बारेमा विद्यार्थीले बुझेका कुरा क्रमशः भन्न र लेख्न लगाउनुहोस् ।

(घ) विद्यार्थीहरूबाट आएको निष्कर्षलाई आवश्यक परिमार्जन गरेर व्याख्याको नमुना तयार गरेर विद्यार्थीहरूबीच छलफल गराउनुहोस् ।

(ङ) यसपछि कक्षा कार्यका रूपमा व्याख्या गर्न विद्यार्थीहरूलाई भन्नुहोस्, त्यसका लागि तपाईंले उनीहरूलाई मद्दत गर्नुहोस् ।

४. **मूल्याङ्कन**

कविताको पाँचौँ र छैटौँ हरफको व्याख्या गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

व्याख्या गर्न लगाउनुहोस् ।

(क) हामीले हिमाल उठायौँ एसियाको माझमा
सभ्यता बास बसेथ्यो आएर यही साँझमा ।

पाठ्यवस्तु : व्याकरण घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

सर्वनाम र विशेषणको पहिचान तथा सही प्रयोग गर्न ।

२. शैक्षिक सामग्री

शब्दपत्ती, वाक्यपत्ती, शब्दार्थ पत्ती, फलाटिन पाटी ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) विद्यार्थीहरूलाई नाम, सर्वनाम तथा विशेषण शब्दहरू पहिचान गर्न सर्वप्रथम कविता मौनवाचन गराउनुहोस् ।

(ख) नाम, सर्वनाम र विशेषणका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् ।

(ग) नेपालको नेपाली, पाल्पाबाट पाल्पाली जस्तै नामबाट विशेषण बनाउने अभ्यास गराउनुहोस् ।

(घ) वाक्यमा प्रयोग गर्ने अभ्यास पटकपटक गराउनुहोस् ।

(ङ) नाम, सर्वनाम तथा विशेषणको तालिका बनाउनुहोस् र त्यो तालिकामा निर्देशनअनुसार शब्द लेखन निर्देशन दिनुहोस् ।

४. मूल्याङ्कन

तल दिइएका शब्दहरूलाई विशेषण बनाउन लगाउनुहोस् :

झापा, डोल्पा, गोरखा, स्याङ्जा, हिमाल, रोल्पा ।

५. गृहकार्य

तलका शब्दहरूको रूप परिवर्तन गरेर विशेषण बनाएर ल्याउन निर्देशन दिनुहोस् :

दोलखा, प्युठान, भक्तपुर, मोरङ, जुम्ला

## पाठ्यवस्तु : सिर्जनात्मक अभ्यास घन्टी : २

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

'गाउँछ गीत नेपाली' कविताकै लयमा कम्तीमा ६ हरफ कविता लेख्न ।

२. **शैक्षिक सामग्री**

झयाउरे लयका विभिन्न कविताहरू फलाटिन पाटी ।

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम विद्यार्थीहरूबीच कविता लेखनसम्बन्धी आवश्यक छलफल गराउनुहोस् ।

(ख) एक हरफ कविता कालोपाटीमा लेखिदिनुहोस् । विद्यार्थीहरूलाई त्यसै लयमा मिल्दो एक लाइन भन्न लगाउनुहोस् ।

(ग) विद्यार्थीहरूलाई पटकपटक अभ्यास गराउनुहोस् । विद्यार्थीहरूलाई प्रोत्साहन गर्न सबै कविता कक्षामा सुनाउन लगाउनुहोस् । आवश्यक पृष्ठपोषण र परिमार्जन गरिदिनुहोस् ।

(घ) पङ्क्ति पूरा गर्न लगाएर कविता लेख्न लगाउनुहोस् । बुँदा दिएर त्यसका आधारमा कविता रचना गर्न सिकाउनुहोस् । अनुप्रास मिलेका शब्दका आधारमा कविता सिकाउनुहोस् । कुनै चित्र, ठोस वस्तु तथा वातावरणका आधारका कविता लेख्न निर्देशन दिनुहोस् ।

४. **मूल्याङ्कन**

तलको कविता पूरा गर्न लगाउनुहोस् :

उठ न अब नेपाली पूर्वमा लाली छाएछ ।

...........................................

...........................................

नाचौँ न सँगै मिलेर कोइलीले गीत गाएछ ।

५. **गृहकार्य**

तलको जस्तै कविता पूरा गरेर ल्याउन निर्देशन दिनुहोस् :

फुटेर होइन जुटेर अगाडि बढ नेपाली

...............................................

...............................................

...............................................

पाठ : २

# धनको घमन्ड

अनुमानित घन्टी : १५

| पाठ्यवस्तु | | घन्टी |
|---|---|---|
| १. | सस्वरवाचन र शुद्धोच्चारण | ३ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | २ |
| ३. | बोध प्रश्नोत्तर | ३ |
| ४. | सारांश र व्याख्या | ३ |
| ५. | व्याकरण | २ |
| ६. | सिर्जनात्मक अभ्यास | २ |

## पाठ्यवस्तु सस्वरवाचन र शुद्धोचरण घन्टी : ३

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) गति, यति मिलाई 'धनको घमन्ड' कथाका निर्दिष्ट कथाका अनुच्छेदहरू सस्वरवाचन गर्न,

(ख) पाठमा प्रयोग भएका शब्दहरू शुद्ध र स्पष्ट उच्चारण गर्न ।

२. **शैक्षिक सामग्री**

नयाँ शब्दहरूको सूची, शब्दपत्ती, गोजी तालिका, फ्लाटिन पाटी

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) प्रस्तुत कथासँग मिल्दो कुनै कथा वा प्रसङ्ग सुनाउँदै विद्यार्थीहरूलाई उत्प्रेरित गर्नुहोस् ।

(ख) तत्पश्चात प्रस्तुत कथाका निर्धारित अनुच्छेद गति र यति मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गराउनुहोस् ।

(ग) सस्वरवाचन गराउँदा कमजोर र पछाडि परेका विद्यार्थीमा विशेष ध्यान पुऱ्याउनुहोस् र आवश्यकताअनुसार सबै विद्यार्थीलाई सस्वरवाचनको अभ्यास गराउनुहोस् ।

(घ) पाठमा प्रयुक्त नयाँ शब्दहरूको उच्चारण अभ्यास गराउनुहोस् । नयाँ शब्दहरूका सूची फलाटिन पाटीमा प्रस्तुत गर्नुहोस् । उच्चारणमा कठिन हुने शब्दहरू पालैपालो उच्चारण गरिदिई विद्यार्थीलाई पनि उच्चारण गर्न लगाउनुहोस् । जस्तै :

देउता, सम्पत्ति, खाँचो, बिस्तारै, घमन्ड, चाहिँ, तोडौँ, आयोजना, बलवान्, ऋषि, ठाँटबाँट, दङ्ग, भुँडी, सम्मान, भण्डार, प्रतिज्ञा, हंस आदि ।

(ङ) विद्यार्थीहरूलाई सस्वरवाचन क्रियाकलाप गराउँदा विभिन्न मातृभाषाका विद्यार्थीहरूका कठिनाइलाई दृष्टिगत गरी आवश्यकताअनुसार सम्बन्धित मातृभाषाका शब्दको प्रयोग गरी अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) प्रस्तुत कथाका निर्धारित अनुच्छेद विद्यार्थीलाई सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) पाठका नयाँ शब्दहरू शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

५. गृहकार्य

(क) प्रस्तुत कथा घरमा सस्वरवाचन गर्न सिकेर आउन भन्नुहोस् ।

(ख) कथामा प्रयुक्त नयाँ शब्दहरूको शुद्ध उच्चारण गर्न सिकेर आउन निर्देश गर्नुहोस् ।

**पाठ्यवस्तु :** **शब्दार्थ र वाक्यमा प्रयोग** **घन्टी : २**

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्यमा सक्षम हुने छन् :

(क) कथामा प्रयुक्त नयाँ शब्दहरूको अर्थ भन्न,

(ख) नयाँ शब्दहरूलाई आफ्नै वाक्यमा प्रयोग गर्न,

(ग) अशुद्ध शब्दलाई शुद्ध बनाएर सार्न ।

२. **शैक्षिक सामग्री**

शब्दार्थ पत्ती, शब्दपत्ती, वाक्यपत्ती, शब्दकोश, गोजी तालिका, फलाटिन पाटी आदि ।

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) कथाका निर्धारित अनुच्छेदहरू मौनवाचन गर्न लगाउनुहोस् । विद्यार्थीले अर्थ नजानेका नयाँ र कठिन शब्दहरू रेखाङ्कन गर्न वा टिप्न लगाउनुहोस् । ती रेखाङ्कित शब्दहरूको अर्थ पाठमै दिइएको भए त्यहीँ हेर्न निर्देशन गर्नुहोस् र पाठमा नभएमा आफूले अर्थ बताइदिनुहोस् ।

(ख) विद्यार्थीलाई नयाँ शब्दहरू भन्न लगाउनुहोस् र ती शब्दहरू कालोपाटीमा टिप्दै जानुहोस् । नयाँ शब्दहरूको अर्थ विद्यार्थीलाई पालैपालो सोध्दै जानुहोस् । विद्यार्थीलाई ठीक अर्थ नआएमा शब्दार्थपत्ती र शब्दार्थ शिक्षणका विभिन्न तरिकाहरू प्रयोग गरी अर्थ बताइदिनुहोस् । जस्तै : शब्दखेल, शब्द जोडी मिलाउने क्रियाकलाप, शब्द र अर्थपत्तीको प्रयोग आदि ।

(ग) शब्दार्थ शिक्षणमा शब्दकोशको उपयोग महत्त्वपूर्ण हुने बताउँदै शब्दकोश हेर्ने तरिका विद्यार्थीलाई क्रमश: अभ्यास गराउनुहोस् र आवश्यक परेमा शब्दकोशको प्रयोग गर्ने तरिका आफैँले देखाएर शब्द र अर्थ पत्ता लगाउने अभ्यास गराउनुहोस् ।

(घ) निर्धारित अनुच्छेदहरूको शब्दार्थ शिक्षण गराइसकेपछि ती शब्दहरूलाई आफ्नै वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । यसका लागि पहिल्यै बनाई ल्याएका वाक्यपत्तीको आवश्यकताअनुसार प्रयोग गर्नुहोस् ।

(ङ) शब्दलाई उपयुक्त ढङ्गले वाक्यमा प्रयोग गर्न नजानेमा विभिन्न सन्दर्भ वा वाक्यमा प्रयोग गरेर अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न सिकाउनुहोस् ।

(च) विभिन्न अशुद्ध शब्द दिएर शुद्ध रूप लेख्न लगाउनुहोस् । यसका लागि अभ्यास ३ का शब्द प्रयोग गर्न सकिन्छ ।

४. **मूल्याङ्कन**

(क) कक्षामा विद्यार्थीलाई पालैपालो प्रस्तुत कथाका शब्दको अर्थ सोध्नुहोस् ।

(ख) विद्यार्थीलाई पाठका शब्दहरू दिई आफ्नै वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ग) अशुद्ध शब्द दिई शुद्ध रूप लेख्न लगाउनुहोस् ।

५. **गृहकार्य**

(क) अभ्यास ३, ४ र ७ गरेर ल्याउन निर्देश गर्नुहोस् ।

## पाठ्यवस्तु : बोध प्रश्नोत्तर घन्टी : ३

**१. उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) प्रस्तुत कथाका निर्धारित अनुच्छेदहरूको बोध गरी सोधिएका प्रश्नहरूको उत्तर दिन,

(ख) पाठका अभ्यास खण्डमा सोधिएका प्रश्नहरूको उत्तर दिन ।

**२. शैक्षिक सामग्री**

बोध प्रश्नहरू, नमुना उत्तरका सूची

**३. शिक्षणसिकाइ क्रियाकलाप**

(क) कथाका निर्धारित अनुच्छेदहरू मौनवाचन गर्न लगाउनुहोस् ।

(ख) मौनवाचन सकिएपछि निर्धारित अनुच्छेदहरूबाट आफूले पहिले नै तयार पारेर ल्याएका प्रश्नहरू कालोपाटी वा फलाटिन पाटीमा प्रस्तुत गरी विद्यार्थीलाई उत्तर दिन लगाउनुहोस् ।

(ग) विद्यार्थीबाट आएका मौखिक उत्तर ठीक भए ठीक भएको सङ्केत गर्नुहोस् र कुनै विद्यार्थीले ठीक उत्तर नदिएमा अन्य विद्यार्थीलाई पनि सोधेर विद्यार्थीबाटै सही उत्तरको खोजी गर्नुहोस् । विद्यार्थीहरूबाट कुनै किसिमले ठीक उत्तर नआएमा आवश्यक पृष्ठपोषणसहित उत्तर बताइदिनुहोस् ।

(घ) विद्यार्थीहरूलाई निर्दिष्ट अनुच्छेद दिई समूहगत रूपमा एक समूहले प्रश्न बनाई अर्को समूहलाई सोध्न लगाउने, प्रश्न ठीक भए नभएको एकापसमा छलफल गराउने गर्नुहोस् । प्रस्तुत पाठको अभ्यास खण्डमा सोधिएका प्रश्नहरूको उत्तर दिन लगाउनुहोस् र सकभर सही उत्तर विद्यार्थीबाट नै खोज्नुहोस् । उपयुक्त उत्तर नआएमा मात्र आफैँले बताइदिनुहोस् ।

(ङ) प्रस्तत कथा पठनसँगै विद्यार्थीको स्तरअनुकूलका अन्य कथा पढ्न दिनई तिनको कथासार भन्न लगाउनुहोस् ।

**४. मूल्याङ्कन**

(क) विद्यार्थीलाई पाठका निर्धारित अनुच्छेदबाट बोध प्रश्नहरू सोधी उत्तर दिन लगाउनुहोस् ।

(ख) कथाका पाठ्यवस्तुसम्बन्धी प्रश्न सोधी छलफल गराएर उत्तर दिन लगाउनुहोस् ।

(ग) पाठका अभ्यास खण्डका निर्धारित प्रश्नहरूको उत्तर दिन लगाई अभ्यास गराउनुहोस् ।

**५. गृहकार्य**

अभ्यास ५ र ९ का प्रश्नका उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) कथाका विशिष्ट पङ्क्तिहरूको सामान्य भाव लेख्न,

(ख) छोटा अनुच्छेदको सारांश लेख्न ।

२. शैक्षिक सामग्री

विशिष्ट पङ्क्तिहरू, सारांशका नमुनाहरू, फलाटिन पाटी आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) प्रस्तुत कथाबाट विशिष्ट अंश वा पङ्क्ति छानेर त्यसको भाव व्याख्याका लागि पाठका मुख्य बुँदा वा पाठ्यवस्तुका बारेमा कक्षामा छलफल गर्नुहोस् । जस्तै :

- कुबेर घमन्ड नगर्ने प्रतिज्ञा गरी त्यहाँबाट फर्के ।
- प्रभु मैले बिराएँ, मेरो ज्यान बचाउनुहोस् ।
- यिनले मेरो अपमान गरे त्यसैले यिनलाई लखेटेको हुँ ।

(ख) कुनै एक पङ्क्तिको नमुना व्याख्या गर्न लगाउनुहोस् । भाव व्याख्या गराउँदा कक्षाका सबै विद्यार्थीलाई सम्बन्धित पङ्क्तिबाट आफूले बुझेका एकएक कुरा भन्न लगाउनुहोस् । विशिष्ट पङ्क्ति छान्न विद्यार्थीलाई नै लगाउनुहोस् ।

(ग) विद्यार्थीले तयार पारेको व्याख्या कक्षामा प्रस्तुत गर्न लगाई शिक्षकले समेत आवश्यक बुँदा थप्न र अनावश्यक बुँदा झिक्न लगाई भाव व्याख्याको अभ्यास गराउनुहोस् । व्याख्या गराउँदा विद्यार्थीको स्तरअनुसार सरल रूपमा भाव व्याख्या गर्ने उदाहरण दिएर स्पष्ट पारिदिनुहोस् ।

(घ) पाठका कुनै छोटो अनुच्छेद वा दुई तीन वाक्य दिएर त्यसलाई छोटोमा लेख्ने तरिकाका रूपमा सारांश लेखनको अभ्यास गराउनुहोस् । जस्तै :

- कुवेरले मलाई निम्तो दिएर पेटभरि खान दिएनन् । यिनले मेरो अपमान गरे । त्यसैले यिनलाई लखेटेको हुँ ।

सारांश : निम्तो दिएर पनि पटेभरि खान नदिई अपमान गरेकाले उनलाई मैले लखेटेको हुँ । आदि

४. मूल्याङ्कन

१. पाठका विशिष्ट पङ्क्ति दिई भाव व्याख्या गर्न लगाउनुहोस् ।

२. वाक्यहरू दिएर तिनको सारांश लेख्न लगाउनुहोस् ।

५. गृहकार्य

१. पाठको अभ्यास १० गरेर ल्याउन निर्देशन दिनुहोस् ।

२. कथाबाट केही वाक्यहरू दिएर तिनको सारांश लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) दिइएका शब्दहरूको क्रम मिलाउन,

(ख) दिइएको उदाहरणका आधारमा वाक्य बदल्न ।

२. **शैक्षिक सामग्री**

वाक्य नमिलेका शब्दहरूको सूची, वाक्यमा शब्दहरूको क्रम बिगारेका वाक्यका सूची, शुद्ध वाक्य सूची, वाक्य बदलेका उदाहरणका वाक्य पत्तीहरू

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई पाठबाट विभिन्न वाक्य पढ्न लगाई अर्को विद्यार्थीलाई कालो पाटीमा लेख्न लगाउनुहोस् ।

(ख) उक्त वाक्यलाई शब्दको क्रम बिगारेर यताउति पारी शिक्षकले वाक्यको क्रम नमिलेको वाक्यको रूप तयार पारिदिनुहोस् ।

(ग) उक्त क्रम नमिलेको वाक्यबाट शब्दहरूको क्रम मिलेको शुद्ध वाक्य तयार पार्न लगाउनुहोस् ।

(घ) पहिल्यै तयार पारेर ल्याएका शब्दको क्रम नमिलेका वाक्यहरू दिएर तिनलाई क्रम मिलाएर लेख्न वा भन्न लगाउनुहोस् । एक विद्यार्थीले सही रूपमा भन्न वा लेख्न नसके अरू विद्यार्थीहरूसँग छलफल गरी सही उत्तर पत्ता लगाउन लगाउनुहोस् र विद्यार्थीले नसकेमा मात्र शिक्षकले उत्तर बताइदिनुहोस् ।

(ङ) शिक्षकले वाक्य परिवर्तन गर्ने एउटा उदाहरण कालो पाटीमा गरेर देखाइदिनुहोस् । त्यसपछि त्यस्तै अन्य वाक्य दिएर उदाहरणमा झैँ वाक्य परिवर्तन गर्न लगाउनुहोस् ।

जस्तै : कुबेरले मदत गरे ।
कुवेर मदत गर्छन् ।

(च) विभिन्न वाक्यहरू दिएर एउटा बितेको समय जनाउने वाक्यलाई अहिलेको समय (वर्तमान) जनाउने वाक्यमा बदल्न लगाउनुहोस् । आवश्यकताअनुसार विद्यार्थीको रुचि, क्षमता, पछौटेपन आदिका आधारमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. **मूल्याङ्कन**

१. क्रम नमिलेका शब्द भएका वाक्यहरू दिएर क्रम मिलेका वाक्य तयार गर्न लगाउनुहोस् ।

२. बितेको समय जनाउने सरल वाक्य दिई वर्तमान समय जनाउने वाक्यमा परिवर्तन गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

अभ्यास ८ र ११ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) आफूले पढेका, सुनेका र जानेका कथा भन्न,

(ख) बुँदाका आधारमा छोटो कथा लेख्न ।

२. शैक्षिक सामग्री

छोटा बुँदाको सूची

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) शिक्षकले विद्यार्थीहरूलाई आफूले जाने सुनेका वा पढेका कथा भन्न लागाउनुहोस् ।

(ख) विद्यार्थीले भनेका कथाका विषयवस्तुलाई विभिन्न प्रश्न गरी छलफल गराउनुहोस् । जस्तै :

- तिमी ... कथाको पात्र भएको भए के गर्थ्यौ ?
- कथामा ... भएको भए के हुन्थ्यो होला ?
- यो कथाबाट के शिक्षा पायौ ? आदि

(ग) बिभिन्न बुँदा दिई कथाको रूप तयार गर्न लगाउनुहोस् ।

जस्तै :

एक जना व्यापारीले बाँदर पालेको ........ बाँदरले व्यापारीको सेवा गर्ने गरेको ....... एक दिन व्यापारी सुतेको ..... बाँदर पङ्खा हम्कने काम गर्दै गरेको ....... व्यापारीको नाकमा झिँगा बसेको ..... बाँदरले झिँगा धपाएको ..... धेरै पटक धपाउँदा पनि झिँगा नउडेको ..... बाँदर लाई रिस उठेको ..... बाँदरले नजिकैको हँसिया लिएर झिँगालाई हानेको ..... झिँगा उडेको ....... हँसियाले व्यापारीको नाक काटेको ।

(घ) विद्यार्थीलाई विभिन्न बुँदा दिई कथा लेख्न लगाएर सिर्जनात्मक क्षमताको विकास गर्न सहयोग पुऱ्याउनुहोस् ।

४. मूल्याङ्कन

विभिन्न बुँदा दिई कथा तयार पार्न लागाउनुहोस् ।

५. गृहकार्य

आफ्ना दाजु दिदी वा बुबा आमासँग कुनै एक कथा सोधेर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

पाठ : ३

# बचत गर्ने बानी

अनुमानित घन्टी : १४

| पाठ्यवस्तु | घन्टी |
|---|---|
| १. सस्वरवाचन र शुद्धोच्चारण | ३ |
| २. शब्दार्थ र वाक्यमा प्रयोग | ३ |
| ३. प्रश्नोत्तर र पठनबोध | ३ |
| ४. व्याकरण | २ |
| ५. सिर्जनात्मक अभ्यास | ३ |

## पाठ्यवस्तु : सस्वरवाचन र शुद्धोच्चारण घन्टी - ३

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) गति, यति मिलाई 'बचत गर्ने बानी निबन्ध'का निर्दिष्ट अनुच्छेदहरू सस्वरवाचन गर्न,

(ख) पाठमा प्रयोग भएका शब्दहरू शुद्ध र स्पष्ट उच्चारण गर्न ।

२. **शैक्षिक सामग्री**

वाक्यपत्ती, शब्दपत्ती, शब्दार्थ पत्ती , गोजी तालिका, फलाटिन पाटी ।

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम पाठको सस्वरवाचन गर्न प्रोत्साहित गर्नुहोस् ।

(ख) आफूले नमुना वाचन गरेर सबै विद्यार्थीहरूलाई आफूसँगै वाचन गर्न निर्देशन दिनुहोस् ।

(ग) विद्यार्थीहरूलाई विभिन्न समूह बनाई प्रत्येक समूहलाई सस्वरवाचन गर्न निर्देशन दिनुहोस् । सस्वर वाचनका क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्द ख्याल गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले उच्चारण गर्न नसकेका शब्द टिप्न वा रेखाङ्कन गर्न लगाउनुहोस् ।

(घ) पाठबाट विद्यार्थीहरूलाई नयाँ शब्दहरू छान्न लगाउनुहोस् ।

(ङ) विद्यार्थीहरूले छानेका शब्दहरू टिपेर गोजी तालिकामा सबैले देख्ने गरी राख्नुहोस् । पहिले आफैं उच्चारण गरेर सबैलाई सुनाउनुहोस् । त्यसपछि विद्यार्थीहरूलाई पालैपालो उच्चारण अभ्यास गराउनुहोस् ।

(च) विद्यार्थीहरूले शुद्ध उच्चारण गर्न नसके पटकपटक आफैँले उच्चारण गरिदिएर विद्यार्थीहरूलाई अभ्यस्त बनाउनुहोस् ।

(छ) विद्यार्थीहरूबाटै अनुवाचन गर्न लगाउनुहोस् ताकि विद्यार्थीहरूलाई पढ्न उत्साह बढोस् ।

४. मूल्याङ्कन

(क) पाठका विभिन्न अनुच्छेद फरकफरक समूहलाई सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) पाठबाट विभिन्न शब्द टिपोट गरेर गोजी तालिकामा राख्नुहोस् र विद्यार्थीहरूलाई शुद्धोच्चारण गर्न लगाउनुहोस् ।

५. गृहकार्य

(क) पाठको दोस्रो, पाँचौं र अन्तिम अनुच्छेद सस्वरवाचन गर्ने अभ्यास गरेर आउन निर्देशन दिनुहोस् ।

(ख) निम्नलिखित शब्दहरूको शुद्धोच्चारण गर्न सक्ने भएर आउन निर्देशन दिनुहोस् :

अशक्त, मान्यजन, दीर्घायु, सद्भाव, ऋण, ऊर्जा, बिल्लीबाठ, श्रद्धा

१. उद्देश्य

यसपाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयोग भएका नयाँ शब्दहरूको अर्थ लेखन,

(ख) विभिन्न शब्दहरूको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न ।

२. शैक्षिक सामग्री

शब्दार्थपत्ती, वाक्यपत्ती, गोजी तालिका, फलाटिन पाटी ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) पाठको सस्वरवाचन गराउनुहोस् । सस्वरवाचनका क्रममा विद्यार्थीले राम्रोसँग उच्चारण गर्न नजानेका शब्द ख्याल गरी उच्चारण अभ्यास गराउनुहोस् र अर्थ नजानेका शब्द टिप्न लगाउनुहोस् ।

(ख) पाठको मौनवाचन गर्न निर्देशन गरी नयाँ शब्दहरू टिपोट गर्न लगाउनुहोस् ।

(ग) शब्दार्थ पत्ती र गोजी तालिकाका सहायताले विद्यार्थीहरूलाई नयाँ शब्दको अर्थ खोज्न लगाउनुहोस् । पुस्तकमै अर्थ दिइएको भए त्यहीँ अर्थ हेर्न लगाउनुहोस् । शब्दार्थ पत्तीमा नपरेका शब्दको अर्थ बताइदिनुहोस् ।

(घ) केही विद्यार्थीहरूलाई अगाडि ल्याएर शब्दको अर्थ छानेर गोजी तालिकामा राख्न लगाउनुहोस् । ठीकसँग अर्थ चिन्ने विद्यार्थीलाई स्याबासी दिन नबिर्सनुहोस् ।

(ङ) शब्दार्थ शिक्षण गर्दा कक्षाकोठाबाहिर विभिन्न खेल खेलाएर शब्दार्थ सिकाउन सकिन्छ । शब्दार्थ दौड, जोडी मिलाउने, समूह बनाउने आदि क्रियाकलाप गराएर शब्दार्थ सिकाउनुहोस् ।

(च) विद्यार्थीहरूलाई शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीलाई समस्या परेका समयमा आफूले सहयोगीको भूमिका निर्वाह गर्नुहोस् ।

४. मूल्याङ्कन

निम्नलिखित शब्दहरूको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

बचत, अशक्त, श्रद्धा, ल्होसार, क्रिसमस, पुस्तकालय, ऊर्जा, बिल्लीबाठ

५. गृहकार्य

तलका शब्दहरूको अर्थ लेखी वाक्यमा प्रयोग गरेर ल्याउन निर्देशन दिनुहोस् :

दीर्घायु, मान्यजन, ऋण, परिश्रम, व्रतबन्ध

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) सस्वरवाचन र मौनवाचनपछि पाठका महत्त्वपूर्ण बुँदाहरू टिपोट गर्न,

(ख) पाठमा भएका प्रश्नहरूको सरल र सहज तरिकाले उत्तर लेख्न ।

२. शैक्षिक सामग्री

पाठका विभिन्न बुँदाको सूची, प्रश्नोत्तरका नमुना ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) विद्यार्थीहरूलाई मौनवाचन गराई पाठका प्रत्येक अनुच्छेदबाट आफूलाई मुख्य लागेका कुरा छानेर टिपोट गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीहरूले टिपोट गरेका बुँदाहरूका सहायताले विभिन्न प्रश्नहरूको उत्तर लेख्न अभ्यास गराउनुहोस् ।

(ग) विद्यार्थीहरूलाई विभिन्न प्रश्नहरू सोधी उत्तर भन्न प्रेरित गर्नुहोस् । विद्यार्थीले सही उत्तर दिन नसके आफैँले उत्तर भनि दिनुहोस् ।

विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी प्रश्नोत्तरसम्बन्धी आवश्यक छलफल गराउनुहोस् । यसो गर्दा एक समूहलाई प्रश्न निर्माण गर्न, अर्को समूहलाई त्यसको उत्तर भन्न र तेस्रो समूहलाई उत्तर ठीक भए नभएको छुट्याउन लगाउनुहोस् ।

(ङ) विद्यार्थीहरूले समूहमा तयार पारेको उत्तर सबैले सुन्ने गरी सुनाउन लगाउनुहोस् । आवश्यक सुधार गर्नुपर्ने भए निरन्तर सुधारिदिनुहोस् ।

(च) पाठको पटकपटक मौनवाचन गराई पठनबोध गरेर बुँदा टिपोट गर्न लगाउनुहोस् ।

४. मूल्याङ्कन

(क) विभिन्न अनुच्छेद पढ्न लगाई त्यसबाट बुँदा टिपोट गर्न लगाउनुहोस् ।

(ख) पाठका आधारमा विभिन्न सङ्क्षिप्त प्रश्नहरू सोध्नुहोस् ।

५. गृहकार्य

पाठको अभ्यास ५ र ६ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) करण क्रियालाई अकरणमा परिवर्तन गर्न ।

३. **शिक्षणसिकाइ क्रियाकलाप**

करण अकरण शब्दहरूको सूची, शब्दपत्ती, वाक्यपत्ती

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई पाठ राम्रोसँग पढेर हो भन्ने अर्थ बुझाउने र होइन भन्ने अर्थ बुझाउने शब्द छुट्टाछुट्टै टिपोट गर्न लगाउनुहोस् ।

(ख) यिनै शब्दहरूबाट सकारात्मक अर्थ बुझाउने क्रियालाई करण र नकारात्मक अर्थ बुझाउने क्रियालाई अकरण भनिने धारणा दिनुहोस् र करण क्रियामा 'न' थपेर अकरण बनाउन सिकाउनुहोस् । जस्तै :

| करण | अकरण |
|---|---|
| खान्छ | खाँदैन (अन्त्यमा 'न' थपिएको) |
| भयो | भएन (अन्त्यमा 'न' थपिएको) |
| होला | नहोला (सुरुमा 'न' थपिएको) |
| जान्थ्यो | जाँदैनथ्यो (बीचमा नं.थपिएको) |

(ग) विद्यार्थीलाई पाठ्यपुस्तकबाट करण र अकरण जनाउने वाक्य छान्न लगाउनुहोस् र स्वतन्त्र रूपमा करण र अकरण जनाउने वाक्य लेख्ने अभ्यास गराउनुहोस् ।

(घ) पाठको १० नं. अभ्यास जस्ता अन्य अभ्यास बनाएर वैयक्तिक वा सामूहिक रूपमा अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

तलका शब्दहरूलाई नकारात्मक अर्थ दिने शब्द बनाउन लगाउनुहोस् :

पढ्छ, गर्छ, खान्छ, जान्छ, लेख्छे, नाच्छे, हाँस्छे, उफ्रन्छ, दगुर्छ

५. **गृहकार्य**

अभ्यास १० गरेर ल्याउन निर्देशन दिनुहोस् ।

5346



१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) दिइएका बुँदाका आधारमा निबन्ध लेख्न,

(ख) पाठको अभ्यास ११ र १२ का सिर्जनात्मक प्रश्नोत्तर गर्न ।

२. शैक्षिक सामग्री

विभिन्न शीर्षकमा लेखिएका सरल निबन्धहरू, निबन्ध लेखनका लागि बुँदाहरू

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) विद्यार्थीहरूलाई कुनै निबन्ध लेखनका लागि जाने सुनेको शीर्षक छान्न लगाउनुहोस् ।

(ख) विद्यार्थीले छानेको शीर्षकमा त्यसको महत्त्व, फाइदा, बेफाइदासम्बन्धी छलफल गरेर छलफलबाट प्राप्त बुँदाहरू शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

(ग) निबन्धका आदि, मध्य र अन्त्य खण्डको चर्चा गर्दै विषयवस्तुको परिचयका बुँदा अगाडि राख्न निर्देशन गर्नुहोस् । त्यसपछि त्यसको महत्त्व, फाइदा, बेफाइदा क्रमश: राखेर अन्तिममा निष्कर्ष लेख्न लगाउनुहोस् ।

(घ) विद्यार्थीले तयार पारेका निबन्धमध्ये उत्कृष्ट निबन्ध कक्षामा पढेर सुनाउन लगाउनुहोस् ।

(ङ) सबै विद्यार्थीले तयार पोरको निवन्धमा आवश्यक थपघट गरी सबैलाई केही न केही भन्न/ लेख्न प्रोत्साहित गर्नुहोस् ।

(च) विद्यार्थीहरूलाई अरू विभिन्न शीर्षक दिएर पटकपटक अभ्यास गराउनुहोस् ।

(छ) आफूले महत्त्वपूर्ण बुँदाहरू लेखिदिएर बाँकी विद्यार्थीहरूलाई पूरा गर्न लगाउनुहोस् ।

(ज) उत्कृष्ट ठहरिएका निबन्धहरू कक्षाकोठामा टाँसिदिनुहोस् ।

४. मूल्याङ्कन

(क) बुँदाहरू दिएर फूलबारी शीर्षकमा छोटो निबन्ध लेखन निर्देशन दिनुहोस् ।

(ख) अभ्यास ११ र १२ गर्न आवश्यक पर्ने बुँदाहरू भन्न लगाउनुहोस् ।

५. गृहकार्य

पाठको अभ्यास ११ र १२ का उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

पाठ : ४

# लक्ष्य

अनुमानित घन्टी : १२

| पाठ्यवस्तु | घन्टी |
|---|---|
| १. लयवाचन | १ |
| २. शुद्धोच्चारण | १ |
| ३. शब्दार्थ र वाक्यमा प्रयोग | २ |
| ४. भावबोध र प्रश्नोत्तर | २ |
| ५. व्याख्या | २ |
| ६. व्याकरण | २ |
| ७. सिर्जनात्मक अभ्यास | २ |

**पाठ्यवस्तु : लयवाचन** **घन्टी - १**

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) 'लक्ष्य' कविताको लय पहिचान गर्न,

(ख) 'लक्ष्य' कविता गति, यति र लय मिलाएर वाचन गर्न ।

२. **शैक्षिक सामग्री**

कविताको क्यासेट, शब्दार्थपत्ती, वाक्यपत्ती, गोजी तालिका

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम कविताको गति, यति र लय मिलाएर नमुना वाचन गरिदिनुहोस् ।

(ख) विद्यार्थीहरूलाई पालैपालो कविता वाचन गर्न प्रोत्साहित गर्नुहोस् ।

(ग) कठिन शब्दहरू शब्द पत्ती र गोजी तालिकाको सहयोगले विद्यार्थीहरूलाई पटकपटक उच्चारण गर्न निर्देशण गर्नुहोस् ।

(घ) क्यासेटका सहायताले लय बोध गर्न सिकाउनुहोस् ।

(ङ) लक्ष्य कविता समूहगत रूपमा तथा व्यक्तिगत रूपमा वाचन गर्न लगाई लयबोध शिक्षण गराउनुहोस् ।

४. मूल्याङ्कन

'लक्ष्य' कविताका विभिन्न हरफहरू लयबद्ध वाचन गर्न विद्यार्थीहरूलाई पालैपालो निर्देशन गर्नुहोस् ।

५. गृहकार्य

'लक्ष्य' कविता गति, यति र लय मिलाएर वाचन गर्ने अभ्यास गरेर आउन निर्देशन दिनुहोस् ।

**पाठ्यवस्तु : शुद्धोच्चारण घन्टी - १**

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) लक्ष्य कविताको सस्वरवाचन गर्न,

(ख) लक्ष्य कवितामा प्रयोग भएका कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न ।

२. **शैक्षिक सामग्री**

शब्दपत्ती, गोजी तालिका, फलाटिन पाटी

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम कविताको नमुनावाचन गरिदिनुहोस् । कक्षामा कुनै विद्यार्थीले लयमा कविता वाचन गर्न सक्ने भए उसलाई वाचन गर्न लगाई अरूलाई त्यसैअनुसार वाचन गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीहरूलाई पालैपालो सस्वरवाचन गराउनुहोस् ।

(ग) विद्यार्थीहरूलाई विभिन्न समूहमा बाँडेर पाठका कठिन शब्दहरू टिपोट गर्न निर्देशन गर्नुहोस् ।

(घ) विद्यार्थीहरूले टिपोट गरेका शब्दहरू पहिले शिक्षक आफैँले नमुना उच्चारण गरिदिनुहोस् । त्यसपछि पालैपालो विद्यार्थीहरूलाई उच्चारण अभ्यास गराउनुहोस् ।

(ङ) विद्यार्थीहरूलाई शुद्ध उच्चारण गर्ने अभ्यास पटकपटक गराउनुहोस् । यस कवितामा लक्ष्य, निश्चय, चित्त, अर्जुन, शक्ति, बुङ्ला जस्ता शब्दको उच्चारण अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

विद्यार्थीहरूलाई निम्नलिखित शब्दहरू शुद्ध उच्चारण गर्न निर्देशन दिनुहोस् ।

लक्ष्य, निश्चय, उन्नति, पथमा, मनोरथ, अर्जुन, शक्ति, माफिक, साँचै धीत, चित्त ।

५. **गृहकार्य**

अभ्यास ३ का शब्दहरू उच्चारण गर्ने अभ्यास गरेर आउन निर्देशन दिनुहोस् ।

पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग घन्टी - २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'लक्ष्य' कवितामा प्रयोग भएका कठिन शब्दहरूको अर्थ भन्न र लेख्न,

(ख) 'लक्ष्य' कवितामा प्रयोग भएका विभिन्न शब्दहरूको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न ।

२. शैक्षिक सामग्री

शब्दार्थपत्ती, वाक्यपत्ती, गोजी तालिका, वाक्यमा प्रयोगका नमुनाहरू

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम पाठको सस्वरवाचन तथा मौनवाचन गर्ने अभ्यास गराउनुहोस् ।

(ख) विद्यार्थीहरूलाई कठिन शब्दहरू टिपोट गर्न लगाउनुहोस् ।

(ग) शब्दार्थ पत्ती र गोजी तालिकाका सहयोगले कक्षामा आकर्षक रूपमा शब्दार्थ शिक्षण गराउनुहोस् ।

(घ) वाक्य पत्तीका सहयोगबाट शब्दलाई वाक्यमा प्रयोग गर्न सिकाउनुहोस् ।

(ङ) विद्यार्थीहरूलाई शब्दको अर्थ बुझ्न र अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न पटकपटक अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

तलका शब्दहरूको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

लक्ष्य, निश्चय, उन्नति, मनोरथ, शक्ति, वानर, चित्र

५. गृहकार्य

(क) तलका शब्दहरूको अर्थ लेखी वाक्यमा प्रयोग गरेर ल्याउन निर्देशन दिनुहोस् :

निश्चय, धोको, धीत, उन्नति, पथ, लक्ष्य ।

(ख) अभ्यास ४ मा रहेका शब्द र अर्थबीच जोडा मिलाएर ल्याउन निर्देशन दिनुहोस् ।

**पाठ्यवस्तु :** **भावबोध र प्रश्नोत्तर** **घण्टी – २**

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'लक्ष्य' कविताको भावार्थ लेख्न,

(ख) 'लक्ष्य' कविताबाट सोधिने प्रश्नको उत्तर दिन ।

२. **शैक्षिक सामग्री**

भावबोधको नमुना, प्रश्नोत्तरको नमुना, चार्टपेपर, फलाटिन पाटी

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम कविताका प्रत्येक श्लोकको भावार्थ बताइदिनुहोस् ।

(ख) विद्यार्थीहरूलाई समूह बनाई छलफल गरेर विभिन्न श्लोकको भावार्थ भन्न/लेख्न लगाउनुहोस् ।

(ग) कविताको भावबोधसम्वन्धी विभिन्न प्रश्नोत्तर गराउनुहोस् ।

(घ) पाठको अन्त्यमा भएका प्रश्नोत्तरहरू गर्ने अभ्यास गराउनुहोस् ।

(ङ) भावार्थ र प्रश्नोत्तरका नमुना फलाटिन पाटीमा टाँसेर विद्यार्थीहरूलाई पालैपालो पढेर सुनाउन लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) तेस्रो र अन्तिम श्लोकको भावार्थ भन्न लगाउनुहोस् । ।

(ख) पाठको अन्त्यमा भएका प्रश्नोत्तरसम्बन्धी छलफल गराउनुहोस् ।

५. **गृहकार्य**

(क) अभ्यास १२ को प्रश्नोत्तर गरेर ल्याउन निर्देशन दिनुहोस् ।

(ख) पाँचौं श्लोकको भावार्थ लेख्न निर्देशन दिनुहोस् ।

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

'लक्ष्य' कविताका विभिन्न विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न ।

२. शैक्षिक सामग्री

कविताको व्याख्या गरिएका नमुना, फलाटिन पाटी, कविताका भावसम्बन्धी केही बुँदा

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम लक्ष्य कविताको मौनवाचन गर्न लगाउनुहोस् ।

(ख) मौनवाचनसँगसँगै कविताका महत्त्वपूर्ण पङ्क्तिहरूलाई रेखाङ्कन गर्न लगाउनुहोस् ।

(ग) कविताका पङ्क्तिहरूलाई बढाएर लेख्न र विभिन्न बुँदा टिपोट गर्न लगाउनुहोस् ।

(घ) व्याख्याको नमुना सबैले देख्ने गरी फलाटिन पाटीमा टाँसेर विद्यार्थीलाई पालैपालो पढ्न लगाउनुहोस् ।

(ङ) विद्यार्थीहरूको विभिन्न समूह बनाई कविताका विभिन्न पङ्क्तिहरू व्याख्या गर्ने अभ्यास गराउनुहोस् । राम्रो गर्ने समूहलाई स्यावासी दिनुहोस् । कमजोर समूहलाई प्रोत्साहित गर्नुहोस् ।

४. मूल्याङ्कन

व्याख्या गर्न लगाउनुहोस् :

लक्ष्य भएको मानिस साँच्चै
अर्जुन जस्तै हुन्छ ।

५. गृहकार्य

तलका कवितांशको व्याख्या गर्न लगाउनुहोस् :

(क) एक लक्ष्य होस्, एक चित्त होस्
तब यो मानिस हुन्छ ।

(ख) लक्ष्यबिनाको मानिस साँच्चै
वानर जस्तै हुन्छ ।

पाठ्यवस्तु : व्याकरण घन्टी - २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयोग भएका व्याकरणको पहिचान गर्न,

(ख) उल्टो अर्थ र श्रुतिसमभिन्नार्थक शब्दहरूको पहिचान गर्न ।

२. शैक्षिक सामग्री

शब्दपत्ती, शब्दार्थपत्ती, वाक्यपत्ती, गोजी तालिका , फलाटिन पाटी ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम विद्यार्थीहरूलाई उल्टो अर्थ लाग्ने शब्दहरूको टिपोट गर्न लगाउनुहोस् ।

(ख) उल्टो अर्थ आउने शब्द जोडीलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् ।

(ग) श्रुतिसमभिन्नार्थक शब्दहरू गोजी तालिकामा प्रस्तुत गरी तिनलाई भिन्नभिन्न वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(घ) श्रुतिसमभिन्नार्थक शब्दको टिपोट गरी अर्थसमेत लेख्न प्रेरित गर्नुहोस् ।

(ङ) सबै विद्यार्थीहरूलाई श्रुतिसमभिन्नार्थक शब्द पहिचान गर्न प्रेरकको भूमिका निर्वाह गर्नुहोस् ।

४. मूल्याङ्कन

(क) तलका शब्दहरूको उल्टो अर्थ भन्न/लेख्न लगाउनुहोस् :

सफल, उन्नति, चढ्नु, साँचो,

(ख) तलका श्रुतिसमभिन्नार्थक शब्दको अर्थ भन्न लगाउनुहोस् :

दीन - दिन, फुल - फूल, फेरि - फेरी, जाति -जाती

५. गृहकार्य

तलका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

तर - तर, जाति - जाती, फूल - फुल, दिन -दीन

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'लक्ष्य' कविता जस्तै लय र भावमा २ श्लोक कविता सिर्जना गर्न,

(ख) कुनै शीर्षकमा चार हरफ कविता लेख्न ।

२. **शैक्षिक सामग्री**

विभिन्न लयका कविताका हरफहरू, फलाटिन पाटी

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई पहिले आफूले जानको चार हरफ कविता लेख्न लगाउनुहोस् ।

(ख) विभिन्न शीर्षक दिएर समूहगत रूपमा कविता लेख्ने अभ्यास गराउनुहोस् ।

(ग) विद्यार्थीले लेखेका कवितामा आवश्यक परिमार्जन गरेर सबैलाई सुनाउन प्रोत्साहित गर्नुहोस् ।

(घ) विद्यार्थीहरूलाई निरन्तर अभ्यास गराउँदै सिर्जनात्मक सीप विकासमा सहयोग ।

४. **मूल्याङ्कन**

तलको कविता पूरा गर्न निर्देशन दिनुहोस् :

निरन्तर बग्छ समय
फर्कन्न कैल्यै पछाडि
लक्ष्यमा पुग्नु छ भने
निरन्तर बढ अगाडि ।

५. **गृहकार्य**

तलका शीर्षकमा चार हरफ कविता लेख्न निर्देशन दिनुहोस् :

(क) फूल, मन र पानी

(ख) कविता पूरा गर्न निर्देशन दिनुहोस् :

मान्छे हो ज्ञानको पुञ्ज
प्रकृतिभित्र हाँस्दछ
रमाई प्रकृति साथै
भोलिका निम्ति बाँच्दछ ।
वंश, कंश, अंश

**पाठ : ५**

# नीमको पात

अनुमानित घन्टी : १२

| पाठ्यवस्तु | घन्टी |
|---|---|
| १. सस्वरवाचन र शुद्धोच्चारण | २ |
| २. शब्दार्थ र वाक्यमा प्रयोग | २ |
| ३. बोध र प्रश्नोत्तर | ३ |
| ४. व्याख्या र सारांश | १ |
| ५. व्याकरण (वाक्यको क्रम मिलाउने र वाक्य परिवर्तन) | २ |
| ५. सिर्जनात्मक अभ्यास | २ |

## पाठ्यवस्तु : सस्वरवाचन र शुद्धोच्चारण घन्टी – २

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) गति र यति मिलाई 'नीमको पात' कथाका निर्धारित अनुच्छेदहरू सस्वरवाचन गर्न,

(ख) पाठमा प्रयुक्त नयाँ शब्दहरू शुद्ध र स्पष्ट उच्चारण गर्न ।

२. **शैक्षिक सामग्री**

नयाँ शब्दहरूको सूची, शब्दपत्ती, गोजी तालिका, फलाटिन पाटी

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) 'नीमको पात' कथासँग प्रसङ्ग मिल्दो कुनै जडिबुटी प्रयोगका बारेमा छलफल गर्दै पाठ सुरु गर्नुहोस् । जस्तै :

- औषधीका रूपमा प्रयोग गरिने कुनै बोटविरुवाको नाम थाहा छ ?
- तिम्रो घरमा पनि कुनै बोटविरुवालाई औषधीका रूपमा प्रयोग गरिन्छ ?
- तिमीले कुनै जडिबुटी औषधी खाएका छौ ? आदि

(ख) प्रस्तुत कथाका निर्धारित अनुच्छेदहरू नुमनाका रूपमा गति र यति मिलाई शुद्ध र स्पष्टसँग वाचन गरिदिनुहोस् र विद्यार्थीहरूलाई पनि सोहीअनुसार सस्वरवाचन गराउनुहोस् ।

(ग) सस्वरवाचन र शुद्धोच्चारण गराउँदा नेपालीबाहेकका मातृभाषा भएका बालबालिकाका कठिनाइलाई विशेष ध्यान पुऱ्याउनुहोस् र आवश्यकताअनुसार सबै विद्यार्थीलाई सस्वरवाचनको अभ्यास गराउनुहोस् ।

(घ) पाठमा प्रयुक्त नयाँ शब्दहरूको उच्चारण अभ्यास गराउनुहोस् । नयाँ शब्दहरूको सूची फलाटिन पाटीमा प्रस्तुत गर्नुहोस् । उच्चारणमा कठिन हुने शब्दहरू पालैपालो उच्चारण गरिदिई विद्यार्थीलाई पनि उच्चारण गर्न लगाउनुहोस् । प्रस्तुत कथामा उच्चारण गर्न कठिन शब्दहरू विष, परिणाम, उद्दण्ड, घमन्डी, चिन्तित, उपद्रव, लज्जित, दुर्व्यव्यवहार, सान्त्वना, वृत्तान्त, मुक्ति, सन्देश, आज्ञाकारी आदि हुन सक्छन् ।

४. मूल्याङ्कन

(क) अनुच्छेदको पाठ पढेर सुनाउन लगाउनुहोस् ।

(ख) आफूले अर्थ नजानेका शब्द टिप्न लगाउनुहोस् ।

५. गृहकार्य

अभ्यास नं. १ का शब्द (वा यस्तै अरू शब्द) शुद्धसँग उच्चारण गर्न सक्ने भएर आउन निर्देश गर्नुहोस् ।

पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग घन्टी - २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) प्रस्तुत पाठमा प्रयुक्त नयाँ शब्दहरूको अर्थ भन्न,

(ख) पाठमा प्रयुक्त शब्दहरूलाई आफ्नै वाक्यमा प्रयोग गर्न,

(ग) अशुद्ध शब्दलाई शुद्ध पारी सार्न ।

२. **शैक्षिक सामग्री**

शब्दार्थपत्ती, शब्दपत्ती, वाक्यपत्ती, शब्दकोश, गोजी तालिका, फलाटिन पाटी

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) पाठका निर्धारित अनुच्छेदहरू विद्यार्थीलाई मौनवाचन गर्न लगाउनुहोस् र उनीहरूले अर्थ नजानेका शब्दहरू रेखाङ्कन गर्न वा टिप्न लगाउनुहोस् ।

(ख) टिपिएका वा रेखाङ्कन गरिएका शब्दहरू गाढा अक्षरमा भएमा तिनको अर्थ अभ्यासमा रहेको शब्द र अर्थको जोडा मिलाऊ भन्ने अभ्यासमा खोज्न लगाउनुहोस् । गाढा अक्षरमा नभएका शब्दका अर्थ भन्न लगाउनुहोस् । यसका लागि आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

(ग) विद्यार्थीहरूलाई पाठका नयाँ शब्दहरू भन्न लगाउनुहोस्, ती शब्दहरू कालोपाटीमा टिप्दै जानुहोस् र नयाँ शब्दको अर्थ विद्यार्थीलाई पालैपालो सोध्दै जानुहोस् । विद्यार्थीलाई ठीक अर्थ नआएमा शब्दार्थपत्ती र शब्दार्थ शिक्षणका विभिन्न तरिकाहरू प्रयोग गरी अर्थ बताइदिनुहोस् । शब्दार्थ शिक्षण गर्दा शब्दखेल, अन्ताक्षरी आदि क्रियाकलाप पनि आवश्यकताअनुसार प्रयोग गर्न सक्नुहुने छ ।

(घ) शब्दार्थ शिक्षणमा शब्दकोशको उपयोग महत्त्वपूर्ण हुने बताउँदै शब्दकोश हेर्ने तरिकाको अभ्यास गराउनुहोस् । आवश्यक परेमा यसको प्रयोग गर्ने तरिका सिकाइ शब्दार्थ पत्ता लगाउन अभ्यास गराउनुहोस् ।

(ङ) निर्दिष्ट अनुच्छेदहरूबाट शब्दार्थ शिक्षण गराइसकेपछि ती शब्दहरूको अर्थ खुल्ने गरी आफ्नै वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(च) शब्दलाई सही ढङ्गले वाक्यमा प्रयोग गर्न नजानेमा आफूले वाक्यपत्तीका सहायताले वाक्यमा प्रयोग सिकाउनुहोस् ।

(छ) वाक्यमा प्रयोग गर्न लगाउँदा एउटा विद्यार्थीले बनाएको वाक्य अर्को विद्यार्थीलाई ठीक भए नभएको भनेर उनीहरूबाटै सच्याउन लगाउने प्रयास गर्नुहोस् ।

४. मूल्याङ्कन

(क) कक्षामा विद्यार्थीहरूलाई पालैपालो प्रस्तुत पाठका शब्दको अर्थ सोध्नुहोस् ।

(ख) नयाँ शब्दहरू दिई तिनलाई आफ्नै वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ग) पाठको अभ्यास नं. ३, ५, ७ र ८ को अभ्यास गराउनुहोस् ।

५. गृहकार्य

पाठका केही शब्दहरू दिई तिनको अर्थ लेख्न र उपयुक्त तरिकाले वाक्यमा प्रयोग गरेर ल्याउन विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) प्रस्तुत पाठका निर्दिष्ट अनुच्छेदहरू बोध गरी पाठ्यवस्तुसम्वन्धी प्रश्नहरूको उत्तर दिन,

(ख) पाठको अभ्यास खण्डमा सोधिएका प्रश्नहरूको उत्तर दिन ।

२. **शैक्षिक सामग्री**

प्रश्नहरूको सूची, फलाटिन पाटी, गोजी तालिका

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) पाठका निर्धारित अनुच्छेदहरू मौनवाचन गर्न लगाउनुहोस् ।

(ख) शिक्षकले पहिले नै तयार पारेर ल्याएका प्रश्नहरू कालोपाटी वा फलाटिन पाटीमा प्रस्तुत गरी विद्यार्थीलाई पालैपालो उत्तर दिन लगाउनुहोस् र एउटा विद्यार्थीले दिएको उत्तर ठीक भए नभएको अरू विद्यार्थीलाई सोधेर ठीक उत्तर यकिन गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीबाट आएका मौखिक उत्तर ठीक भए ठीक भएको सङ्केत गर्नुहोस् र ठीक नभए ठीक उत्तर बताइदिनुहास् ।

(घ) कक्षामा पाठको अभ्यासका प्रश्नहरूको उत्तर विद्यार्थीमा सुनिश्चित पार्न छलफल गराउनुहोस् र आवश्यकताअनुसार व्याख्यान विधिको प्रयोग गरी शिक्षण गर्नुहोस् ।

(ङ) प्रस्तुत पाठको अभ्यास खण्डमा सोधिएका प्रश्नहरूको उत्तर दिन लगाउनुहोस् र उपयुक्त उत्तर नआएमा आफैँले बताइदिनुहोस् ।

४. **मूल्याङ्कन**

(क) निर्दिष्ट अनुच्छेदहरूबाट बोध प्रश्नहरू सोधी उत्तर दिन लगाउनुहोस् ।

(ख) पाठको पाठ्यवस्तुसम्बन्धी प्रश्नहरू सोधी छलफल गराएर उत्तर दिन लगाउनुहोस् ।

(ग) पाठको अभ्यास नं. ६ र ९ का प्रश्नहरूको उत्तर दिन लगाउनुहोस् ।

५. **गृहकार्य**

यस पाठको पाठ्यवस्तुसम्बन्धी अभ्यास खण्डमा राखिएका प्रश्नहरू तोकी तिनका उत्तर लेखेर ल्याउन विद्यार्थीलाई निर्देश गर्नुहोस् ।

पाठ्यवस्तु : व्याख्या र सारांश घन्टी : १

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठका विशिष्ट पङ्क्तिहरूको भाव व्याख्या गर्न,

(ख) निर्दिष्ट अनुच्छेदको सारांश लेख्ने अभ्यास गर्न ।

२. शैक्षिक सामग्री

पाठमा प्रयुक्त विशिष्ट पङ्क्तिहरू, सारांशका बुँदा र सारांशका नमुना, फलाटिन पाटी

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) प्रस्तुत पाठबाट विशिष्ट अंश वा पङ्क्तिहरू छानी तिनको सामान्य भाव व्याख्याका लागि बुँदा वा पाठ्यवस्तुका बारेमा कक्षामा छलफल गर्नुहोस् ।

(ख) कुनै एक मुख्य पङ्क्तिको नमुना व्याख्या प्रस्तुत गर्नुहोस् र विद्यार्थीहरूलाई पनि त्यस्तै व्याख्या गर्न लगाउनुहोस् । जस्तै : विशिष्ट पङ्क्तिको नमुना

- यदि मानिसले तिमीलाई बिरुवालाई गरेजस्तै गरे भने त्यसको परिणाम के होला ?

(ग) विद्यार्थीले तयार पारेको भाव व्याख्या कक्षामा प्रस्तुत गर्न लगाई शिक्षकले समेत आवश्यक बुँदा थप्न र अनावश्यक बुँदा झिक्न लगाई भाव व्याख्याको अभ्यास गराउनुहोस् ।

(घ) केही नुमना वाक्यहरू दिएर वा कुनै एक अनुच्छेद दिएर त्यसको सारांश लेख्ने तरिकासहित सारांश लेखनको नुमना अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) पाठका मुख्य पङ्क्ति दिई भाव व्याख्या गर्न लगाउनुहोस् ।

(ख) पाठको कुनै अनुच्छेद दिई त्यसको सारांश लेख्ने अभ्यास गर्न लगाउनुहोस् ।

५. गृहकार्य

(क) पाठबाट विशिष्ट पङ्क्तिहरू दिई व्याख्या गरेर ल्याउन निर्देश गर्नुहोस् ।

(ख) एउटा अनुच्छेद दिई त्यसको सारांश लेखेर ल्याउन लगाउनुहोस् ।

## पाठ्यवस्तु : व्याकरण (वाक्यको क्रम मिलाउने र वाक्य परिवर्तन) घन्टी - २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) क्रम नमिलेका वाक्यहरूलाई क्रमबद्ध रूपमा लेख्ने अभ्यास गर्न,

(ख) लिङ्गका आधारमा वाक्य परिवर्तन गर्न ।

२. शैक्षिक सामग्री

शब्दपत्ती, वाक्यपत्ती, क्रम नमिलेका वाक्य र क्रम मिलेका वाक्यका नमुनाहरू, वाक्य परिवर्तनका नमुना वाक्यहरू, फलाटिन पाटी

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) शिक्षकले सर्वप्रथम क्रम नमिलेका विभिन्न वाक्यहरू कालोपाटीमा प्रस्तुत गरी विद्यार्थीलाई क्रम मिलेको वाक्य बनाउने अभ्यास गराउनुहोस् । यसका लागि क्रमको निश्चित आधार दिनुहोस् वा पाठ पढेर त्यसका आधारमा वाक्यको क्रम मिलाउन लागनुहोस् ।

(ख) विभिन्न वाक्यहरू दिई लिङ्गका आधारमा परिवर्तन गर्न लगाउनुहोस् ।

जस्तै : केटो नेपाली पढ्छ । (पुलिङ्ग)

केटी नेपाली पढ्छे । (स्त्रीलिङ्ग)

(ग) पाठबाट विभिन्न वाक्य दिएर लिङ्गका आधारमा वाक्य परिवर्तन गर्ने अभ्यास गराउनुहोस् ।

जस्तै : - राजकुमार ज्यादै उद्दण्ड र घमन्डी थिए ।

**राजकुमारी ज्यादै उद्दण्ड र घमन्डी थिइन् ।**

- राजा खुसी हुँदै दरबारतिर फर्किए ।

**रानी खुसी हुँदै दरबारतिर फर्किन् ।**

(घ) विभिन्न वाक्यहरूमा खाली ठाउँ दिई तिनमा उपयुक्त लिङ्ग र क्रियापद भर्न लगाउनुहोस् ।

४. मूल्याङ्कन

(क) लिङ्गका आधारमा परिवर्तन गर्न सकिने विभिन्न वाक्यहरू दिई तिनलाई अर्को लिङ्गमा परिवर्तन गर्न लगाउनुहोस् ।

(ख) पाठको व्याकरण अभ्यास १५ गर्न अभ्यास गराउनुहोस् ।

५. गृहकार्य

(क) पाठका विभिन्न वाक्यहरू दिई तिनलाई पाठअनुसार क्रम मिलाएर लेख्न लगाउनुहोस् ।

(ख) पाठको अभ्यास ११ र १५ गरेर ल्याउन निर्देश गर्नुहोस् ।

**पाठ्यवस्तु :** **सिर्जनात्मक अभ्यास** **घन्टी - २**

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) आफूले पढेका, सुनेका र जानेका कथा भन्न,

(ख) बुँदाका आधारमा छोटो कथा लेख्न ।

२. **शैक्षिक सामग्री**

छोटा बुँदाको सूची

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) शिक्षकले विद्यार्थीहरूलाई आफूले जानेसुनेका वा पढेका कथा भन्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई निम्नानुसारका प्रश्नहरू सोध्नुहोस् :

- तिमी राजकुमार भएको भए कस्तो व्यवहार गर्थ्यौ ?
- तिमी राजकुमारका बुबा भएको भए के गर्थ्यौ ?
- बुद्धले राजकुमारको व्यवहार कसरी सपारे ?
- तिमीलाई पनि नीमको पात चपाउन दिएको भए के गर्थ्यौ ?
- राजकुमार किन छाँगाबाट खसेजस्ता भए ?

(ग) यस्तै स्वाभाविक प्रश्न सोधेर विद्यार्थीलाई स्वतन्त्र विचार व्यक्त गर्ने मौका प्रदान गर्नुहोस्, जसले तार्किक क्षमता बढाउन सहयोग पुऱ्याओस् ।

(घ) विभिन्न छोटा वा अपूरा भनाइ वा वाक्य दिएर वाक्य पूरा गरी कथा तयार गर्न लगाउनुहोस् । जस्तै :

खरायो र कछुवा घनिष्ट साथी ..... एक दिन कुन चाँडो दौडने भन्ने कुरामा कुराकानी ...... खरायोले आफू चाँडो दौडने बताउनु ...... कछुवाले पनि चाँडो दौडने बताउनु ..... दुवै दौडनु ... खरायो छिटो दौडेर जानु ... कछुवा पछिपछि पर्नु ... कछुवा पछाडि देखेर खरायो एक छिन आराम गर्न सुत्नु ... खरायो भुसुक्क निदाउनु ... कछुवा धेरै अगाडि पुग्नु ... आखिरमा कछुवाको जित हुनु ।

(ङ) पाठका अभ्यास १३ मा रहेका गाउँखाने कथा पढ्न लगाई तिनको उत्तर खोज्न लगाउनुहोस् । आवश्यकतानुसार उनीहरूलाई आफ्ना घर समुदायमा प्रयोग हुने गरेका गाउँखाने कथा सङ्कलन गर्न लगाई प्रतियोगितात्मक अभ्यास गराउनुहोस् ।

(च) आफ्नो गाउँ समुदायमा प्रयोगमा आउने गाउँखाने कथाहरू सङ्कलन गरेर ल्याउन लगाई कक्षामा सुनाउन लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

विभिन्न बुँदा दिई कथा तयार पार्न लगाउनुहोस् ।

५. **गृहकार्य**

आफ्ना दाजुदिदी वा बुबा आमासँग कुनै एक कथा सोधेर लेखेर ल्याउन लगाउनुहोस् ।

पाठ : ६

# बाग्मती नदी

अनुमानित घन्टी : १२

| विषयवस्तु | घन्टी |
|---|---|
| १. सस्वरवाचन र शुद्धोच्चारण | २ |
| २. शब्दार्थ र वाक्यमा प्रयोग | २ |
| ३. पठनबोध र प्रश्नोत्तर | ३ |
| ४. व्याकरण | २ |
| ५. सिर्जनात्मक अभ्यास | ३ |

## पाठ्यवस्तु : सस्वरवाचन र शुद्धोच्चारण घन्टी - २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'बाग्मती नदी' पाठका नयाँ शब्दहरूको शुद्ध उच्चारण गर्न,

(ख) 'बाग्मती नदी' पाठ गति र यति मिलाएर सस्वरवाचन गर्न ।

२. शैक्षिक सामग्री

शब्दपत्ती, गोजी तालिका, फलाटिन पाटी

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम कक्षाका कुनै विद्यार्थीलाई पाठ सरसर्ती पढ्न लगाउनुहोस् र अरू विद्यार्थीलाई ध्यान दिएर हेर्न तथा सुन्न लगाउनुहोस् ।

(ख) विद्यार्थीहरूलाई अनुच्छेद तोकी क्रमशः सस्वरवाचन गर्न निर्देशन दिनुहोस् ।

(ग) पहिले समूह बनाई समूहगत रूपमा वाचन गराउनुहोस् । समूहगत रूपमा वाचन गराइसकेपछि व्यक्तिगत रूपमा सस्वरवाचन गर्न निर्देशन गर्नुहोस् ।

(घ) सस्वरवाचनपछि विद्यार्थीहरूलाई आफूले उच्चारण गर्न नजानेका नयाँ शब्दहरू टिपोट गर्न लगाउनुहोस् र विद्यार्थीले टिपोट गरेका शब्दहरू शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

(ङ) शब्दपत्ती र गोजी तालिकाको उचित प्रयोग गर्दै शब्दहरूको उच्चारण अभ्यास गराउनुहोस् ।

(च) विद्यार्थीले उच्चारण गर्न नजानेका शब्दको पटकपटक उच्चारण अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) विद्यार्थीहरूलाई विभिन्न अनुच्छेद दिएर सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) विभिन्न नयाँ शब्दहरू दिई शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

५. गृहकार्य

निम्नलिखित शब्दहरूको शुद्ध उच्चारण गर्ने अभ्यास गरेर आउन निर्देशन दिनुहोस् :

पुण्य, हरियाली, तीर्थस्थल, तीर्थयात्री, सिँचाइ, उपत्यका, श्राद्ध, डङ्गुर

पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग घन्टी - २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयोग भएका नयाँ शब्दहरूको अर्थ लेख्न,

(ख) पाठमा प्रयोग भएका शब्दहरूको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न ।

२. शैक्षिक सामग्री

शब्दार्थ पत्ती, वाक्य पत्ती, फलाटिन पाटी, गोजी तालिका

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम पाठको मौनवाचन गराई आफूले अर्थ नजानेका नयाँ शब्दहरूको टिपोट गर्न लगाउनुहोस् ।

(ख) नयाँ शब्दहरूको अर्थ लेखी गोजी तालिकामा राखेर जोडा मिलाउन निर्देशन गर्नुहोस् । पुस्तकमै अर्थ दिइएका शब्दको अर्थ त्यहीँ खोज्न लगाउनुहोस् । साथीहरूसँग छलफल गरेर र शब्द कोश हेरेर अर्थ पत्ता लगाउने अभ्यास पनि गराउनुहोस् ।

(ग) शब्दार्थ शिक्षणपछि विद्यार्थीहरूलाई शब्द र अर्थको जोडा मिलाउने खेल खेलाउनुहोस् ।

घ) विभिन्न नयाँ शब्दहरूको अर्थ लेखी वाक्यमा प्रयोग गर्न निर्देशन गर्नुहोस् ।

(ङ) विद्यार्थीले तयार गरेका वाक्यहरू परीक्षण गरी आवश्यक सुझावसमेत परिमार्जन आवश्यक भए गरिदिनुहोस् । विद्यार्थीहरूले बनाएका वाक्यहरू पहिले विद्यार्थीहरूमै परीक्षण गर्न लगाउनुहोस् । त्यसपछि आफूले आवश्यक सुझावसहित वाक्यहरू परीक्षण गरिदिनुहोस् ।

४. मूल्याङ्कन

तल दिइएका शब्दहरूको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

तीर्थस्थल, हरियाली, सिँचाइ, अपमान, निर्मल, दुर्जन

५. गृहकार्य

तल दिइएका शब्दहरूको अर्थ लेखी वाक्यमा प्रयोग गरेर ल्याउन निर्देशन दिनुहोस् :

निर्मल, अपमान, दुर्जन, तीर्थस्थल, अलिकति, साह्रै

पाठ्यवस्तु : प्रश्नोत्तर र पठनबोध घन्टी - ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठका आधारमा विभिन्न प्रश्नहरूको उत्तर लेख्न,

(ख) पाठको मौनवाचन गरी बोध प्रश्नहरूको उत्तर लेख्न ।

२. शैक्षिक सामग्री

प्रश्नोत्तरको नमुना, पठनबोधका लागि निर्दिष्ट अनुच्छेदको नमुना, बोध प्रश्नहरूको सूची

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम पाठको मौनवाचन गर्न निर्देशन दिनुहोस् ।

(ख) मौनवाचनपछि बोध प्रश्नहरूको सूची प्रस्तुत गर्दै उत्तर दिन विद्यार्थीहरूलाई निर्देश गर्नुहोस् ।

(ग) पाठमा भएका प्रश्नोत्तर गर्ने अभ्यास निरन्तर गराउनुहोस् ।

(घ) विद्यार्थीहरूलाई नमुना प्रश्न दिई तिनको उत्तर लेख्न लगाएर उत्तर वाचन गर्न लगाउनुहोस् ।

(ङ) विद्यार्थीहरूलाई प्रश्नोत्तर अभ्यास पटकपटक गराएर गल्ती पहिल्याई आवश्यक सुझावसहित सच्याइदिनुहोस् । पाठमा भएका प्रश्नोत्तर अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

निम्नलिखित प्रश्नहरू सोध्नुहोस् :

(क) अभ्यास ५ को प्रश्नोत्तर सोध्नुहोस् ।

(ख) अभ्यास ६ को प्रश्नोत्तर अभ्यास गराउनुहोस् ।

५. गृहकार्य

पाठमा भएको अभ्यास ५, ६ र १० का प्रश्नहरूका उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

पाठ्यवस्तु : व्याकरण घन्टी - २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) विभक्तिको प्रयोग गर्न,

(ख) सङ्केतअनुसार वाक्य परिवर्तन गर्न ।

२. शैक्षिक सामग्री

वाक्य सूची, फलाटिन पाटी, गोजी तालिका

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) विद्यार्थीमा विभक्ति सूची र विभक्ति प्रयोग भएका वाक्य सूची प्रस्तुत गरी विभक्ति चिनाउनुहोस् ।

(ख) पाठ्यपुस्तक वा कुनै पाठ्यअंशमा विभक्ति शब्द रेखाङ्कन गर्न लगाउनुहोस् ।

(ग) विभिन्न विभक्ति दिई तिनलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(घ) 'गरे हुन्थ्यो' भन्ने सन्दर्भका विभिन्न वाक्यको (इच्छार्थ र आज्ञार्थसहित) उदाहरण दिँदै तिनलाई अकरण बनाउने अभ्यास गराउनुहोस् ।

(ङ) पाठका 'गरे हुन्थ्यो' सन्दर्भका वाक्यलाई अकरण बनाउन लगाउनुहोस् ।

(च) पाठका अभ्यास नं. ७ र ११ गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) विभक्ति दिई वाक्य निर्माण गर्न लगाउनुहोस् ।

(ख) विभिन्न प्रकारका (इच्छार्थ र आज्ञार्थसहित) वाक्य दिई तिनलाई अकरण बनाउन लगाउनुहोस् ।

५. गृहकार्य

पाठको अभ्यास नं. ७ र ११ गरेर ल्याउन निर्देश गर्नुहोस् ।

**पाठ्यवस्तु :** **सिर्जनात्मक अभ्यास** **घन्टी - ३**

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठमा भएका सिर्जनात्मक अभ्यासहरू सहजरूपमा पूरा गर्न,

(ख) विभिन्न शीर्षकमा सरल निबन्ध लेखन ।

२. **शैक्षिक सामग्री**

कोसी, गण्डकी र कर्णाली नदीसम्बन्धी टिपोट, निबन्ध लेखनका चरणको चार्ट

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई कुनै शीर्षक दिएर आवश्यक छलफल गराउनुहोस् ।

(ख) विषयको परिचय, महत्त्व, फाइदा, बेफाइदासम्बन्धी आवश्यक छलफल गराउनुहोस् ।

(ग) विद्यार्थीहरूलाई महत्त्वपूर्ण बुँदाको टिपोट गराउनुहोस् ।

(घ) विद्यार्थीहरूले टिपोट गरेका बुँदाका आधारमा निबन्ध लेख्ने अभ्यास गराउनुहोस् ।

(ङ) विद्यार्थीहरूद्वारा तयार भएको निबन्ध परीक्षण गरेर आवश्यक परेका ठाउँमा सच्याइदिनुहोस् ।

(च) राम्रो सिर्जना गर्ने विद्यार्थीलाई प्रोत्साहन गर्नुहोस्, अगाडि आएर सुनाउन निर्देशन दिनुहोस् । उत्कृष्ट ठहरिएका निबन्ध कक्षाकोठामा टाँसिदिनुहोस् ।

४. **मूल्याङ्कन**

फलफूल, पानी जस्ता शीर्षक दिएर विभिन्न महत्त्वपूर्ण बुँदा टिप्न लगाउनुहोस् ।

५. **गृहकार्य**

(क) आफ्नो घर नजिकको खोला/नदीका बारेमा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

(ख) पाठको अभ्यास १२ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

पाठ : ७

# बिहेको निम्तो

अनुमानित घन्टी :१४

| पाठ्यवस्तु | | घन्टी |
|---|---|---|
| १. | सस्वरवाचन, शुद्धोचारण र अभिनय | ३ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | ३ |
| ३. | पठनबोध | ३ |
| ४. | व्याकरण | २ |
| ५. | सिर्जनात्मक कार्य | ३ |

## पाठयवस्तु : सस्वरवाचन, शुद्धोचारण र अभिनय घन्टी - ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'बिहेको निम्तो' संवाद गति, यति र लय मिलाएर अभिनेयात्मक रूपले सस्वरवाचन गर्न,

(ख) साह्रै, तिर्खा, मज्जा, कक्षा, सत्कार, फुर्सद, सुर्ती, सन्तोष जस्ता शब्दको शुद्ध उच्चारण गर्न ।

२. शैक्षिक सामग्री

नयाँ शब्दहरूको सूची, शब्दपत्ती, गोजी तालिका, फलाटिन पाटी

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) पाठ सुरु गर्नुपूर्व विद्यार्थीलाई तल दिए जस्ता प्रश्न सोधेर उत्प्रेरणाका लागि छलफल गराउनुहोस् :

- तिमी कसकसको बिहेमा गएका छौ ?
- गाउँघरमा बिहे हुँदा तिमी किन जान्छौ ?
- बिहे, भोज आदिमा बोलाउनु/डाक्नुलाई के भनिन्छ ?

(ख) "रमेश महेशकहाँ छोरीको बिहेको निम्तो दिन गएका छन् । यस पाठमा रमेश, महेश र महेशकी छोरीको बीचमा भएको कुराकानी छ । म त्यो कुराकानी पढेर सुनाउँछु । त्यसपछि तिमीहरूले अभिनयसहित पढनुपर्छ ।" भन्नुहोस् र आफूले हाउभाउसहित केही हरफ पढेर सुनाउनुहोस् ।

(ख) तीन जना विद्यार्थीलाई रमेश, महेश र अञ्जनाको भूमिका दिएर उनीहरूलाई अभिनयसाथ सुरुका केही संवाद सस्वर पढ्न लगाउनुहोस् ।

(ग) बीचको भाग त्यसै गरी अरू तीन जनालाई पढ्न लगाउनुहोस् । अन्तिम भाग अरू तीन जनालाई पढ्न लगाउनुहोस् ।

(घ) एक समूह विद्यार्थीले पढ्दा उनीहरूको गति, यति, लय अभिनय मिले नमिलेको अरू विद्यार्थीलाई सोध्नुहोस् । कुनै शब्दको उच्चारण ठीक नभए त्यसबारेमा पनि सोध्नुहोस् । सुन्ने विद्यार्थीको प्रतिक्रिया लिएर पढ्ने विद्यार्थीका नमिलेका कुरा सच्याइदिनुहोस् ।

(ङ) कमजोर विद्यार्थी समेतलाई पढ्न अवसर दिएर मात्र अर्को पाठ्यवस्तुमा प्रवेश गर्नुहोस् ।

(च) धेरै विद्यार्थीलाई उच्चारण गर्न गाह्रो भएका साह्रै, तिर्खा जस्ता शब्द कालोपाटीमा टिपेर वा शब्दपत्ती बनाएर उनीहरूलाई आलोपालो पढ्न लगाउनुहोस् । एउटा विद्यार्थीले पढेको ठीक छ वा छैन अरूलाई सोध्नुहोस् । अरूले ठीक उच्चारण गरेर पढेन भने गल्ती गरेकालाई सच्याएर पढ्न निर्देशन दिनुहोस् ।

४. मूल्याङ्कन

(क) विद्यार्थीले गति, यति र लय मिलाएर अभिनयसाथ पढे पढेनन्, अवलोकन गर्नुहोस् ।

(ख) विद्यार्थीले शब्दोच्चारण ठीक गरे गरेनन्, सुन्नुहोस् ।

(ग) पढ्ने विद्यार्थीले ठीक पढे नपढेको सम्बन्धमा अन्य विद्यार्थीले ठीक प्रतिक्रिया दिए दिएनन् ख्याल गर्नुहोस् ।

५. गृहकार्य

(क) पाठको अभ्यास १ मा दिइएका शब्दहरू शुद्धसँग उच्चारण गर्न सक्ने भएर आउन विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

(ख) 'बिहेको निम्तो' संवाद हाउभाउसाथ पढ्न सक्ने भएर आउन निर्देश गर्नुहोस् ।

पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग घन्टी - ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्यमा सक्षम हुने छन् :

(क) बिहेको निम्तो पाठका सत्कार, व्यस्त, दाइजो जस्ता नयाँ शब्दको अर्थ बताउन,

(ख) ती शब्दलाई वाक्यमा प्रयोग गर्न,

(ग) उस्तै अर्थ दिने शब्दको परिचय दिन ।

२. शैक्षिक सामग्री

नयाँ शब्दका शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) विद्यार्थीलाई पाठका एकदुईओटा नयाँ शब्दका शब्दपत्ती देखाएर तिनको अर्थ सोध्नुहोस् । विद्यार्थीले जवाफ नदिए आफैँले अर्थ बताइदिनुहोस् ।

(ख) विद्यार्थीलाई बिहेको निम्तो पाठ मौनवाचन गर्न लगाएर उनीहरूले नजानेका शब्दको सूची वनाउन लगाउनुहोस् ।

(ग) विद्यार्थीलाई समूहमा अभ्यास ४ को शब्द र अर्थको जोडा मिलाएर प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीको गल्ती सच्चाइदिनुहोस् ।

(घ) अब विद्यार्थीले बनाएका नयाँ शब्दको सूचीमा कति शब्दको अर्थ जाने सोध्नुहोस् । अर्थ नआएका शब्द कालोपाटीमा टिपेर विद्यार्थीलाई नै ती शब्दको अर्थ भन्न लगाउनुहोस् । विद्यार्थीबाट अर्थ नआएआफैँले बताइदिनुहोस् ।

(ङ) समूहमा अभ्यास ८ र १२ समाधान गरी प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीले पूरा गर्न नसकेका शब्दहरू पूरा गरिदिनुहोस् ।

(च) विद्यार्थीलाई समूहमा अभ्यास ११ का शब्द वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

४. मूल्याङ्कन

(क) विद्यार्थीलाई केही शब्द दिई तिनको अर्थ बताउन लगाउनुहोस् । जस्तै : तिर्खा, व्यस्त, सत्कार

(ख) विद्यार्थीलाई केही शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । जस्तै :

आहा, त, फुर्सद, नै, मात्र

५. गृहकार्य

पाठको अभ्यास ८, ९, ११ र १२ घरबाट गरेर ल्याउन निर्देश गर्नुहोस् ।

पाठ्यवस्तु : **पठनबोध** घन्टी : ३

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्यमा सक्षम हुने छन् :

(क) पाठसँग सम्बन्धित प्रश्नको उत्तर दिन,

(ख) पाठको सार बताउन,

(ग) विवाहको निमन्त्रणापत्र जस्ता सूचना सामग्री पढेर जानकारी लिन ।

२. **शैक्षिक सामग्री**

बोध प्रश्नको सूची

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) पाठसँग सम्वन्धित एक, दुई ओटा प्रश्न सोध्नुहोस् र ती प्रश्नको उत्तरका लागि पाठ पढ्नुपर्छ भनेर बताउनुहोस् ।

(ख) विद्यार्थीलाई बिहेको निम्तो पाठ मौनरूपमा पढ्न लगाउनुहोस् र पहिले अभ्यास ५ र पछि अभ्यास १० का प्रश्न सोध्नुहोस् ।

(३) पाठको सार भन्न लगाउनुहोस् ।

(घ) समूहमा अभ्यास १३ को संवाद पूरा गर्न लगाउनुहोस् ।

(ङ) समूहमा अभ्यास १५ का प्रश्नको उत्तर छलफल गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) विद्यार्थीले पाठका आधारमा सोधेका प्रश्नको जवाफ ठीक दिए कि दिएनन्, ख्याल गर्नुहोस् ।

(ख) विद्यार्थीले अभ्यास १३ को संवाद अर्थ बुझेर पूरा गरे कि गरेनन्, हेर्नुहोस् । त्यसै गरी अभ्यास १५ को निमन्त्रणापत्र पढेर दिइएका प्रश्नको जवाफ कस्तो दिन्छन् सुन्नुहोस् र पृष्ठपोषण दिनुहोस् ।

(ग) विद्यार्थीले पाठको सार भन्न लगाउनुहोस् ।

५. **गृहकार्य**

बिहेको निम्तो भन्ने पाठ घरमा पढ्न र अभ्यास १० का प्रश्नको उत्तर लेखेर ल्याउन लगाउनुहोस् । सबै विद्यार्थीका कापी जाँच गर्न नसके बीचबीचका केही विद्यार्थीको जाँच गर्नुहोस् ।

पाठ्यवस्तु : व्याकरण घन्टी - २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

विभिन्न कर्तासँग उपयुक्त क्रियापद प्रयोग भएका वाक्य बोल्न र लेख्न ।

२. शैक्षिक सामग्री

वाक्यपत्ती

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) खेल्नु, खानु, जानु आदि क्रियापदका भूतकालका विभिन्न पक्ष राखेर आफ्नो बारेमा बताउनुहोस् । जस्तै : म सानो छँदा कपर्दी खेल्थेँ । बारीमा जान्थेँ । अम्बाको रूखमा चढ्थेँ । अम्बा खान्थेँ । दाइसँग झगडा गरिरहन्थेँ । आदि ।

(ख) भूतकाल जनाउने यी वाक्यलाई अन्य काल जनाउने वाक्यमा परिवर्तन गर्न लगाउनुहोस् । जस्तै : अहिले म ठूलो भएको छु । म कपर्दी खेल्छु । .......................।

(ग) विद्यार्थीलाई आ-आफ्ना दाजु, दिदी, भाइ, बहिनी, वाबु, आमाका बारेमा यसै गरी बताउन लगाउनुहोस् ।

(ग) तँ, तिमी , उनी जस्ता सर्वनामका रूपमा कर्ताले खाइस्, खेलिस्, गइस्, खायौ, खेल्थ्यौँ, गयौँ, खाए, खान्थे, जान्थे जस्ता रूपका क्रियापद लिन्छन् भनेर वाक्य बनाएर सुनाउनुहोस् र विद्यार्थीलाई पर्याप्त अभ्यास गराउनुहोस् ।

(घ) विद्यार्थीलाई समूहमा अभ्यास ७ र ९ बाट पदसङ्गति मिलेका वाक्य बनाएर प्रस्तुत गर्न लगाउनुहोस् ।

४. मूल्याङ्कन

विद्यार्थीलाई अभ्यास ७ र ९ बाट पदसङ्गति मिलेका वाक्य तयार गरे पार्न लगाउनुहोस् ।

५. गृहकार्य

तँ, तिमी, म, हामी कर्ता राखेर भूतकाल र वर्तमान कालका दुईदुईओटा वाक्य बनाएर ल्याउन लगाउनुहोस र कक्षामा ती वाक्य पढेर सुनाउन लगाउनुहोस् । गल्ती भए सच्याइदिनुहोस् ।

**पाठ्यवस्तु :** **सिर्जनात्मक कार्य** **घन्टी - ३**

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) साधारण संवाद तयार गर्न,

(ख) आफूले तयार पारेको संवादलाई अभिनेयात्मक रूपले वाचन गर्न ।

२. **शैक्षिक सामग्री**

संवादका नमुना

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई कुनै सानो संवाद नमुनाका रूपमा वाचन गरेर सुनाउनुहोस् । उदाहरणका लागि सहर घुम्न जाने सल्लाहका बारेमा निम्नानुसारको संवाद हुन सक्दछ :

जुगन : शनिबार सहर जाऔँ है रामलाल ।

रामलाल : सहर जाँदा त हराइन्छ नि ।

जुगन : हराइँदैन, कस्तो डरपोक ।

रामलाल : सहर गएर के गर्ने ?

जुगन : सहरमा धेरै कुरा हेर्न पाइन्छ । मोटर, कारखाना, अफिस, ठूला पसल ।

रामलाल : कोको जाने नि ।

जुगन : तिमी, म र धर्मेन्द्र ।

(ख) विद्यार्थीलाई वनभोज खान जाने, विद्यालयको सफाइ गर्ने, बिरामी साथी भेट्न जाने जस्ता विषयमा सल्लाह गरेको संवाद समूहमा तयार गर्न लगाउनुहोस् ।

(ग) उनीहरूको संवाद हेरेर आवश्यक परेमा सच्चाइदिनुहोस् ।

(घ) समूहका विद्यार्थीलाई उनीहरूले तयार पारेको, संवाद अभिनेयात्मकरूपले वाचन गर्न लगाउनुहोस् ।

(ङ) उनीहरूको वाचन र अभिनय सुधार गर्ने सुझाव दिनुहोस् ।

(च) कसको संवाद राम्रो भयो, कसले राम्रो वाचन र अभिनय गऱ्यो विद्यार्थीलाई नै सोध्नुहोस् ।

(छ) विद्यार्थीले गरेको प्रयासको सराहना गर्नुहोस्, धन्यवाद दिनुहोस् ।

४. **मूल्याङ्कन**

विद्यार्थीले तयार गरेको संवाद र उनीहरूले गरेको संवाद वाचन हेरेर मूल्याङ्कन गर्नुहोस् ।

५. **गृहकार्य**

कुनै विषय तोकी संवाद लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

पाठ : ८

# दाजुभाइ र बूढाबा

अनुमानित घन्टी : १२

| पाठ्यवस्तु | घन्टी |
|---|---|
| सस्वरवाचन र शुद्धोच्चारण | २ |
| शब्दार्थ र वाक्यमा प्रयोग | २ |
| बोध र प्रश्नोत्तर | ३ |
| व्याख्या र सारांश | २ |
| व्याकरण | २ |
| सिर्जनात्मक अभ्यास | १ |

## पाठ्यवस्तु : सस्वरवाचन र शुद्धोच्चारण घन्टी - २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) गति र यति मिलाई 'दाजुभाइ र बूढाबा' कथाका निर्धारित अनुच्छेदहरूको सस्वरवाचन गर्न,

(ख) पाठमा प्रयुक्त नयाँ शब्दहरू शुद्ध र स्पष्ट उच्चारण गर्न ।

२. शैक्षिक सामग्री

नयाँ शब्दहरूको सूची, शब्दपत्ती, गोजी तालिका, फलाटिन पाटी

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) प्रस्तुत कथा शिक्षण गर्नुअघि हरेक विद्यार्थीलाई आफ्नो पृष्ठभूमि सोध्नुहोस् र सन्दर्भअनुसार तिमी गोपाल वा विमल भएको भए के गर्थ्यौ ? भनेर प्रश्नोत्तर गर्नुहोस् ।

(ख) प्रस्तुत कथाका निर्धारित अनुच्छेद गति र यति मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गराउनुहोस् ।

(ग) सस्वरवाचन गराउँदा अन्य मातृभाषा भएका विद्यार्थीलाई विशेष ध्यान पुऱ्याउनुहोस् र आवश्यकताअनुसार सबै विद्यार्थीलाई सस्वरवाचनको अभ्यास गराउनुहोस् ।

(घ) पाठमा प्रयुक्त नयाँ शब्दहरूको सूची फलाटिन पाटीमा प्रस्तुत गर्नुहोस् । उच्चारणमा कठिन हुने शब्दहरू पालैपालो उच्चारण गरिदिई विद्यार्थीलाई पनि उच्चारण गर्न लगाउनुहोस् ।

प्रस्तुत कथामा उच्चारण गर्न कठिन शब्दहरू बित्नु, नातागोता, ऋण, भरथेग, जीविका चलाउनु, अनुरोध, तोक्मा, भौंतारिँदा, भौचर, चेकबुक, आभार टिलपिलाउनु आदि हुन सक्छन् ।

## ४. मूल्याङ्कन

(क) प्रस्तुत कथाका निर्धारित अनुच्छेद विद्यार्थीलाई सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) पाठका नयाँ शब्दहरू दिई शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

## ५. गृहकार्य

(क) प्रस्तुत कथा घरमा सस्वरवाचन गरेर आउन भन्नुहोस् ।

(ख) कथामा प्रयुक्त नयाँ शब्दहरूको शुद्ध उच्चारण गर्न सिकी आउन निर्देश गर्नुहोस् ।

पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग घन्टी - २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) कथामा प्रयुक्त नयाँ शब्दहरूको अर्थ भन्न,

(ख) ती शब्दहरूलाई आफ्नै वाक्यमा प्रयोग गर्न,

(ग) अशुद्ध शब्दलाई शुद्ध रूपमा परिवर्तन गर्न ।

२. शैक्षिक सामग्री

शब्दार्थ पत्ती, शब्दपत्ती, वाक्यपत्ती, शब्दकोश, गोजी तालिका, फलाटिन पाटी

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) कथाका निर्धारित अनुच्छेदहरू मौनवाचन गर्न लगाउनुहोस् । विद्यार्थीले अर्थ नजानेका कठिन र नयाँ शब्दहरू रेखाङ्कन गर्न वा टिप्न लगाउनुहोस् । ती रेखाङ्कित शब्दहरू पाठका गाढा शब्दमा परेमा तिनको अर्थ अभ्यास नं. ४ मा हेर्न लगाउनुहोस् र नभएमा आफूले अर्थ बताइदिनुहोस् ।

(ख) विद्यार्थीलाई नयाँ शब्दहरू भन्न लगाउनुहोस् र ती शब्दहरू कालोपाटीमा टिप्दै जानुहोस् । नयाँ शब्दहरूको अर्थ विद्यार्थीलाई पालैपालो सोध्दै जानुहोस् । विद्यार्थीबाट ठीक अर्थ नआएमा शब्दार्थपत्ती र शब्दार्थ शिक्षणका विभिन्न तरिकाहरू प्रयोग गरी अर्थ बताइदिनुहोस् ।

(ग) आवश्यक परेमा शब्दकोशको प्रयोग गर्ने तरिका अभ्यास गराउँदै शब्द र अर्थ पत्ता लगाउने अभ्यास गराउनुहोस् ।

(घ) निर्धारित अनुच्छेदहरूका शब्दार्थ शिक्षण गराइसकेपछि ती शब्दहरूलाई आफ्नै वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ङ) शब्दलाई उपयुक्त ढङ्गले वाक्यमा प्रयोग गर्न नजानेमा आफूले वाक्यपत्तीका सहायताले वाक्यमा प्रयोग गर्न सिकाउनुहोस् ।

(च) विभिन्न अशुद्ध रूपमा लेखिएका शब्दहरूलाई शुद्ध रूपमा लेख्न अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) अशुद्ध शब्दसूची दिई शुद्ध गर्न लगाउनुहोस् ।

५. गृहकार्य

पाठका नातागोता, जीविका, तोक्मा, भकारो, आभार, थकित, अनुहार, बूढा आदि जस्ता शब्दहरू दिई तिनको अर्थ लेख्न लगाउनुहोस् र ती शब्दलाई आफ्नै वाक्यमा प्रयोग गर्न निर्देश गर्नुहोस् ।

पाठ्यवस्तु : बोध र प्रश्नोत्तर घन्टी - ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) प्रस्तुत कथाका निर्धारित अनुच्छेदहरूको बोध गरी सोधिएका प्रश्नहरूको उत्तर दिन,

(ख) पाठका अभ्यास खण्डमा सोधिएका प्रश्नहरूको उत्तर दिन ।

२. शिक्षण सामग्री

वोध प्रश्नहरू

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) निर्धारित अनुच्छेदहरू मौनवाचन गर्न लगाउनुहोस् ।

(ख) मौनवाचन सकिएपछि निर्धारित अनुच्छेदहरूबाट आफूले पहिले नै तयार पारेर ल्याएका प्रश्नहरू कालोपाटी वा फलाटिन पाटीमा प्रस्तुत गरी विद्यार्थीलाई उत्तर दिन लगाउनुहोस् ।

(ग) विद्यार्थीबाट आएका मौखिक उत्तर ठीक भए ठीक भएको सङ्केत गर्नुहोस् र ठीक नभए सकभर विद्यार्थीहरूबाटै ठीक उत्तरको खोजी गर्नुहोस् र ठीक उत्तर नआएमा मात्र ठीक उत्तर बताइदिनुहोस् ।

(घ) प्रस्तुत पाठको अभ्यास खण्डमा सोधिएका प्रश्नहरूको उत्तर दिन लगाउनुहोस् र उपयुक्त उत्तर नआएमा आफैँले बताइदिनुहोस् ।

(ङ) कक्षामा पाठको अभ्यासका प्रश्नको उत्तर विद्यार्थीमा सुनिश्चित पार्न छलफल गराउनुहोस् र उत्तर दिन लगाई अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) विद्यार्थीलाई पाठमा विर्धारित अनुच्छेदबाट बोध प्रश्नहरू सोधी उत्तर दिन लगाउनुहोस् ।

(ख) कथाका पाठ्यवस्तुसम्बन्धी प्रश्न सोधी छलफल गराएर उत्तर दिन लगाउनुहोस् ।

(ग) पाठका अभ्यास खण्डका निर्धारित प्रश्नहरूको उत्तर दिन लगाई अभ्यास गराउनुहोस् ।

५. गृहकार्य

यस कथाका पाठ्यवस्तुसम्बन्धी र अभ्यास खण्डका अभ्यास नं. ५ र ७ का प्रश्नहरूको उत्तर लेखेर ल्याउन भन्नुहोस् ।

## पाठ्यवस्तु : व्याख्या र सारांश घन्टी - २

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) कथाका मुख्य वाक्य वा पङ्क्तिहरूको भाव व्याख्या गर्न,

(ख) दिइएको अनुच्छेदको सारांश लेख्न ।

२. **शैक्षिक सामग्री**

विशिष्ट पङ्क्तिहरू, सारांशका नमुना, फलाटिन पाटी

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) प्रस्तुत कथाबाट मुख्य अंश वा पङ्क्ति छानेर त्यसको भाव व्याख्याका लागि बुँदा वा पाठ्यवस्तुका बारेमा कक्षामा छलफल गर्नुहोस् । जस्तै :

- तिमीहरूको मिहिनेतले खेतबारीमा अन्न दोब्बर भएको छ ।
- तिमीहरूले खेतबारीमा काम गर्नु, खेतीपातीको काम म सिकाइदिउँला ।

(ख) कुनै एक पङ्क्तिको नमुना व्याख्या गर्न लगाउनुहोस् । व्याख्या गर्दा प्रत्येक विद्यार्थीलाई दिइएको पङ्क्तिबाट आफूले बुझेका एकएक कुरा बुँदाका रूपमा भन्न लगाई टिपोट गर्नुहोस् । विद्यार्थीले भनेका बुँदा पङ्क्तिको भावसँग नमिल्ने भएमा सच्याइदिनुहोस् ।

(ग) विद्यार्थीले तयार पारेको व्याख्या कक्षामा प्रस्तुत गर्न लगाई शिक्षकले समेत आवश्यक बुँदा थप्न र अनावश्यक बुँदा झिक्न लगाई व्याख्याको अभ्यास गराउनुहोस् ।

(घ) पाठको कुनै अनुच्छेद वा अनुच्छेदको अंश दिएर सारांश लेख्ने अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) पाठका विशिष्ट पङ्क्ति दिई व्याख्या गर्न लगाउनुहोस् ।

(ख) कुनै अनुच्छेदको अंश दिई सारांश लेख्न लगाउनुहोस् ।

५. **गृहकार्य**

कथाबाट विशिष्ट पङ्क्तिहरू दिई व्याख्या गरेर ल्याउन निर्देश गर्नुहोस् र उक्त उत्तरको परीक्षण गर्नुहोस् ।

पाठ्यवस्तु : व्याकरण घन्टी - २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) काल (समय) का आधारमा पदसङ्गति मिलाउन,

(ख) उदाहरणअनुसार वाक्य निर्माण गर्न ।

२. शैक्षिक सामग्री

वाक्यपत्ती, शब्द र वाक्यका तालिका वा सूची, समय (काल) का आधारमा पदसङ्गतिका नमुना वाक्यहरू, फलाटिन पाटी

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) विभिन्न उदाहरण दिएर कालका आधारमा वाक्यहरू परिवर्तन गर्ने अभ्यास गराउनुहोस् । जस्तै :

| पढ्छु | पढें | पढ्ने छु |
|---|---|---|
| गर्छु | ........... | ............. |
| लेख्छु | ........... | ............. |
| खान्छु | ........... | ............. |

(ख) तालिकामा दिइएका शब्दहरूका आधारमा वाक्य निर्माण गर्न लगाउनुहोस् । यसका लागि अभ्यास ९ को तालिका प्रयोग गर्न सकिन्छ ।

(ग) विभिन्न वाक्यहरूमा खाली ठाउँ दिई उपयुक्त शब्द भर्ने अभ्यास गराउनुहोस् । जस्तै :

................ विद्यालय जान्छौँ । (तिमी, म, हामी)

उनीहरू विद्यालय .............. । (गयो, गए, जान्छु)

तिमी विद्यालय ................. । (जान्छु, जान्छौ, जान्छौँ)

................ विद्यालय जाँदै छ । (उनी, तिमीहरू, ऊ)

४. मूल्याङ्कन

(क) विद्यार्थीहरूलाई पाठको अभ्यास ८ मा दिए जस्तै शब्दहरू दिएर रूप परिवर्तन गर्न लगाउनुहोस् ।

(ख) पाठको अभ्यास १० मा जस्तै वाक्यहरू दिएर वाक्य ढाँचामा परिवर्तन गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीले लेखेर तयार पारेको उत्तर जाँचेर पृष्ठपोषण दिनुहोस् ।

५. गृहकार्य

अभ्यास ८, ९, १० घरबाट गरेर ल्याउन लगाउनुहोस् ।

पाठ्यवस्तु : सिर्जनात्मक अभ्यास घन्टी - १

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) दिइएको शीर्षक, घटना वा बुँदाहरूका आधारमा स-साना कथाको रचना गर्न,

(ख) पठित कथाका आधारमा कथा लेख्न,

(ग) दिइएको बैङ्क भौचर भर्न ।

२. शैक्षिक सामग्री

कथाका शीर्षकहरूको सूची, कथाका घटना वा बुँदाहरू, कथाका नमुना, बाल पत्रपत्रिकाहरू, बैङ्क भौचरका नमुनाहरू, फलाटिन पाटी आदि

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) शिक्षकले कुनै घटना वा बुँदाहरू दिई त्यस्तो घटना वा बुँदाहरूलाई कथाका रूपमा कसरी प्रस्तुत गर्न सकिन्छ भन्ने विषयमा विद्यार्थीसँग छलफल गर्नुहोस् ।

(ख) छोटाछोटा कथाहरूको लेखनको अभ्यास गराउनुहोस् ।

(ग) कक्षामा नमुना कथा पनि प्रस्तुत गर्नुहोस् र यसका लागि मुना, बालकोसेली आदिमा प्रकाशित भएका बालकथाहरूको आधार लिनुहोस् ।

(घ) शिक्षकले कथाका बुँदाहरूलाई फलाटिन पाटी वा कालोपाटीमा प्रस्तुत गरी दिइएका बुँदाहरूका आधारमा कथालेखनको अभ्यास गराउनुहोस् ।

(च) पाठयपुस्तकको अभ्यास १२ मा दिइएको वा कुनै बैङ्कको प्रचलित भौचर ल्याई उक्त भौचर कसरी भर्न सकिएला भनी छलफल गरेर भौचर भर्ने अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) कथाका घटना दिई घटनाहरूका आधारमा कथालेखन गराउनुहोस् ।

(ख) कुनै शीर्षक दिई कथालेखनको अभ्यास गराउनुहोस् ।

(ग) पाठको अभ्यासअन्तर्गत ११ र १२ को अभ्यास गराउनुहोस् ।

५. गृहकार्य

शीर्षक, घटना र बुँदाहरू दिएर छुट्टाछुट्टै रूपमा कथा लेखेर ल्याउने निर्देश गर्नुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

## पाठ : ९ स्वस्थ बनौं

अनुमानित घन्टी : १२

| पाठ्यवस्तु | | घन्टी |
|---|---|---|
| १. | सस्वरवाचन र शुद्धोच्चारण | २ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | २ |
| ३. | पठनबोध र प्रश्नोत्तर | ३ |
| ४. | व्याकरण | २ |
| ५. | सिर्जनात्मक अभ्यास | ३ |

**पाठ्यवस्तु : सस्वरवाचन र शुद्धोच्चारण घन्टी - २**

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठको सस्वरवाचन गर्न,

(ख) पाठमा प्रयोग भएका नयाँ शब्दहरूको शुद्धोच्चारण गर्न ।

२. **शैक्षिक सामग्री**

शब्दार्थपत्ती, वाक्यपत्ती, गोजी तालिका, फलाटिन पाटी

३. **शिक्षणसिकाइ क्रियाकलाप**

१ सर्वप्रथम विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् ।

२ पहिले आफैँले नमुना वाचन गरेर सबैलाई सँगसँगै वाचन गर्न निर्देशन दिनुहोस् ।

३ विद्यार्थीहरू सस्वर वाचनमा सक्षम भएपछि पाठमा प्रयोग भएका र आफूले अर्थ नजानेका नयाँ शब्दहरूको टिपोट गर्न लगाउनुहोस् ।

४ नयाँ शब्दहरू गोजी तालिकामा राखेर पटकपटक उच्चारण अभ्यास गराउनुहोस् ।

५ विद्यार्थीले गल्ती गरे आफैँले सच्याइदिनुहोस् ।

६ विद्यार्थीहरूलाई पर्याप्त उच्चारण अभ्यास गराई राम्रो प्रगति गर्ने विद्यार्थीलाई स्याबासी दिनुहोस् ।

४. **मूल्याङ्कन**

तल दिइएका शब्दहरू शुद्धसँग उच्चारण गर्न लगाउनुहोस् :

यन्त्र, दीर्घायु, परिश्रम, व्यायाम, मांसपेशी, शिथिल, निम्त्याउनु, पूर्ति, शक्ति

५. **गृहकार्य**

पाठको अभ्यास १ र २ को उच्चारण अभ्यास गरेर आउन निर्देशन दिनुहोस् ।

**पाठ्यवस्तु :** **शब्दार्थ र वाक्यमा प्रयोग** **घन्टी - २**

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयोग भएका नयाँ शब्दहरूको अर्थ लेख्न,

(ख) पाठमा प्रयोग भएका विभिन्न शब्दहरूको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न ।

२. **शैक्षिक सामग्री**

शब्दार्थपत्ती, वाक्यपत्ती, गोजी तालिका, फलाटिन पाटी

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम पाठको मौनवाचन गराएर आफूले अर्थ नजानेका नयाँ शब्दहरूको टिपोट गराउनुहोस् । आवश्यकताअनुसार सस्वरवाचन पनि गराउनुहोस् ।

(ख) विद्यार्थीले टिपोट गरेका शब्दहरू शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

(ग) गोजी तालिका र शब्दार्थ पत्तीका सहायताले शब्दार्थ शिक्षण प्रभावकारी बनाउनुहोस् ।

(घ) विद्यार्थीहरूलाई शब्द र अर्थसँग अभ्यस्त बनाएपछि वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् ।

(ङ) नमुना वाक्य फलाटिन पाटीमा टाँसेर सबैलाई पढ्न लगाउनुहोस् र वाक्य निर्माणको अभ्यास पटकपटक गराउनुहोस् ।

(च) वाक्य बनाउँदा सधैँ सकारात्मक वाक्य बनाउन प्रोत्साहित गर्नुहोस् । प्रेरणात्मक वाक्य बनाउन अभ्यस्त गराउनुहोस् । विद्यार्थीले बनाएका वाक्य गलत भए पनि सोझै गलत नभनी सच्याइदिनुहोस् । उनीहरूलाई स्तरअनुकूलका वाक्य निर्माण गर्ने अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

तलका शब्दहरूको अर्थ भन्न लगाउनुहोस् :

दीर्घायु, वञ्चित, शिथिल, नियमित, जाँगरिला

५. **गृहकार्य**

पाठको अभ्यास ३ र ७ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

पाठ्यवस्तु : पठनबोध र प्रश्नोत्तर घन्टी - ३

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठको अभ्यासमा भएका प्रश्नोत्तर प्रस्टसँग गर्न,

(ख) पाठको मौनवाचन गरी महत्त्वपूर्ण बुँदाहरूको टिपोट गर्न ।

२. **शैक्षिक सामग्री**

विभिन्न अनुच्छेदका बुँदाहरू, प्रश्नोत्तर नमुना ।

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) पाठको मौनवाचन गर्न लगाई मुख्यमुख्य बुँदाहरू टिपोट गर्न लगाउनुहोस् ।

(ख) बुँदा टिपोटका आधारमा प्रश्न निर्माण गरी प्रश्नोत्तर अभ्यास गराउनुहोस् ।

(ग) विद्यार्थीहरूलाई पाठमा भएका प्रश्नोत्तर अभ्यास निरन्तर गराउनुहोस् ।

(घ) विद्यार्थीहरूले तयार पारेको प्रश्नोत्तर निरीक्षण गरेर आवश्यक सुझाव दिनुपर्ने भए दिनुहोस् ।

(ङ) प्रश्नोत्तर अभ्यास गर्दा विद्यार्थीहरूलाई आपसमा समूह बनाई छलफलसमेत गराउनुहोस् र समूहको निष्कर्षबाट परिष्कृत उत्तर भन्न/लेख्न लगाउनुहोस् ।

(च) सकेसम्म विद्यार्थीहरूबाटै प्रश्नको उत्तर आउने वातावरण सिर्जना गरिदिनुहोस् ।

४. **मूल्याङ्कन**

(क) पाठमा आधारित विभिन्न छोटो उत्तर आउने प्रश्नहरू सोध्नुहोस् । प्रश्नको सही उत्तर आउन नसके आफूले स्पष्ट पारिदिनुहोस् ।

(ख) कुनै अनुच्छेद पढ्न दिएर त्यसबाट बुँदा टिपोट गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

पाठमा भएका ४, ६, ८ र ११ अभ्यास गरेर आउन निर्देशन दिनुहोस् ।

पाठ्यवस्तु : व्याकरण घन्टी - २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयोग भएका व्याकरण अभ्यास पूरा गर्न,

(ख) सामान्य वर्तमान, अपूर्ण वर्तमान र पूर्ण वर्तमान कालका वाक्यहरू निर्माण गर्न ।

२. शैक्षिक सामग्री

वर्तमान कालका पक्षका विभिन्न चार्टहरू, सामान्य वर्तमान, अपूर्ण वर्तमान, पूर्ण वर्तमानमा परिवर्तन गरिएका वाक्यको नमुनाहरू

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) विद्यार्थीहरूलाई वर्तमान कालका पक्षका बारेमा जानकारी गराउनुहोस् ।

(ख) खान्छ, जान्छ, पढ्छ जस्ता क्रियापद राखेर वर्तमानका तीन ओटै पक्षका वाक्य निर्माण गर्न लगाउनुहोस् । वाक्य निर्माण भएपछि तिनीहरूको अर्थमा के कस्तो भिन्नता छ छलफल गराउनुहोस् ।

(ग) विभिन्न पक्षका वाक्यहरू फलाटिन पाटीमा टाँसेर आवश्यक छलफल गराउनुहोस् ।

(घ) विद्यार्थीहरूद्वारा निर्मित वाक्यहरू ठीक भए नभएको परीक्षण गर्नुहोस् ।

(ङ) विद्यार्थीलाई पाठ वा कुनै अंश पढ्न लगाई त्यसबाट सामान्य वर्तमान, अपूर्ण र पूर्ण वर्तमान कालका वाक्य टिपोट गरी भन्न लगाउनुहोस् ।

४. मूल्याङ्कन

विद्यार्थीहरूलाई खान्छ, जान्छ, लेख्छ, नाच्छ, हाँस्छ जस्ता क्रियापदहरू वर्तमानका तीन ओटै पक्षका वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

५. गृहकार्य

निम्नलिखित क्रियापद प्रयोग गरी वाक्य निर्माण गर्न लगाउनुहोस् :

लेख्छ, गाउँछ, नाच्छ, दगुर्छ, पढ्छ ।

## पाठ्यवस्तु : सिर्जनात्मक अभ्यास घन्टी - ३

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठमा भएका सिर्जनात्मक अभ्यास पूरा गर्न,

(ख) विभिन्न शीर्षकमा निबन्ध सिर्जना गर्न ।

२. **शैक्षिक सामग्री**

निबन्धका विभिन्न नमुनाहरू, निबन्ध लेखनका चरणबद्ध बुँदाहरू

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई कुनै विषय दिएर त्यसका विभिन्न पक्षका बारेमा आवश्यक छलफल गराउनुहोस् ।

(ख) विद्यार्थीहरूलाई सम्बन्धित विषयको बुँदा टिपोट गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीहरूद्वारा टिपोट गरेका बुँदाहरूका आधारमा निबन्ध लेखन अभ्यास गराउनुहोस् ।

(घ) विद्यार्थीहरूले तयार गरेको निबन्ध परीक्षण गरेर आवश्यक सुझावसहित परिमार्जनसमेत गर्नुहोस् ।

(ङ) विद्यार्थीहरूलाई विभिन्न शीर्षक दिई पटकपटक अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

'मेरो फूलबारी' शीर्षकमा दसओटा बुँदा टिपोट गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

विद्यार्थी वा विद्यार्थीको समूह तोकी खेलकुद, विद्यालय जस्ता विषयमा निबन्ध लेखेर ल्याई कक्षामा सुनाउन निर्देशन दिनुहोस् ।

## पाठ : १० बुबाको चिठी

अनुमानित घन्टी : ७

| | पाठ्यवस्तु | घन्टी |
|---|---|---|
| १. | शुद्ध र स्पष्ट वाचन पठनबोध र प्रश्नोत्तर | ३ |
| २. | घरायसी चिठीको ढाँचा र घरायसी चिठी लेखन | ४ |

### पाठ्यवस्तु : शुद्ध र स्पष्ट वाचन, पठनबोध र प्रश्नोत्तर घन्टी : ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) प्रस्तुत चिठी शुद्ध र स्पष्टसँग वाचन गर्न,

(ख) मौन वाचनसहित बोध गर्न,

(ग) चिठीमा अभिव्यक्त विषयवस्तुसम्बन्धी प्रश्नको उत्तर दिन ।

२. शैक्षिक सामग्री

घरायसी चिठीका नमुना, बोध प्रश्नहरू, विभिन्न खालका प्रश्नहरू

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) विद्यार्थीहरूलाई चिठीसम्बन्धी परिचय दिन चिठीका नमुना देखाउँदै वा कालोपाटीमा चिठीका विभिन्न भागमा लेखिने कुरा उल्लेख गर्दै चिठीका अङ्गहरू तथा मिति, स्थान, अभिवादन, सम्बोधन, पेटबोली, समापन आदि निर्देश गर्नुहोस् र चिठीको परिचय पनि दिनुहोस् । जस्तै : आफन्त, इष्टमित्र वा विभिन्न संस्था, विद्यालय तथा कार्यालयका बीचमा गरिने विचार आदान-प्रदानको लिखित माध्यम चिठी हो । प्राथमिक तहमा यसका घरायसी चिठी र निवेदन गरी दुई किसिमका चिठी राखिएको छ ।

(ख) यसपछि शिक्षकले एकदुई अनुच्छेद वाचन गर्दै सुनाएर विद्यार्थीहरूलाई पालैपालो सस्वर वाचनद्वारा शुद्ध र स्पष्ट वाचन गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीहरूलाई प्रस्तुत चिठीको अनुच्छेद मौनवाचन गर्न निर्देश गर्दै बोध प्रश्नहरू सोधी उत्तर दिन लगाउनुहोस् । उदाहरणार्थ केही बोध प्रश्नहरू यसप्रकार छन् :

(अ) प्रस्तुत चिठी नाताका दृष्टिले कसले कसलाई लेखेको हो ?

(आ) चिठीमा कहाँ गएको उल्लेख छ ?

(इ) चिठी लेख्नेले के कुरामा ध्यान दिन अनुरोध गरेका छन् ?

(घ) पठनबोधपछि चिठीमा अभिव्यक्त विषयवस्तुका आधारमा तलका जस्ता प्रश्न सोधी तिनको उत्तर दिन विद्यार्थीहरूलाई लगाउनुहोस् । जस्तै :

(अ) यो चिठी के विषयमा लेखिएको छ ?

(आ) घरायसी चिठीमा मिति र ठेगाना कहाँ लेखिन्छ ?

(इ) चिठी पठाउने खाममा पठाउने र पाउनेको नाम ठेगाना कहाँकहाँ लेखिन्छ ?

(ङ) अभ्यासका १, २, ३, ४ र ५ नं. गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) तलका किसिमका प्रश्न सोध्नुहोस् :

(अ) घरायसी चिठीका प्रमुख भाग केके हुन् ?

(आ) घरायसी चिठीमा मिति, स्थान र अभिवादन कहाँकहाँ लेखिन्छ ?

(ख) प्रस्तुत चिठी शुद्ध र स्पष्टसँग वाचन गर्न लगाउनुहोस् ।

५. गृहकार्य

प्रस्तुत चिठीका विषयवस्तुसम्बन्धी प्रश्नहरू दिई उत्तर लेख्न लगाउनुहोस् ।

## पाठ्यवस्तु : घरायसी चिठीको ढाँचा र घरायसी चिठी लेखन घन्टी - ४

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) घरायसी चिठीको ढाँचा बताउन,

(ख) तोकिएको विषयमा आधारित भएर घरायसी चिठी लेख्न ।

२. **शैक्षिक सामग्री**

घरायसी चिठीको ढाँचा, घरायसी चिठीका नमुना पाठ्यपुस्तक

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) शिक्षकले विभिन्न किसिमका घरायसी चिठीका नमुना प्रस्तुत गर्दै घरायसी चिठीका लागि आवश्यक पर्ने ढाँचा र घरायसी चिठीमा समावेश गर्नुपर्ने कुरा बताउनुहोस् । जस्तै : घरायसी चिठी लगायत चिठीका मुख्यत: तीन भागमा तलका कुरा समावेश गर्नुपर्छ :

(अ) चिठी लेख्दा पत्रको दायाँतिर शिरमा प्रेषक (चिठी पठाउने वा लेख्ने) को ठेगाना र त्यसैको मुनि मिति लेख्नुपर्छ ।

(आ) पत्रको बायाँतिर थोरै ठाउँ छोडी नाताअनुसार सम्बोधन गरी त्यसको लगत्तै तल अभिवादन वा शिष्टाचारका शब्द लेख्नुहोस् ।

(इ) चिठीको मध्यभागमा कुशलताको कामना गर्दै सम्बन्धित विषयका विभिन्न अनुच्छेदमा लेख्नुपर्छ ।

(ई) चिठीको अन्त्य भागमा प्रापकसँगको सम्बन्ध लेखी आफ्नो नाम लेख्नुपर्छ ।

(उ) चिठी लेखिसकेपछि खामको दायाँतिर प्रापकको नाम र ठेगाना तथा बायाँतिर प्रेषकको नाम र ठेगाना लेख्नुपर्छ ।

(ख) यसरी घरायसी चिठीका ढाँचा र घरायसी चिठीमा समावेश गर्नुपर्ने कुरा बताएपछि विषय तोकी बाबु, आमा, दाजु, दिदी वा साथीलाई चिठी लेख्दा केकस्ता सम्बोधन, अभिवादन, प्रापकसँगको सम्बन्ध लेख्नुपर्छ भन्ने कुरा विद्यार्थीहरूसँग छलफल गरी तद्नुसार कालोपाटीमा लेखेर देखाउनुहोस् र विद्यार्थीहरूलाई सोहीअनुसार लेख्न लगाउनुहोस् ।

(ग) यसपछि कक्षाका विद्यार्थीले लेखेका चिठीका ढाँचा तथा व्यहोरासमेत शिक्षकले निरीक्षण गर्नुहोस् र आवश्यक निर्देश गर्नुहोस् ।

(घ) यस क्रममा विद्यार्थीहरूलाई चिठी तयार पार्न लगाउनुहोस् र उक्त चिठी लेखिसकेपछि कमजोर विद्यार्थीहरूतिर विशेष ध्यान दिँदै तिनीहरूले लेखेका चिठी उपयुक्त भए नभएको निरीक्षण गर्नुहोस् । कक्षामा आवश्यकतानुसार केही चिठी वाचन गर्न लगाएर आवश्यक टिप्पणी वा सल्लाहसमेत दिनुहोस् र चिठी लेखनमा अभ्यास गराउनुहोस् ।

(ङ) अभ्यासका ६, ७, ८, ९ र १० नं. गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) शिक्षकले चिठीको ढाँचा र घरायसी चिठीमा समावेश गर्नुपर्ने कुरा भन्न र गर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

(ख) विभिन्न विषय दिई उपयुक्त ढाँचामा चिठी तयार पार्न लगाउनुहोस् ।

५. गृहकार्य

विभिन्न विषय तोकेर घरायसी चिठी लेख्न गृहकार्य दिनुहोस् ।

# पाठ : ११ आमा

अनुमानित घन्टी : १२

| पाठ्यवस्तु | घन्टी |
| --- | --- |
| १. शुद्धोच्चारण | २ |
| २. लयबोध | २ |
| ३. भावबोध र प्रश्नोत्तर | २ |
| ४. व्याख्या | २ |
| ५. व्याकरण | २ |
| ६. सिर्जनात्मक अभ्यास | २ |

## पाठ्यवस्तु : शुद्धोच्चारण घन्टी - २

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

'आमा' कविताका कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न ।

२. **शैक्षिक सामग्री**

शब्दपत्ती, कठिन शब्दहरूको सची, गोजी तालिका, फलाटिन पाटी

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम कविताको नमुना वाचन गर्नुहोस् ।

(ख) सबै विद्यार्थीहरूलाई कविताको सस्वरवाचन गर्न निर्देशन दिनुहोस् ।

(ग) सस्वरवाचनपछि विद्यार्थीहरूलाई कठिन शब्दहरू टिपोट गर्न लगाउनुहोस् ।

(घ) आफूले तयार गरको कठिन शब्दहरूको सूची तथा शब्दपत्तीहरू फलाटिन पाटीमा सबैले देख्ने गरी अगाडि राख्नुहोस् ।

(ङ) विद्यार्थीहरूलाई कठिन लागेका शब्दहरू पटकपटक उच्चारण गरेर विद्यार्थीहरूलाई सँगसँगै उच्चारण गर्न लगाउनुहोस् ।

**(च) सबै विद्यार्थीहरूलाई समान अवसर दिएर सक्रिय सहभागी बनाउनुहोस् ।**

(छ) पाठमा उल्लेख भएका र पाठका शब्दसँग मिल्ने श्रुतिसमभिन्नार्थक शब्द पाटीमा लेखेर उच्चारण गर्नु गराउनुहोस् ।

**४. मूल्याङ्कन**

तल दिइएका शब्दहरू उच्चारण गर्न पालैपालो विद्यार्थीहरूलाई सोध्नुहोस् । सही उच्चारण गर्ने विद्यार्थीलाई स्याबासी दिनुहोस् । सही उच्चारण गर्न नसक्ने विद्यार्थीहरूलाई पटकपटक अभ्यास गराउनुहोस् ।

प्राण, फूल, तिम्रै, महिमा, अपार, सिद्धिन्न, हदेम, प्रेमधारा, असङ्ख्या, सपूत, सुयोग्य

५. गृहकार्य

तलका शब्दहरू शुद्ध उच्चारण गर्ने अभ्यास गरेर आउन निर्देशन दिनुहोस् :

(क) अभ्यास २ को शब्दहरू

(ख) सिद्धिन्न, हर्दम, असङ्ख्य, सपूत, सुयोग्य

पाठ्यवस्तु : **लयबोध** **घन्टी - २**

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

'आमा' कविताको गति, यति र लय मिलाएर वाचन गर्न ।

२. **शैक्षिक सामग्री**

कविताको गति, यति र विश्रामको चार्ट, सम्भव भए कविताको क्यासेट

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम कविताको नमुना वाचन गरिदिनुहोस् ।

(ख) विद्यार्थीहरूलाई विभिन्न समूहमा बाँडेर पहिले समूहगत रूपमा त्यसपछि व्यक्तिगत रूपमा कविता लयबद्ध वाचन गर्न लगाउनुहोस् ।

(ग) कविताको गति, यति, लय र विश्रामको आधारमा सबै विद्यार्थीहरूलाई लयको अभ्यास गराउनुहोस् ।

(घ) लयवाचन गर्न समूहमा प्रतियोगितासमेत गराउनुहोस् । राम्रो गर्ने समूहलाई स्यावासी दिन नभुल्नुहोस् ।

(ङ) कविता राम्रो वाचन गर्ने विद्यार्थीलाई अगाडि ल्याएर नमुनावाचन गर्न लगाउनुहोस् । त्यसैअनुसार अन्य विद्यार्थीहरूलाई पनि वाचन गर्न भन्नुहोस् ।

४. **मूल्याङ्कन**

कविताका विभिन्न हरफहरू पालैपालो वाचन गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

आमा कविता गति, यति र लय मिलाएर वाचनका लागि अभ्यास गर्न निर्देशन गर्नुहोस् ।

पाठ्यवस्तु : भावबोध र प्रश्नोत्तर घन्टी - २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'आमा' कविताको भावबोध गर्न ।

(ख) 'आमा' कविताका बारेमा प्रश्नोत्तर गर्न ।

२. शैक्षिक सामग्री

बुँदा टिपोटको तालिका, नमुना उत्तर, फलाटिन पाटी आदि

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम कक्षामा कविताको सस्वरवाचन गराउनुहोस् ।

(ख) विद्यार्थीहरूलाई आमा कविताको भावार्थका सम्वन्धमा बुँदागत रूपमा छलफल गराउनुहोस् ।

(ग) निम्नलिखित प्रश्न तालिका प्रदर्शन गरेर आवश्यक छलफल गराउनुहोस् :

(अ) हामीलाई जन्म कसले दिन्छ ?

(आ) हामीलाई प्राण कसले दिन्छ ?

(इ) आमा फूलको बोट हुन् भने हामी के हौ ?

(ई) आमाले कसरी सहारा दिन्छिन् ?

(उ) आमाको गुणको वदला दिने वस्तु केके छन् ?

(ऊ) सपूत बन्न के गर्नुपर्छ ?

(ए) सुयोग्य पुत्र बन्न हामीले केके गर्नुपर्छ ?

(घ) 'आमा' कविताको शीर्षक किन **आमा** राखेको हो भन्ने सम्बन्धमा एक अनुच्छेद लेख्न भन्नुहोस् ।

४. मूल्याङ्कन

(क) कविताको अन्तिम श्लोकको भाव भन्न लगाउनुहोस् ।

(ख) विद्यार्थीहरूलाई पुरै कविताको भाव सोध्नुहोस् ।

५. गृहकार्य

(क) आमा कविताको भावार्थ लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

(ख) पाठमा भएका प्रश्नोत्तरहरू गरेर ल्याउन निर्देशन दिनुहोस् ।

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

'आमा' कविताका विशिष्ट हरफहरूको व्याख्या गर्न ।

२. शैक्षिक सामग्री

· विशिष्ट पङ्क्तिको सूची, व्याख्याको नमुना, फलाटिन पाटी

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम कविताको मौनवाचन गरेर व्याख्या गर्न उपयोगी हरफहरू छान्न लगाउनुहोस् ।

(ख) विद्यार्थीहरूले छानेका विशिष्ट हरफहरूको व्याख्या गर्न विद्यार्थीहरूलाई व्याख्याका नमुना प्रस्तुत गरेर छलफल गराउनुहोस् ।

(ग) व्याख्या गर्दा आदिभाग (सुरु) मध्यभाग र अन्त्यभाग मिलाएर लेख्न प्रेरित गर्नुहोस् ।

(घ) कवितालाई बढाएर लेख्ने अभ्यास विद्यार्थीहरूलाई पटकपटक गराउनुहोस् ।

(ङ) विद्यार्थीहरूले तयार पारेका नमुना उत्तरहरू निरीक्षण गरेर आवश्यक थपघटसमेत गरी दिनुहोस् ।

(च ) राम्रो व्याख्या लेख्ने विद्यार्थीका उत्तरपुस्तिकाहरू पढेर सुनाउनुहोस् र अन्य विद्यार्थीहरूलाई पढ्न पनि भन्नुहोस् ।

४. मूल्याङ्कन

व्याख्या गर्न लगाउनुहोस् :

ज्ञानी भई नाम कमाई उच्च

बन्ने छु तिम्रो म सुयोग्य पुत्र ।

५. गृहकार्य

तलका पङ्क्ति व्याख्या गरेर ल्याउन निर्देशन दिनुहोस् :

• बिग्रिरहेको म बनाइदिन्छु

सारा रुनेलाई हँसाई दिन्छु ।

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'आमा' कवितामा प्रयोग भएका व्याकरणात्मक अभ्यास हल गर्न,

(ख) शिरविन्दु लगाएका शब्दको प्रयोग गरी वाक्य बनाउन ।

२. **शैक्षिक सामग्री**

शिरविन्दु लागेका शब्दहरूको सूची, वाक्यपत्ती, शब्दपत्ती, फलाटिन वोर्ड आदि

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम विद्यार्थीहरूलाई विभिन्न शब्दहरू दिएर पाठबाट तिनीहरूको शुद्धरूप खोज्न लगाउनुहोस् ।

(ख) 'आमा' कवितामा प्रयोग भएका शिरविन्दु लागेका शब्दहरू टिपोट गर्न लगाउनुहोस् ।

(ग) शिरविन्दु लागेका शब्दलाई शिरविन्दु नलगाई उच्चारण गर्दा हुने फरकका बारेमा छलफल गराउनुहोस् ।

(घ) पाठमा अशुद्ध शब्दहरूले दिने अर्थगत भिन्नतासम्बन्धी छलफल गराउनुहोस् ।

(ङ) व्याकरणको सम्बन्धित विषयवस्तुका बारेमा मौखिक तथा लिखित दुवै किसिमबाट प्रश्नोत्तर गर्नु गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) तलका शब्दहरूको शुद्ध रूप लेख्न लगाउनुहोस् :

टिम्रो, प्रान, पूद्र, सूयोज्ञ

(ख) वाक्य बनाउन लगाउनुहोस् :

वंश, कंश, अंश

५. **गृहकार्य**

वाक्यमा प्रयोग गरेर ल्याउन निर्देशन दिनुहोस् :

संवाद, संसार, अंश, हंश, कंश, वंश

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'आमा' कविताकै लयमा चार हरफहरू कविता लेख्न,

(ख) 'बाबा' शीर्षकमा कम्तीमा चार हरफहरू कविता लेख्न ।

२. **शैक्षिक सामग्री**

नमुना कविता तालिका, फलाटिन वोर्ड

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) कक्षामा विद्यार्थीहरूलाई 'आमा' कविता पटकपटक पढ्न लगाउनुहोस् ।

(ख) 'आमा' कविताकै लयमा म, हामी, दिदी, पानी आदि शीर्षक दिइएर सबैलाई एकएक हरफ कविता लेख्न निर्देशन दिनुहोस् ।

(ग) हरेक विद्यार्थीलाई पालैपालो एकएक हरफ थप्न लगाउनुहोस् चार चारजनाको समूह बनाउन नबिर्सनुहोस् ।

(घ) विद्यार्थीलाई नमुना कविता वाचन गर्ने अवसर दिनुहोस् ।

(ङ) अब विद्यार्थीहरूमा कम्तीमा एक दुई हरफसम्म कविता लेख्ने उत्साह पलाउँछ । तपाईं यही समयमा उनीहरूलाई थप अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

विद्यार्थीले तयार पारेका कवितामा एकएक हरफ थप्न लगाउनुहोस् :

इच्छा हजारौं मनमा संगाली
मान्छे स्वयं बन्दछ भाग्यशाली ॥

...............................

...............................

५. **गृहकार्य**

तलको कविता पूरा गर्न निर्देशन दिनुहोस् :

इच्छा हजारौं मनमा सँगाली
मान्छे स्वयं बन्दछ भाग्यशाली ॥
समस्या इच्छा बटुलेर खाली
आफू स्वयम् बन्नु छ भाग्यशाली ॥
मनमा हजारौं सपना सजाई
हिँड्छौ किन आफूसँगै लजाई ॥

...............................

पाठ : १२

# बजा लौरी डाङ्डुङ

अनुमानित घन्टी : १३

| पाठ्यवस्तु | | घन्टी |
|---|---|---|
| १. | सस्वरवाचन र शुद्धोच्चारण | २ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | २ |
| ३. | बोध र प्रश्नोत्तर | ३ |
| ४. | सारांश र व्याख्या | २ |
| ५. | व्याकरण | २ |
| ६. | सिर्जनात्मक अभ्यास | २ |

## पाठयवस्तु : सस्वरवाचन र शुद्धोचारण घन्टी - २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) गति, यति मिलाई 'बजा लौरी डाङ्डुङ' कथाका निर्दिष्ट कथाका अनुच्छेदहरू सस्वरवाचन गर्न,

(ख) पाठमा प्रयोग भएका शब्दहरू शुद्ध र स्पष्ट उच्चारण गर्न ।

२. **शैक्षिक सामग्री**

नयाँ शब्दहरूको सूची, शब्दपत्ती, गोजी तालिका, फलाटिन पाटी

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) प्रस्तुत कथासँग मिल्दो कुनै कथा वा प्रसङ्ग सुनाउँदै विद्यार्थीहरूलाई उत्प्रेरित गर्नुहोस् ।

(ख) तत्पश्चात प्रस्तुत कथाका निर्धारित अनुच्छेद गति र यति मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गराउनुहोस् ।

(ग) सस्वरवाचन गराउँदा कमजोर र पछाडि परेका विद्यार्थीमा विशेष ध्यान पुऱ्याउनुहोस् र आवश्यकताअनुसार सबै विद्यार्थीलाई सस्वरवाचनको अभ्यास गराउनुहोस् ।

(घ) पाठमा प्रयुक्त नयाँ शब्दहरूको उच्चारण अभ्यास गराउनुहोस् ।

नयाँ शब्दहरूका सूची फलाटिन पाटीमा प्रस्तुत गर्नुहोस् । उच्चारणमा कठिन हुने शब्दहरू पालैपालो उच्चारण गरिदिई विद्यार्थीलाई पनि उच्चारण गर्न लगाउनुहोस् ।

जस्तै : झुपडी, जीविका, छाया, टिँडी, ताउली, सुनवङ्कौंली आदि

(ङ) विद्यार्थीहरूलाई सस्वरवाचन क्रियाकलाप गराउँदा विभिन्न मातृभाषाका विद्यार्थीहरूका कठिनाइलाई दृष्टिगत गरी आवश्यकताअनुसार सम्बन्धित मातृभाषाका शब्दको प्रयोग गरी अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) प्रस्तुत कथाका निर्धारित अनुच्छेद विद्यार्थीलाई सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) पाठका नयाँ शब्दहरू शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

५. गृहकार्य

(क) प्रस्तुत कथा घरमा सस्वरवाचन गर्न सक्ने भएर आउन भन्नुहोस् ।

(ख) कथामा प्रयुक्त नयाँ शब्दहरूको शुद्ध उच्चारण गर्न सिकी आउन निर्देश गर्नुहोस् ।

पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग घन्टी-२

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्यमा सक्षम हुने छन् :

(क) कथामा प्रयुक्त नयाँ शब्दहरूको अर्थ भन्न,

(ख) नयाँ शब्दहरूलाई आफ्नै वाक्यमा प्रयोग गर्न,

(ग) अशुद्ध शब्दलाई शुद्ध बनाएर सार्न ।

२. शैक्षिक सामग्री

शब्दार्थपत्ती, शब्दपत्ती, वाक्यपत्ती, शब्दकोश, गोजी तालिका, फलाटिन पाटी आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) कथाका निर्धारित अनुच्छेदहरू मौनवाचन गर्न लगाउनुहोस् । विद्यार्थीले अर्थ नजानेका नयाँ र कठिन शब्दहरू रेखाङ्कन गर्न वा टिप्न लगाउनुहोस् । ती रेखाङ्कन गरिएका शब्दहरू पाठका गाढा शब्दमा परेका र तिनको अर्थ पुस्तकमै दिएको भए त्यहीँ हेर्न निर्देश गर्नुहोस् र पाठमा नभएमा आफैँले अर्थ बताइदिनुहोस् ।

(ख) विद्यार्थीलाई नयाँ शब्दहरू भन्न लगाउनुहोस् र ती शब्दहरू कालोपाटीमा टिप्दै जानुहोस् । नयाँ शब्दहरूको अर्थ विद्यार्थीलाई पालैपालो सोध्दै जानुहोस् । विद्यार्थीलाई ठीक अर्थ नआएमा शब्दार्थपत्ती र शब्दार्थ शिक्षणका विभिन्न तरिकाहरू प्रयोग गरी अर्थ बताइदिनुहोस् । जस्तै : शब्दखेल, शब्द जोडी मिलाउने क्रियाकलाप, शब्द र अर्थपत्तीको प्रयोग आदि ।

(ग) शब्दार्थ शिक्षणमा शब्दकोशको उपयोग महत्त्वपूर्ण हुने बताउँदै शब्दकोश हेर्ने तरिका विद्यार्थीलाई क्रमश: अभ्यास गराउनुहोस् र आवश्यक परेमा शब्दकोशको प्रयोग गर्ने तरिका आफैँले देखाएर शब्द र अर्थ पत्ता लगाउने अभ्यास गराउनुहोस् ।

(घ) निर्धारित अनुच्छेदहरूको शब्दार्थ शिक्षण गराइसकेपछि ती शब्दहरूलाई आफ्नै वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । यसका लागि पहिल्यै बनाई ल्याएका वाक्यपत्तीको आवश्यकताअनुसार प्रयोग गर्नुहोस् ।

(ङ) शब्दलाई उपयुक्त ढङ्गले वाक्यमा प्रयोग गर्न नजानेमा विभिन्न सन्दर्भ वा वाक्यमा प्रयोग गरेर अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न सिकाउनुहोस् ।

(च) विभिन्न अशुद्ध शब्द दिएर शुद्ध रूप लेख्न लगाउनुहोस् । यसका लागि अभ्यास ३ का शब्द प्रयोग गर्न सकिन्छ ।

४. मूल्याङ्कन

(क) कक्षामा विद्यार्थीलाई पालैपालो प्रस्तुत कथाका मुख्य शब्दको अर्थ सोध्नुहोस् ।

(ख) विद्यार्थीलाई पाठका शब्दहरू दिई आफ्नै वाक्यमा प्रयोग गर्न लागाउनुहोस् । जस्तै : जीविका, ताउली, विचार, पोका आदि ।

(ग) अशुद्ध शब्द दिई शुद्ध रूप लेख्न लगाउनुहोस् ।

५. गृहकार्य

अभ्यास ३, ४, ७, ९ र ११ गरेर ल्याउन निर्देश गर्नुहोस् ।

पाठ्यवस्तु : बोध र प्रश्नोत्तर घन्टी - ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्यमा सक्षम हुने छन् :

(क) प्रस्तुत कथाका निर्धारित अनुच्छेदहरूको बोध गरी सोधिएका प्रश्नहरूको उत्तर दिन,

(ख) पाठका अभ्यास खण्डमा सोधिएका प्रश्नहरूको उत्तर दिन ।

२. शैक्षिक सामग्री

बोध प्रश्नहरू, नमुना उत्तरका सूची

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) कथाका निर्धारित अनुच्छेदहरू मौनवाचन गर्न लगाउनुहोस् ।

(ख) मौनवाचन सकिएपछि निर्धारित अनुच्छेदहरूबाट आफूले पहिले नै तयार पारेर ल्याएका प्रश्नहरू कालोपाटी वा फलाटिन पाटीमा प्रस्तुत गरी विद्यार्थीलाई उत्तर दिन लगाउनुहोस् ।

(ग) विद्यार्थीबाट आएका मौखिक उत्तर ठीक भए ठीक भएको सङ्केत गर्नुहोस् र कुनै विद्यार्थीले ठीक उत्तर नदिएमा अन्य विद्यार्थीलाई पनि सोधेर विद्यार्थीबाटै सही उत्तरको खोजी गर्नुहोस् । विद्यार्थीहरूबाट कुनै किसिमले ठीक उत्तर नआएमा आवश्यक पृष्ठपोषणसहित उत्तर बताइदिनुहोस् ।

(घ) विद्यार्थीहरूलाई निर्दिष्ट अनुच्छेद दिई समूहगत रूपमा एक समूहले प्रश्न बनाई अर्को समूहलाई सोध्न लगाउने, प्रश्न ठीक भए नभएको एकापसमा छलफल लगाउने गर्नुहोस् । प्रस्तुत पाठको अभ्यास खण्डमा सोधिएका प्रश्नहरूको उत्तर दिन लगाउनुहोस् र सकभर सही उत्तर विद्यार्थीबाट नै खोज्नुहोस् । उपयुक्त उत्तर नआएमा मात्र आफैँले बताइदिनुहोस् ।

४. मूल्याङ्कन

(क) विद्यार्थीलाई पाठका निर्धारित अनुच्छेदबाट बोध प्रश्नहरू सोधी उत्तर दिन लगाउनुहोस् ।

(ख) कथाका पाठ्यवस्तुसम्बन्धी प्रश्न सोधी छलफल गराएर उत्तर दिन लगाउनुहोस् ।

(ग) पाठका अभ्यास खण्डका निर्धारित प्रश्नहरूको उत्तर दिन लगाई अभ्यास गराउनुहोस् ।

५. गृहकार्य

अभ्यास ५, ६ र ८ का प्रश्नका उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

**पाठ्यवस्तु :** **सारांश र व्याख्या** **घन्टी - २**

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) कथाका विशिष्ट पङ्क्तिहरूको सामान्य भाव लेख्न,

(ख) छोटा अनुच्छेदको सारांश लेख्न ।

२. **शैक्षिक सामग्री**

विशिष्ट पङ्क्तिहरू, सारांशका नमुनाहरू, फलाटिन पाटी आदि

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) प्रस्तुत कथाबाट विशिष्ट अंश वा पङ्क्ति छानेर त्यसको भाव व्याख्याका लागि बुँदा वा पाठ्यवस्तुका बारेमा कक्षामा छलफल गर्नुहोस् । जस्तै :

- फुपू चाहिँ छुच्ची र लोभी स्वभावकी थिइन् ।
- लौरीले जसलाई भन्यो त्यसलाई पिटेर कायल पार्छ ।

(ख) कुनै एक पङ्क्तिको नमुना व्याख्या गर्न लगाउनुहोस् । भाव व्याख्या गराउँदा कक्षाका सबै विद्यार्थीलाई सम्वन्धित पङ्क्तिबाट आफूले बुझेका एकएक कुरा भन्न लगाउनुहोस् । विशिष्ट पङ्क्ति छान्न विद्यार्थीलाई नै लगाउनुहोस् ।

(ग) विद्यार्थीले तयार पारेको व्याख्या कक्षामा प्रस्तुत गर्न लगाई शिक्षकले समेत आवश्यक बुँदा थप्न र अनावश्यक बुँदा झिक्न लगाई भाव व्याख्याको अभ्यास गराउनुहोस् । व्याख्या गराउँदा विद्यार्थीको स्तरअनुसार सरल रूपमा भाव व्याख्या गर्ने उदाहरण दिएर स्पष्ट पारिदिनुहोस् ।

४. **मूल्याङ्कन**

(क) पाठका विशिष्ट पङ्क्ति दिई भाव व्याख्या गर्न लगाउनुहोस् ।

(ख) वाक्यहरू दिएर तिनको सारांश लेख्न लगाउनुहोस् ।

५. **गृहकार्य**

(क) पाठको अभ्यास ६ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

(ख) कथाबाट केही वाक्यहरू दिएर तिनको सारांश लेख्ने अभ्यास गराउनुहोस् ।

## पाठ्यवस्तु : व्याकरण घन्टी - २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

दिइएको उदाहरणका आधारमा वाक्य बदल्न ।

२. शैक्षिक सामग्री

भविष्यत् कालका एकवचनका वाक्यलाई बहुवचनमा बदलेका वाक्य सूची, वाक्य बदलेका उदाहरणका वाक्यपत्तीहरू

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) विद्यार्थीलाई पाठबाट भविष्यत् काल जनाउने विभिन्न वाक्य पढ्न लगाई अर्को विद्यार्थीलाई कालोपाटीमा लेख्न लगाउनुहोस् ।

(ख) पहिल्यै तयार पारेर ल्याएका वाक्य प्रस्तुत गरी एकवचनलाई बहुवचन र बहुवचनलाई एकवचन बनाउन लगाउनुहोस् । एक विद्यार्थीले सही रूपमा भन्न वा लेख्न नसके अरू विद्यार्थीहरूसँग छलफल गरी सही उत्तर पत्ता लगाउन लगाउनुहोस् र विद्यार्थीले नसकेमा मात्र शिक्षकले उत्तर बताइदिनुहोस् ।

(ग) शिक्षकले वाक्य परिवर्तन गर्ने एउटा उदाहरण कालो पाटीमा गरेर देखाइदिनुहोस् । त्यसपछि त्यस्तै अन्य वाक्य दिएर उदाहरणमा झैँ वाक्य परिवर्तन गर्न लगाउनुहोस् ।

जस्तै : म घर पुगेपछि खीर खाने छु ।

हामी घर पुगेपछि खीर खाने छौँ ।

(घ) विभिन्न वाक्यहरू दिएर एउटा पछि आउने समय जनाउने वाक्यलाई अहिलेका समय (वर्तमान) जनाउने वाक्यमा बदल्न लगाउनुहोस् । आवश्यकताअनुसार विद्यार्थीको रुचि, क्षमता, पछौटेपन आदिका आधारमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. मूल्याङ्कन

(क) भविष्यत् कालका एकवचन जनाउने वाक्यलाई बहुवचनमा बदल्न लगाउनुहोस् ।

(ख) पछि आउने समय जनाउने सरल वाक्य दिई वर्तमान समय जनाउने वाक्यमा परिवर्तन गर्न लगाउनुहोस् ।

५. गृहकार्य

अभ्यास १० गरेर ल्याउन निर्देशन दिनुहोस् ।

## पाठ्यवस्तु : सिर्जनात्मक अभ्यास घन्टी - २

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) आफूले पढेका, सुनेका, जानेका कथा भन्न,

(ख) छोटा बुँदाका आधारमा छोटो कथा लेख्न ।

२. **शैक्षिक सामग्री**

छोटा बुँदाको सूची

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) शिक्षकले विद्यार्थीहरूलाई आफूले जानेसुनेका वा पढेका कथा भन्न लगाउनुहोस् ।

(ख) विद्यार्थीले भनेका कथाका विषयवस्तुलाई विभिन्न प्रश्न गरी छलफल गराउनुहोस् । जस्तै :

............। तिमी कथाको मात्र भएको भए के गर्थ्यौ ?

............। कथामा यसो भएको भए के हुन्थ्यो होला ?

- यो कथाबाट के शिक्षा पायौ ? आदि

(ग) विभिन्न बुँदा दिई कथाको रूप तयार गर्न लगाउनुहोस् ।

(घ) यसरी विद्यार्थीलाई विभिन्न विधि अपनाई कथासम्वन्धी विभिन्न क्रियाकलाप अपनाई सिर्जनात्मक क्षमताको विकास गर्न सहयोग पुऱ्याउनुहोस् ।

४. **मूल्याङ्कन**

विभिन्न बुँदा दिई कथा तयार पार्न लागाउनुहोस् ।

५. **गृहकार्य**

आफ्ना दाजुदिदी वा बुबा आमासँग कुनै एक कथा सोधेर लेखेर ल्याउन लगाउनुहोस् ।

पाठ : १३

# नरेशको यात्रा

अनुमानित घन्टी : १२

| | पाठ्यवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वरवाचन र शुद्धोच्चारण | २ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | २ |
| ३. | पठनबोध र प्रश्नोत्तर | ३ |
| ४. | व्याकरण | २ |
| ६. | सिर्जनात्मक कार्य | ३ |

**पाठयवस्तु : सस्वरवाचन र शुद्धोचारण घन्टी - २**

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठको सस्वरवाचन गर्न,

(ख) पाठमा प्रयोग भएका नयाँ शब्दहरूको शुद्ध उच्चारण गर्न ।

२. **शैक्षिक सामग्री**

शब्दपत्ती, गोजी तालिका, फलाटिन पाटी

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम कक्षाका केही विद्यार्थीलाई पाठको सस्वरवाचन गर्न लगाउनुहोस् । उनीहरूको वाचनमा कमजोरी देखिए नमुना वाचन गरिदिनुहोस् ।

(ख) नमुना वाचनपछि विद्यार्थीहरूलाई पालैपालो सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ग) सस्वरवाचनपछि विद्यार्थीलाई उच्चारण गर्न अप्ठ्यारो लागेका नयाँ शब्दहरूको टिपोट गर्न लगाउनुहोस् ।

(घ) विद्यार्थीहरूले टिपोट गरेका नयाँ शब्दहरू पटकपटक उच्चारण गरिदिनुहोस् र विद्यार्थीहरूलाई पनि उच्चारण गर्न लगाउनुहोस् ।

(ङ) विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी पालैपालो प्रत्येक समूहलाई पाठको सस्वरवाचन गर्न लगाउनुहोस् ।

४. मूल्याङ्कन

(क) पाठको विभिन्न अनुच्छेदको सस्वरवाचन गराउनुहोस् ।

(ख) विद्यार्थीले शब्दहरूको उच्चारण ठीक गरे नगरेको हेर्नुहोस् ।

(ग) निम्नलिखित शब्दहरूको उच्चारण गर्न लगाउनुहोस् :

सदरमुकाम, मनमोहक, थाङ्ग्रो, कमेरो, तल्लीन, प्रकृति, चौतारा

५. गृहकार्य

तलका शब्दहरू शुद्ध उच्चारण गर्ने अभ्यास गरेर आउन निर्देशन गर्नुहोस् :

थाङ्ग्रो, किरण, दृश्य, पीपलडाँडा, टौवा, कुनिउँ, अप्ठ्यारो, टाकुरो

पाठ्यवस्तु : **शब्दार्थ र वाक्यमा प्रयोग** घन्टी - २

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयोग भएका नयाँ शब्दहरूको अर्थ लेख्न,

(ख) पाठमा प्रयोग भएका शव्दहरूको अर्थ लेखी वाक्यमा प्रयोग गर्न ।

२. **शैक्षिक सामग्री**

शब्दार्थपत्ती, वाक्यपत्ती, गोजी तालिका, फलाटिन पाटी

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम पाठको मौनवाचन गराई नयाँ शब्दहरू पहिचान गरेर कापीमा टिप्न निर्देशन गर्नुहोस् ।

(ख) विद्यार्थीले टिपेका शब्दहरू र उपयुक्त अर्थहरूबीच जोडा मिलाउन शब्दपत्ती र गोजी तालिकाको प्रयोग गर्नुहोस् ।

(ग) विद्यार्थीहरूलाई शब्द र अर्थको शिक्षणपछि अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गराउनुहोस् ।

(घ) विद्यार्थीहरूलाई पटकपटक वाक्य बनाउने अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

तलका शब्दहरूको अर्थ लेखी वाक्यमा प्रयोग गर्न निर्देशन दिनुहोस् :

सदरमुकाम, बस बिसौनी, मनमोहक, आकर्षक, कमेरो, टौवा, तल्लीन

५. **गृहकार्य**

पाठको अभ्यास ३ को जोडा मिलाउने अभ्यास गरेर ल्याउन निर्देशन दिनुहोस् ।

पाठ्यवस्तु : पठनबोध र प्रश्नोत्तर घन्टी - ३

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठको अभ्यासमा भएका प्रश्नोत्तर पूरा गर्न,

(ख) पाठका विभिन्न अनुच्छेदबाट बुँदा टिपोट गर्न ।

२. **शैक्षिक सामग्री**

प्रश्नोत्तरका नमुना, बुँदा टिपोटका नमुना

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम पाठको मौनवाचन गर्न लगाई विभिन्न अुच्छेदबाट मुख्यमुख्य बुँदाहरू टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीहरूद्वारा प्राप्त बुँदाहरू शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

(ख) सवै अनुच्छेदको बुँदा टिपोट गरिसकेपछि विद्यार्थीहरूलाई सङ्क्षिप्त प्रश्नहरू सोध्नुहोस् । यस क्रियाकलापमा सम्वन्धित अनुच्छेद पढिसकेपछि एक समूहलाई प्रश्न निर्माण गर्ने, अर्को समूहलाई ती प्रश्नको उत्तर भन्ने लेख्ने र तेस्रो समूहले उत्तर ठीक भए नभएको पहिचान गर्ने क्रियाकलाप गराउनुहोस् ।

(ग) अभ्यासमा भएको प्रश्नोत्तर अभ्यास निरन्तर गराउनुहोस् । विद्यार्थीले गरेका अभ्यास परीक्षण गरी पृष्ठपोषण गर्नुहोस् ।

(घ) विभिन्न अनुच्छेद पढ्न दिई बुँदा टिपोट गर्न प्रेरित गर्नुहोस् ।

४. **मूल्याङ्कन**

पाठको अभ्यास ५ को प्रश्नोत्तर अभ्यास गराउनुहोस् ।

५. **गृहकार्य**

पाठको अभ्यास ४ र ५ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) भूतको अपूर्ण पक्षका वाक्यहरू वताउन,

(ख) पाठमा प्रयोग भएका उखान टुक्काहरूको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न तथा लिङ्ग परिवर्तन गर्न ।

२. **शैक्षिक सामग्री**

अपूर्ण पक्षका वाक्यपत्ती, उखान टुक्काको सूची

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम पाठमा प्रयोग भएका भूत कालको अपूर्ण पक्षका वाक्यहरूको टिपोट गराउनुहोस् ।

(ख) पाठमा प्रयोग भएका उखान टुक्काहरू पहिचान गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ग) भूत कालका अपूर्ण पक्ष जनाउने वाक्यहरू निर्माण गर्न प्रोत्साहित गर्नुहोस् । यो क्रियाकलाप गराउँदा भूतकालको अपूर्ण पक्ष प्रयोग भएको कुनै अनुच्छेद पढ्न दिई त्यसका पात्र वा घटना परिवर्तन गरेर पुन: लेख्नसमेत गराउनुहोस् ।

(घ) विद्यार्थीहरूद्वारा निर्मित वाक्यहरूको वाक्य गठन तथा पदसङ्गति मिलेनमिलेको परीक्षण गरिदिनुहोस् ।

(ङ) भाले बुझाउने, पोथी बुझाउने र दुवै नबुझाउने शब्दहरूको तालिका बनाई आवश्यक छलफल गराउनुहोस् ।

४. **मूल्याङ्कन**

विद्यार्थीहरूलाई अभ्यास ६ र ७ को क्रियाकलाप गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

पाठको अभ्यास ७, १० र ११ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

पाठ्यवस्तु : सिर्जनात्मक कार्य घन्टी – ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठमा भएका सिर्जनात्मक अभ्यास गर्न,

(ख) पाठका आधारमा त्यस्तै प्रकारका शीर्षकमा अर्को निबन्ध सिर्जना गर्न ।

२. शैक्षिक सामग्री

सिर्जनात्मक अभ्यासका नमुना, विभिन्न शीर्षक र तिनका बुँदा टिपोटको चार्ट

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् ।

(ख) विद्यार्थी समूहलाई छुट्टाछुट्टै शीर्षक दिएर त्यसको आवश्यकता, महत्त्व, फाइदा, बेफाइदा आदिका बारेमा आवश्यक छलफल गराउनुहोस् ।

(ग) छलफलबाट आएका महत्त्वपूर्ण बुँदाहरू टिपोट गर्दै जानुहोस् ।

(घ) हरेक समूहले तयार पारेका बुँदा शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

(ङ) अब तिनै बुँदाका आधारमा आवश्यक छलफल गरी विषयको परिचय, महत्त्व, फाइदा, बेफाइदा र निष्कर्षसमेत आउने गरी निबन्ध सिर्जना गर्न निर्देशन दिनुहोस् ।

(च) सिर्जनात्मक अभ्यासमा नमुना पढेर सुनाउन लगाउनुहोस् । पाठको अभ्यास खण्ड पनि गराउनुहोस् ।

४. मूल्याङ्कन

पाठको अभ्यास ८ र ९ कक्षामा मौखिक छलफल गर्नुहोस् ।

५. गृहकार्य

आफूले यात्रा गरेको कुनै ठाउँको वर्णन गरेर ल्याउन निर्देशन दिनुहोस् ।

# पाठ : १४ पशुपन्छी र हाम्रो कर्तव्य

अनुमानित घन्टी : १२

| पाठ्यवस्तु | | घन्टी |
|---|---|---|
| १. | सस्वरवाचन, शुद्धोचारण र अभिनय | ३ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | ३ |
| ३. | पठनबोध | २ |
| ४. | व्याकरण | २ |
| ५. | सिर्जनात्मक कार्य | २ |

## पाठयवस्तु : सस्वरवाचन, शुद्धोचारण र अभिनय घन्टी - ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पशुपन्छी र हाम्रो कर्तव्य भन्ने पाठ गति, यति र लय मिलाएर अभिनेयात्मक रूपले वाचन गर्न,

(ख) पशुपन्छी र हाम्रो कर्तव्य भन्ने पाठमा रहेका चराचुरुङ्गी, पशुपन्छी, स्वार्थ, दानापानी, हरिण, आश्रमस्थल, दुर्लभ जस्ता शब्द शुद्ध उच्चारण गर्न ।

२. **शैक्षिक सामग्री**

गुलेली, शब्दपत्ती, गोजी तालिका

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) उत्प्रेरणा जगाउन विद्यार्थीलाई गुलेली देखाएर यो के हो ? यो चलाउनु राम्रो हो कि हैन ? भनेर छलफलका लागि प्रश्न सोध्नुहोस् ।

(ख) छलफलपछि गुलेली चलाएर चराचुरुङ्गी मार्नु राम्रो हो वा होइन, पाठले के भन्छ, सुन है त भनेर अभिनयसहित उक्त पाठ वाचन गरेर सुनाउनुहोस् ।

(ग) एकजना विद्यार्थीलाई राजु र एकजनालाई चट्टुचा बनाएर उनीहरूलाई अभिनेयात्मक रूपमा पशुपन्छी र हाम्रो कर्तव्य भन्ने पाठको सुरु भाग वाचन गर्न लगाउनुहोस् । उनीहरूले ठीक ढङ्गले वाचन गरे गरेनन् भनेर अरू विद्यार्थीलाई सोध्नुहोस् र उनीहरूको प्रतिक्रिया लिनुहोस् ।

(घ) प्रतिक्रिया दिने विद्यार्थीमध्येबाट बाँकी भाग वाचन गर्न लगाउनुहोस् । अन्तमा कक्षाका कमजोर विद्यार्थीको जोडीलाई पनि अरू विद्यार्थीलाई वाचन गर्न लगाएजस्तै वाचन गर्न लगाउनुहोस् ।

(ङ) वाचनको क्रममा विद्यार्थीले शुद्ध उच्चारण गर्न नसकेमा पशुपन्छी, आश्रमस्थल, दुर्लभ जस्ता शब्द कालोपाटीमा टिपेर विद्यार्थीलाई आलोपालो उच्चारण गर्न लगाउनुहोस् । विद्यार्थीले ठीक उच्चारण गर्न नसके आफूले ठीक उच्चारण गरेर सुनाउनुहोस् ।

४. मूल्याङ्कन

(क) विद्यार्थीले गति, यति र लय मिलाएर अभिनयसाथ पढे पढेनन् अवलोकन गर्नुहोस् ।

(ख) विद्यार्थीले शब्दोच्चारण ठीक गरे गरेनन् सुन्नुहोस् ।

(ग) पढ्ने विद्यार्थीले ठीक पढे नपढेको सम्बन्धमा अन्य विद्यार्थीले ठीक प्रतिक्रिया दिए दिएनन्, ख्याल गर्नुहोस् ।

५. गृहकार्य

(क) पाठ अभिनयसाथ पढ्न सक्ने भएर आउन विद्यार्थीहरूलाई निर्देश गर्नुहोस् ।

(ख) पाठको अभ्यास १ मा भएका शब्दहरू शुद्ध उच्चारण गर्न सक्ने भएर आउन निर्देश गर्नुहोस् ।

पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग घन्टी - ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्यमा सक्षम हुने छन् :

(क) पशुपन्छी र हाम्रो कर्तव्य भन्ने पाठमा रहेका कठिन शब्दको अर्थ बताउन,

(ख) उक्त शब्दहरू वाक्यमा प्रयोग गर्न ।

२. शैक्षिक सामग्री

शब्दार्थपत्ती, वाक्यपत्ती, गोजी तालिका, फलाटिन पाटी

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) विद्यार्थीलाई पशुपन्छी र हाम्रो कर्तव्य भन्ने पाठ सरसर्ती पढ्न लगाएर उनीहरूले नबुझेका शब्द कापीमा टिपेर भन्न लगाउनुहोस् ।

(ख) ती शब्दलाई कालोपाटीमा टिपेर सूची बनाउनुहोस् । दोहोरिएका शब्द हटाउनुहोस् ।

(ग) सूचीका शब्दको एक एक गरेर विद्यार्थीलाई अर्थ बताउन लगाउनुहोस् । एकले दिएको अर्थ ठीक छ छैन अर्को विद्यार्थीलाई पुन: सोध्नुहोस् । गलत अर्थ भनेको भए शब्दार्थपत्तीको माध्यमद्वारा ाइदिनुहोस् । ठीक अर्थ आइसकेपछि कमजोर विद्यार्थीलाई पुन: सोध्नुहोस् र उनीहरू प्रस्ट भएनभएको बुझ्नुहोस् ।

(घ) विद्यार्थीलाई समूहमा अभ्यास ४ र ६ गर्न लगाएर प्रस्तुत गर्न लगाउनुहोस् । एउटा समूहको प्रस्तुतिमा कुनै गल्ती भए अर्को समूहलाई सच्याउन अवसर दिनुहोस् ।

(ङ) विद्यार्थीलाई अभ्यास ११ का उखानको अर्थ लेख्न लगाएर प्रस्तुत गर्न लगाउनुहोस् । समूहमा अभ्यास १० का दुईदुई शब्द मात्र लगाएर वाक्यमा प्रयोग गर्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

४. मूल्याङ्कन

(क) विद्यार्थीलाई शब्द र उखानको अर्थ ठीक भने भनेनन् ख्याल गर्नुहोस् ।

(ख) कुनै पनि शब्द वा उखानको अर्थ नभनेका विद्यार्थीलाई पाठका शब्द र उखानको अर्थ सोध्नुहोस् ।

५. गृहकार्य

अभ्यास ८ को संवाद पूरा गर्न लगाउनुहोस् ।

पाठ्यवस्तु : पठनबोध घन्टी - २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्यमा सक्षम हुने छन् :

(क) पशुपन्छी र हाम्रो कर्तव्य भन्ने पाठ पढेर पाठसँग सम्बन्धित प्रश्नको उत्तर वताउन,

(ख) पशुपन्छी र हाम्रो कर्तव्य भन्ने पाठको सार भन्न ।

२. शैक्षिक सामग्री

प्रश्नहरूको सूची

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) विद्यार्थीलाई पशुपन्छी र हाम्रो कर्तव्य भन्ने पाठको पृष्ठ ७३ मनमनै पढ्न लगाउनुहोस् ।

(ख) उनीहरूले पढिसकेपछि निम्नानुसारका प्रश्न सोध्नुहोस् ।

- राजु के गर्दै थियो ?
- बटुवाले के गरे ?
- बटुवाले राजुलाई के भने ? आदि ।

(ग) सुरु भागपछि विद्यार्थीलाई बाँकी भाग पढ्न लगाएर यस्तै प्रश्न सोध्नुहोस् ।

(घ) अभ्यास ५ का प्रश्न सोधेर विद्यार्थीलाई आलोपालो उत्तर दिन लगाउनुहोस् ।

(ङ) विद्यार्थीलाई आलोपालो पशुपन्छी र हाम्रो कर्तव्य भन्ने पाठको सार भन्न लगाउनुहोस् । यसमा विद्यार्थीले पशुपन्छी मार्नु हुँदैन भनेर एक वाक्यमा सार भन्न सक्दछन् तर उनीहरूलाई संवादमा भएका धेरै कुरा राखेर सार भन्न लगाउनुहोस् । जस्तै : हामीले पशुपन्छीलाई दु:ख दिनुहुँदैन मार्नु हुँदैन । यसो गरेमा पशुपन्छी लोप हुन्छन् । तिनीहरूबाट हामीलाई फाइदा पुग्दैन । पुशपन्छी हराए भने मान्छेको पनि विनाश हुन सक्दछ आदि ।

४. मूल्याङ्कन

(क) विद्यार्थीलाई बोध प्रश्न सोधेर उनीहरूको उत्तर सुन्नुहोस् ।

(ख) विद्यार्थीलाई पाठका प्रश्नको उत्तर लेख्न लगाएर जाँच्नुहोस् ।

(ग) विद्यार्थीले भनेको पाठको सार सुन्नुहोस् ।

५. गृहकार्य

अभ्यास ५ र ७ का उत्तर लेखेर ल्याउन भन्नुहोस् र सकेसम्म धेरै विद्यार्थीको लेखाइ हेर्नुहोस् ।

पाठ्यवस्तु : व्याकरण घन्टी - २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) मा, सम्म, तिर, निम्ति, सँग जस्ता नामयोगीको ठीक ढङ्गले प्रयोग गर्न,

(ख) आहा, हरे, कठै, छिः छिः, आबुई, ऐया, ओहो जस्ता विस्मयादिबोधक शब्दको ठीक ढङ्गले प्रयोग गर्न ।

२. शैक्षिक सामग्री

(क) मा, सम्म, तिर, निम्ति, सँग जस्ता नामयोगीका छुट्टाछुट्टै पत्ती

(ख) आहा त ! हरे ! कठै ! छिः! छिः! आबुई ! ऐया ! ओहो जस्ता शब्दका पत्ती

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) मा, सम्म, तिर, निम्ति, सँग जस्ता नामयोगीका पत्ती पालैपालो देखाएर कसरी प्रयोग हुन्छन् भनेर विद्यार्थीलाई सोध्नुहोस् र उनीहरूलाई पहिले छलफल गराएर यी नामयोगी नामसँग जोडी वाक्य बनाएर देखाउनुहोस् । जस्तै : घरमा, गाउँमा आदि ।

(ख) ‥रसम्म, रामका निम्ति, म सँग, मेरो घरमा भाइ छ । मसँग पैसा छ । आदि ।

(ग) विद्यार्थीलाई पुस्तकको अभ्यास ९ गराउनुहोस् ।

(घ) विद्यार्थीलाई आहा, हरे, कठै, छिः छिः, आबुई, ऐया, जस्ता शब्द कुन बेला बोलिन्छ भनेर छलफल गराउनुहोस् र छलफलपछि यी शब्द यस्तो बेलामा बोलिन्छ भनेर बताइदिनुहोस् । त्यसपछि ती शब्द राखी वाक्य बनाएर पनि सुनाउनुहोस् ।

(ङ) विद्यार्थीलाई पटकपटक अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

विद्यार्थीले अभ्यासमा पाठका नामयोगी र विस्मयाधिबोधकको प्रयोग ठीक ढङ्गले गरेका छन् छैनन् हेर्नुहोस् ।

५. गृहकार्य

विद्यार्थीलाई पाठका नामयोगी र विस्मयाधिबोधक प्रयोग गरेर तीनतीनओटा वाक्य लेखेर ल्याउन लगाउनुहोस् ।

पाठ्यवस्तु : **सिर्जनात्मक कार्य** घन्टी - २

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू साधारण संवाद तयार गरेर अभिनेयात्मक ढङ्गले प्रस्तुत गर्न सक्षम हुने छन् ।

२. **शैक्षिक सामग्री**

संवादका नमुना

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई समूहमा डढेलो, वृक्षरोपण, धाराको सफाइ, जीवजनावरलाई माया जस्ता विषयमा संवाद तयार गर्न लगाउनुहोस् ।

(ख) नीहरूलाई संवाद लेख्न कठिनाइ भए कुनै विषयमा आफैँले नमुना संवाद तयार गरेर अभिनयात्मक रूपमा वाचन गरेर सुनाउनुहोस् । उदाहरणका लागि डढेलाका बिषयमा निम्नानुसारको संवाद हुन सक्छ :

रामपृत : छुट्टीको दिन के गर्ने धर्मेन्द्र ?
धर्मेन्द्र : वन जाऊँ न ?
रामपृत : किन ?
धर्मेन्द्र : मसँग सलाई छ । वनमा डढेलो लगाइदिऊँ । कस्तो रमाइलो हुन्छ ।
रामपृत : वनमा डढेलो लगाउन हुँदैन ।
धर्मेन्द्र : किन ?
रामपृत : वनमा डढेलो लगाउँदा जनावर र चराचुरुङ्गी मर्छन् । बिरुवा पनि मर्छ । वनको आगो गाउँमा आउन सक्छ । यसले गाउँमा पनि आगलागी हुन सक्छ ।
अमला : रामपृतले भनेको ठीक हो ।

(ग) विद्यार्थीले तयार गरेको संवाद हेरेर केही कमी भए सच्याइदिनुहोस् ।

(घ) विद्यार्थीलाई आ-आफ्नो संवाद अभिनेयात्मकरूपमा वाचन गर्न लगाउनुहोस् र विद्यार्थीको कमीकमजोरी सच्चाइदिनुहोस् ।

(ङ) विद्यार्थीको संवाद पढेर र उनीहरूले गरेको वाचन सुनेर ।

(च) संवादसँग आंशिक अभिनय पनि सिकाउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) विद्यार्थीले पढेका संवादको अभिनय पक्ष हेरी सुधारका लागि पृष्ठपोषण दिनुहोस् ।

(ख) विद्यार्थीले लेखेका संवाद जाँचिदिनुहोस् ।

५. **गृहकार्य**

वृक्षरोपण शीर्षकमा २ पात्र राखी संवाद तयार गरेर ल्याउन निर्देश गर्नुहोस् ।

पाठ : १५

# प्रधानाध्यापकलाई निवेदन

अनुमानित घन्टी : ७

| | पाठ्यवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वरवाचन र शुद्धोच्चारण शब्दार्थ र वाक्यमा प्रयोग, प्रश्नोत्तर | ३ |
| २. | निवेदन लेखन | ४ |

## पाठ्यवस्तु : सस्वरवाचन र शुद्धोच्चारण शब्दार्थ र वाक्यमा प्रयोग, प्रश्नोत्तर घन्टी - ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) स्पष्ट वाचन र शुद्ध उच्चारण गर्न,

(ख) कठिन शब्दको अर्थ बताई वाक्यमा प्रयोग गर्न,

(ग) चिठीमा प्रस्तुत विषयवस्तु पढी प्रश्नोत्तर गर्न ।

२. शैक्षिक सामग्री

निवेदनको नमुना, शब्दपत्ती, कठिन शब्दहरूको सूची, प्रश्नहरूको सूची

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) शिक्षकले विभिन्न प्रकारका (पाठका सहित) निवेदनका नमुना देखाई निवेदनका लागि चाहिने कुराहरू केके हुन् भन्ने कुरा स्पष्ट पार्नुहोस् । यसका लागि मिति, स्थान, सम्बोधन, विषय (पेटबोली) र समापन आदिको निर्देश गर्नुहोस् ।

(ख) निवेदन के हो र निवेदन किन लेख्नुपर्छ भन्ने कुरा बताई विद्यार्थीहरूलाई निवेदनको परिचय बताउनुहोस् । यसै क्रममा शिक्षकले 'बुबाको चिठी' मा दिइएको क्रियाकलापमा आधारित भई कुनै सङ्घ, संस्था, विद्यालय वा कार्यालयमा निश्चित प्रयोजनका लागि लेखिने चिठीलाई निवेदन भनिन्छ भन्ने कुरा स्पष्ट पार्नुहोस् ।

(ग) विद्यार्थीलाई 'प्रधानाध्यापकलाई निवेदन' सस्वरवाचन गरेर सुनाउनुहोस् र पालैपालो स्पष्ट वाचन गर्न लगाउनुहोस् । विद्यार्थीले सही उच्चारण नगरे शिक्षकले शुद्ध उच्चारण गरिदिई उच्चारण अभ्यास गराउनुहोस् ।

(घ) यसै क्रममा शिक्षकले विद्यार्थीलाई निवेदनमा परेका कठिन अर्थ भएका शब्दमा रेखाङ्कन गर्न लगाउनुहोस् । त्यस्ता शब्दको अर्थ विद्यार्थीहरूलाई सोध्नुहोस् र सही अर्थ नआएमा शब्दार्थपत्तीका सहायताले अर्थ बताइदिनुहोस् ।

(ङ) कठिन अर्थ भएका शब्दलाई आफ्नै वाक्यमा प्रयोग गर्न लगाई शब्दलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् ।

(च) यसपछि विद्यार्थीहरूलाई प्रस्तुत चिठी मौनवाचन गर्न लगाउनुहोस् र तलका जस्ता प्रश्नहरू सोधी प्रश्नोत्तर गराउनुहोस् :

(अ) पहिलो निवेदन कसले कसलाई लेखेको हो ?

(आ) दोस्रो निवेदन कसले कसलाई लेखेको हो ?

(इ) बुद्धलक्ष्मी किन विद्यालय आइनन् ?

(ई) विद्यार्थीले केके सामग्री मागे ?

(छ) शिक्षकले विभिन्न किसिमका निवेदनका नमुना कक्षामा प्रदर्शन गर्नुहोस् र निवेदनका लागि आवश्यक पर्ने ढाँचा प्रस्तुत गर्नुहोस् । जस्तै :

(अ) निवेदनको सुरुमा मिति, सम्बोधन, कार्यालयको नाम र ठेगाना तथा विषय लेखिन्छ ।

(आ) मध्य भागमा दिइएको विषयका बारेमा पूर्ण विवरण लेख्नुपर्दछ ।

(इ) निवेदनको अन्त्यमा निवेदकको नाम, आवश्यक परे पद तथा ठेगाना र हस्ताक्षर हुनुपर्दछ ।

४. **मूल्याङ्कन**

(क) विद्यार्थीलाई निवेदनका लागि चाहिने कुरा र निवेदनको परिचय सोध्नुहोस् ।

(ख) प्रस्तुत निवेदन सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ग) निवेदनका कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

(घ) निवेदनमा रहेका कठिन शब्दको अर्थ बताउन लगाउनुहोस् र तिनलाई आफ्नै वाक्यमा समेत प्रयोग गर्न लगाउनुहोस् ।

(ङ) निवेदनका विषयवस्तुसम्बन्धी प्रश्नहरू दिई उत्तर लेख्न लगाउनुहोस् ।

५. **गृहकार्य**

पाठका अभ्यास १, २, ३, ४ र ५ गरेर ल्याउन निर्देश गर्नुहोस् ।

पाठ्यवस्तु : **निवेदन लेखन** **घन्टी - ४**

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित निवेदन लेख्न सक्षम हुने छन् ।

२. **शैक्षिक सामग्री**

निवेदनका नमुना

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) विद्यार्थीलाई विभिन्न निवेदनका नमुना देखाई निवेदनका ढाँचा बताउनुहोस् ।

(ख) निवेदनको ढाँचा बताइसकेपछि विद्यार्थीसँग निवेदन लेखनका विभिन्न विषयका बारेमा छलफल गर्नुहोस् र प्राप्त भएका विभिन्न विषयमा निवेदन लेख्न लगाउनुहोस् । विद्यार्थीले लेखेका निवेदनहरूको निरीक्षण गरी उपयुक्त ढाँचा र प्रस्तुतीकरण नभए आवश्यकतानुसार सल्लाह दिनुहोस् र निवेदन लेखनमा अभ्यास गराउनुहोस् ।

(ग) विद्यार्थीलाई समसामयिक र स्तरअनुकूलका विभिन्न विषय दिई निवेदन लेख्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

कुनै उ त विषय दिई निवेदन लेख्न लगाउनुहोस् ।

५. **गृहकार्य**

अभ्यास नं. ६, ७ र ८ गरेर ल्याउन निर्देश गर्नुहोस् ।

पाठ : १६

# पाप लाग्छ

अनुमानित घन्टी : १२

| | पाठ्यवस्तु | घन्टी |
|---|---|---|
| १. | शुद्धोच्चारण | २ |
| २. | लयबोध | १ |
| ३. | शब्दार्थ र वाक्यमा प्रयोग | २ |
| ४. | भावबोध र प्रश्नोत्तर | २ |
| ५. | व्याख्या | १ |
| ६. | व्याकरण | २ |
| ७. | सिर्जनात्मक अभ्यास | २ |

## पाठ्यवस्तु : शुद्धोच्चारण घन्टी - २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

'पाप लाग्छ' कवितामा प्रयोग भएका कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न ।

२. शैक्षिक सामगी

कठिन शब्दहरूको सूची, शब्दपत्ती, गोजी तालिका, फलाटिन पाटी

३. शिक्षकसिकाइ क्रियाकलाप

(क) 'पाप लाग्छ' कविता विद्यार्थीहरूलाई पालैपालो वाचन गर्न लगाउनुहोस् ।

(ख) कविता गति, यति, लय मिलाएर शिक्षक आफूले नमुना वाचन गरिदिनुहोस् ।

(ग) कठिन शब्दहरू कापीमा टिप्न निर्देशन दिनुहोस् ।

(घ) कठिन शब्दहरूको सूची सबैले देख्ने ठाउँमा राखेर पटकपटक उच्चारण गराउनुहोस् ।

(ङ) सबै विद्यार्थीहरूलाई समान अवसर दिएर र विद्यार्थीले राम्रोसँग उच्चारण गर्न नसकेका सबै शब्दको उच्चारण गर्न सहभागी बनाउनुहोस् र अभ्यास गराउनुहोस् ।

(च) विद्यार्थीले पटकपटक गरेको उच्चारणमा भएका गल्तीलाई सच्याइदिँदै जानुहोस् ।

४. मूल्याङ्कन

तलका शब्दहरू शुद्ध उच्चारण गर्न लगाउनुहोस् :

नचुँड्नु, धर्म, नछोप्नु, चरीबरी, नमार्नु, जन्तु, चित्त, ढाक्दछ, ईश

५. गृहकार्य

(क) 'पाप लाग्छ' कविताको अभ्यास २ घरमा अभ्यास गरेर आउन लगाउनुहोस् ।

(ख) चित्त, नित्य, ईश, जगत्, सराप्, धर्म, फोहोरी, जाग्दछ आदि शब्द उच्चारण गर्ने अभ्यास गरेर आउन लगाउनुहोस् ।

## पाठ्यवस्तु : लयबोध घन्टी - १

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'पाप लाग्छ' कविताको लय बोध गर्न,

(ख) 'पाप लाग्छ' कविता गति,यति र लय मिलाएर वाचन गर्न ।

२. **शैक्षिक सामगी**

गति, यति, लय र विश्रामसहितको कविता चार्ट

३. **शिक्षकसिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम 'पाप लाग्छ' कविता गति, यति, लय र विश्राम मिलाएर नमुना वाचन गरिदिनुहोस् ।

(ख) विद्यार्थीहरूमध्ये लय मिलाएर कविता वाचन गर्ने कोही भए उनीहरूलाई पहिलो अवसर दिनुहोस् ।

(ग) विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरेर समूहसमूहबीच लयबद्ध वाचन प्रतियोगिता गर्नुहोस् ।

(घ) पहिले व्यक्तिगत र त्यसपछि सामूहिक अनि हरेक वेन्चमा छुट्टाछुट्टै गरेर कविताको लयवोध गराउनुहोस् ।

४. **मूल्याङ्कन**

कक्षामा विद्यार्थीहरूलाई पालैपालो 'पाप लाग्छ' कविता वाचन गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

'पाप लाग्छ' कविता गति, यति, लय मिलाएर वाचन गर्ने निर्देशन दिनुहोस् ।

पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग घन्टी - २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'पाप लाग्छ' कवितामा प्रयोग भएका कठिन शब्दहरूको अर्थ लेख्न,

(ख) 'पाप लाग्छ' कवितामा प्रयोग भएका कठिन शब्दहरूको अर्थ लेखी वाक्यमा प्रयोग गर्न ।

२. शैक्षिक सामगी

शब्दार्थपत्ती, वाक्यपत्ती, गोजी तालिका, फलाटिन पाटी, कठिन शब्दहरूको सूची

३. शिक्षकसिकाइ क्रियाकलाप

(क) सर्वप्रथम कविता वाचन गरी कठिन शब्दहरू कापीमा टिप्न लगाउनुहोस् ।

(ख) कठिन शब्दहरूको सूची बनाई कक्षामा सबैले देख्ने ठाउँमा राखेर त्यसको उत्तर के हुन सक्छ भनी छलफल गराउनुहोस् ।

(ग) शब्द र अर्थबीच विभिन्न खेल खेलाएर कक्षा रोचक र आकर्षक बनाउनुहोस् ।

(घ) शब्दार्थ शिक्षण तथा वाक्यमा प्रयोग गर्ने अभ्यास गराउँदा विविध आकर्षक खेलको समेत प्रयोग गरी कक्षा प्रभावकारी बनाउनुहोस् ।

४. मूल्याङ्कन

तलका शब्दहरूको अर्थ लेख्न तथा वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

धर्म, सराप, जन्तु, काल, चित्त, दाग, सुवास, नित्य, ईश

५. गृहकार्य

(क) कवितामा रहेको अभ्यास ४ को शब्द र अर्थको जोडा मिलाउने अभ्यास गरेर आउन निर्देशन दिनुहोस् ।

(ख) जन्तु, काल, चित्त, दाग, सुवास, नित्य, जगत् शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

पाठ्यवस्तु : **भावबोध र प्रश्नोत्तर** घन्टी - २

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'पाप लाग्छ' कविताको भावार्थ लेख ।

(ख) 'पाप लाग्छ' कविताको अभ्यासमा रहेका प्रश्नोत्तर गर्न ।

२. **शैक्षिक सामगी**

कविताको बुँदा टिपोट, भावार्थको नमुना, प्रश्नोत्तरको नमुना

३. **शिक्षकसिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम कविताको मौनवाचन गराई मुख्य मुख्य बुँदा टिपोट गर्न निर्देशन गर्नुहोस् ।

(ख) 'पाप लाग्छ' कविताका निम्नलिखित बुँदाका आधारमा भावबोध गराउनुहोस् ।

(अ) कोपिला चुँड्दा के हुन्छ ? (आ) फूल च्यात्दा के हुन्छ ?

(इ) चरीबरीलाई छोप्यो भने के हुन्छ ? (ई) जन्तुहरूलाई मार्दा के हुन्छ ?

(उ) हिलो खेल्दा के हुन्छ ? (ऊ) जगत् कसरी रमाउनुपर्छ ?

(ए) ईश्वर कहाँकहाँ छन् ? (ऐ) हामीले केकस्ता भाव राख्नुहुँदैन ?

(ग) पाप लाग्छ कविताको अभ्यासमा रहेका प्रश्नोत्तर अभ्यास निरन्तर गराउनुहोस् ।

(घ) भावार्थको नमुना विद्यार्थीहरूलाई पालैपालो पढ्न लगाउनुहोस् र उनीहरूलाई पनि कविताको भावार्थ लेख्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) कविताका विभिन्न श्लोकहरूको भाव बोध हुने खालका प्रश्नहरू सोध्नुहोस् । जस्तै :

- 'पाप लाग्छ' कविताका कवि को हुन् ?
- चित्त कसरी पाक्छ ?
- हामीले कस्तो भाव राख्नुहुँदैन ?

५. **गृहकार्य**

(क) अभ्यास नं. ८ गर्न निर्देशन दिनुहोस् ।

(ख) अभ्यास ११ को प्रश्नोत्तर गरेर ल्याउन निर्देशन दिनुहोस् ।

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'पाप लाग्छ' कविताका विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न ।

२. **शैक्षिक सामगी**

कविताको बुँदा टिपोट, भावार्थको नमुना, व्याख्याको नमुना

३. **शिक्षकसिकाइ क्रियाकलाप**

(क) कविताको मौनवाचनपछि विद्यार्थीहरूलाई पाठका विशिष्ट पङ्क्तिहरू छान्न लगाउनुहोस् ।

जस्तै : नमार्नु जन्तु है कुनै
बसेर काल जाग्दछ ।
जताततै छ ईश रे
छ सुन्नु त्यो विचार रे ।
नच्यात्नु फूल नानी हो
दया र धर्म भाग्दछ ।

(ख) व्याख्याका लागि छानिएका कवितांशसम्बन्धी विभिन्न प्रश्नोत्तर सोध्नुहोस् ।

(ग) कविताको व्याख्या गर्दा त्यसको सुरु, बीच र अन्त्य भागमा केके राख्ने भन्ने विषयमा आवश्यक छलफल गराउनुहोस् ।

(घ) विद्यार्थीलाई विशिष्ट पङ्क्ति छान्न लगाउनुहोस् । त्यसपछि प्रत्येक विद्यार्थीलाई त्यस पङ्क्तिबाट आफूले बुझेका एकएक कुरा भन्न लगाउनुहोस् । तिनै कुरालाई संयोजन तथा परिमार्जन गरी व्याख्याको नमुना तयार पारिदिनुहोस् ।

४. **मूल्याङ्कन**

कविताका विभिन्न श्लोकको मौखिक व्याख्या गर्न निर्देशन दिनुहोस् ।

५. **गृहकार्य**

'पाप लाग्छ' कविताको निम्नलिखित हरफहरूको व्याख्या गरेर ल्याउन निर्देश गर्नुहोस् :

जताततै छ ईश रे
छ सुन्नु त्यो विचार रे
छकाउने लुकाउने
नराख भाव क्यै गरे ।

**पाठ्यवस्तु :** **व्याकरण** **घन्टी - २**

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'पाप लाग्छ' कवितामा प्रयोग भएका व्याकरणको सही प्रयोग गर्न,

(ख) छुट्टाछुट्टै वाक्यलाई जोडेर अर्थपूर्ण वाक्य बनाउन ।

२. **शैक्षिक सामगी**

वाक्यपत्ती, फलाटिन पाटी

३. **शिक्षकसिकाइ क्रियाकलाप**

(क) सर्वप्रथम विद्यार्थीहरूलाई विभिन्न सरल शब्दहरू टिप्न लगाउनुहोस् ।

(ख) फरकफरक वाक्यलाई एउटै वाक्यमा जोड्ने अभ्यास पटकपटक गराउनुहोस् ।

(ग) हरेक विद्यार्थीहरूलाई विभिन्न छुट्टाछुट्टै वाक्य दिनुहोस् । छुट्टाछुट्टै वाक्यलाई जोड्ने पटकपटक अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

तलका वाक्यहरू एउटै वाक्यमा जोडेर वाक्य बनाउने अभ्यास गराउनुहोस् :

(क) म फूल टिप्छु ।

म कोपिला टिप्तिँन । ..............................

(ख) गुरुले पढाउनुभयो

गुरुले लेखाउनुभयो । ..............................

(ग) पानी पऱ्यो ।

बाटो हिलो भयो । ..............................

(घ) असिना पऱ्यो ।

बाली बिग्रियो । ..............................

५. **गृहकार्य**

अभ्यास १६ को एकै वाक्यमा जोड्ने वाक्य बनाएर ल्याउन निर्देशन दिनुहोस् ।

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

'पाप लाग्छ' कविताकै लयमा चार हरफसम्म कविताको सिर्जना गर्न ।

२. **शैक्षिक सामगी**

विभिन्न कविताका नमुना, फलाटिन पाटी

३. **शिक्षकसिकाइ क्रियाकलाप**

(क) पहिले आफैँले एक हरफ कविता लेखिदिनुहोस् ।

(ख) विद्याथीहरूलाई विभिन्न शीर्षक दिएर कविता लेख्न प्रेरित गर्नुहोस् ।

(ग) हरेक विद्यार्थीहरूलाई चारचार हरफ कविता लेख्न अभ्यास गराउनुहोस् ।

(घ) विद्यार्थीले लेखेका कविता आवश्यक परिमार्जन गरेर उत्कृष्ट कविता लेख्नेलाई स्याबासी दिनुहोस् ।

४. **मूल्याङ्कन**

तल कविता पूरा गर्न लगाउनुहोस् :

नचल्नु साथी साथीमा

मिलाप राख्नु है सधैँ ।

............................

............................

५. **गृहकार्य**

तलको कविता पूरा गरेर आउन निर्देशन दिनुहोस् :

नसुत्नु अल्छी स्वाँठ भै

उठ जुरुक्क साथी हो ।

युवा उठे त उठ्छ देश

ढोका खुल्नेछ भोलिको ।

............................

............................

पाठ : १७

# पछुतो

अनुमानित घन्टी : १२

| पाठ्यवस्तु | | घन्टी |
|---|---|---|
| १. | सस्वरवाचन र शुद्धोच्चारण | २ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | २ |
| ३. | बोध र प्रश्नोत्तर | २ |
| ४. | सारांश र व्याख्या | २ |
| ५. | व्याकरण | २ |
| ६. | सिर्जनात्मक अभ्यास | २ |

## पाठ्यवस्तु — सस्वरवाचन र शुद्धोच्चारण — घन्टी - २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) गति, यति मिलाई 'पछुतो' कथाका निर्दिष्ट कथाका अनुच्छेदहरू सस्वरवाचन गर्न,

(ख) पाठमा प्रयोग भएका शब्दहरू शुद्ध र स्पष्ट उच्चारण गर्न

२. शैक्षिक सामग्री

नयाँ शब्दहरूको सूची, शब्दपत्ती, गोजी तालिका, फलाटिन पाटी

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) प्रस्तुत कथासँग मिल्दो कुनै कथा वा प्रसङ्ग सुनाउँदै विद्यार्थीहरूलाई उत्प्रेरित गर्नुहोस् ।

(ख) तत्पश्चात प्रस्तुत कथाका निर्धारित अनुच्छेद गति र यति मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गराउनुहोस् ।

(ग) सस्वरवाचन गराउँदा कमजोर र पछाडि परेका विद्यार्थीमा विशेष ध्यान पुऱ्याउनुहोस् र आवश्यकताअनुसार सबै विद्यार्थीलाई सस्वरवाचनको अभ्यास गराउनुहोस् ।

(घ) पाठमा प्रयुक्त नयाँ शब्दहरूको उच्चारण अभ्यास गराउनुहोस् ।

नयाँ शब्दहरूका सूची फलाटिन पाटीमा प्रस्तुत गर्नुहोस् । उच्चारणमा कठिन हुने शब्दहरू पालैपालो उच्चारण गरिदिई विद्यार्थीलाई पनि उच्चारण गर्न लगाउनुहोस् । जस्तै :

टुप्लुक्क, स्वास्नी, कड्किए, सामग्री, अस्पताल, परीक्षण आदि ।

(ङ) विद्यार्थीहरूलाई सस्वरवाचन क्रियाकलाप गराउँदा विभिन्न मातृभाषाका विद्यार्थीहरूका कठिनाइलाई दृष्टिगत गरी आवश्यकताअनुसार सम्बन्धित मातृभाषाका शब्दको प्रयोग गरी अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) प्रस्तुत कथाका निर्धारित अनुच्छेद विद्यार्थीलाई सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) पाठका नयाँ शब्दहरू शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

५. **गृहकार्य**

(क) प्रस्तुत कथा घरमा सस्वरवाचन गरेर आउन भन्नुहोस् ।

(ख) कथामा प्रयुक्त नयाँ शब्दहरूको शुद्ध उच्चारण गर्न सिकी आउन निर्देश गर्नुहोस् ।

**पाठ्यवस्तु :** **शब्दार्थ र वाक्यमा प्रयोग** **घन्टी - २**

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्यमा सक्षम हुने छन् :

(क) कथामा प्रयुक्त नयाँ शब्दहरूको अर्थ भन्न र ती शब्दहरूलाई आफ्नै वाक्यमा प्रयोग गर्न,

(ख) अशुद्ध शब्दलाई शुद्ध बनाएर सार्न ।

२. **शैक्षिक सामग्री**

शब्दार्थ पत्ती, शब्दपत्ती, वाक्यपत्ती, शब्दकोश, गोजी तालिका, फलाटिन पाटी आदि ।

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) कथाका निर्धारित अनुच्छेदहरू मौनवाचन गर्न लगाउनुहोस् । विद्यार्थीले अर्थ नजानेका नयाँ र कठिन शब्दहरू रेखाङ्कन गर्न वा टिप्न लगाउनुहोस् । ती रेखाङ्कन शब्दहरू पाठका गाढा शब्दमा परेका भए तिनको अर्थ पुस्तकमै हेर्न निर्देश गर्नुहोस् र पाठमा नभएमा आफैँले अर्थ बताइदिनुहोस् ।

(ख) विद्यार्थीलाई नयाँ शब्दहरू भन्न लगाउनुहोस् र ती शब्दहरू कालोपाटीमा टिप्दै जानुहोस् । त्यसको अर्थ विद्यार्थीलाई पालैपालो सोध्दै जानुहोस् । विद्यार्थीबाट ठीक अर्थ नआएमा शब्दार्थ पत्ती र शब्दार्थ शिक्षणका विभिन्न तरिकाहरू प्रयोग गरी अर्थ बताइदिनुहोस् । जस्तै : शब्दखेल, शब्द जोडी मिलाउने क्रियाकलाप, शब्द र अर्थपत्तीको प्रयोग आदि ।

(ग) शब्दार्थ शिक्षणमा शब्दकोशको उपयोग महत्त्वपूर्ण हुने बताउँदै शब्दकोश हेर्ने तरिका विद्यार्थीलाई क्रमशः अभ्यास गराउनुहोस् र आवश्यक परेमा शब्दकोशको प्रयोग गर्ने तरिका आफैँले देखाएर शब्द र अर्थ पत्ता लगाउने अभ्यास गराउनुहोस् ।

(घ) निर्धारित अनुच्छेदहरूको शब्दार्थ शिक्षण गराइसकेपछि ती शब्दहरूलाई आफ्नै वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । यसका लागि पहिल्यै बनाई ल्याएका वाक्यपत्तीको आवश्यकतानुसार प्रयोग गर्नुहोस् ।

(ङ) शब्दलाई उपयुक्त ढङ्गले वाक्यमा प्रयोग गर्न नजानेमा विभिन्न सन्दर्भ वा वाक्यमा प्रयोग गरेर अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न सिकाउनुहोस् ।

(च) विभिन्न अशुद्ध शब्द दिएर शुद्ध रूप लेख्न लगाउनुहोस् । यसका लागि अभ्यास ३ का शब्द प्रयोग गर्न सकिन्छ ।

४. **मूल्याङ्कन**

(क) कक्षामा विद्यार्थीलाई पालैपालो प्रस्तुत कथाका मुख्यमुख्य शब्दको अर्थ सोध्नुहोस् ।

(ख) विद्यार्थीलाई पाठका शब्दहरू दिई आफ्नै वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ग) अशुद्ध शब्द दिई शुद्ध रूप लेख्न लगाउनुहोस् ।

५. **गृहकार्य**

(क) अभ्यास ३, ५ र ७ गरेर ल्याउन निर्देश गर्नुहोस् ।

पाठ्यवस्तु : बोध र प्रश्नोत्तर घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्यमा सक्षम हुने छन् :

(क) प्रस्तुत कथाका निर्धारित अनुच्छेदहरूको बोध गरी सोधिएका प्रश्नहरूको उत्तर दिन,

(ख) पाठका अभ्यास खण्डमा सोधिएका प्रश्नहरूको उत्तर दिन ।

२. शैक्षिक सामग्री

बोध प्रश्नहरू, नमुना उत्तरका सूची

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) कथाका निर्धारित अनुच्छेदहरू मौनवाचन गर्न लगाउनुहोस् ।

(ख) मौनवाचन सकिएपछि निर्धारित अनुच्छेदहरूबाट आफूले पहिले नै तयार पारेर ल्याएका प्रश्नहरू कालोपाटी वा फलाटिन पाटीमा प्रस्तुत गरी विद्यार्थीलाई उत्तर दिन लगाउनुहोस् ।

(ग) विद्यार्थीबाट आएका मौखिक उत्तर ठीक भए ठीक भएको सङ्केत गर्नुहोस् र कुनै विद्यार्थीले ठीक उत्तर नदिएमा अन्य विद्यार्थीलाई पनि सोधर विद्यार्थीबाटै सही उत्तरको खोजी गर्नुहोस् । ग्रार्थीहरूबाट कुनै किसिमले ठीक उत्तर नआएमा आवश्यक पृष्ठपोषणसहित उत्तर बताइदिनुहोस् ।

(घ) विद्यार्थीहरूलाई निर्दिष्ट अनुच्छेद दिई समूहगत रूपमा एक समूहले प्रश्न बनाई अर्को समूहलाई सोध्न लगाउने, प्रश्न ठीक भए नभएको एकापसमा छलफल लगाउने गर्नुहोस् । प्रस्तुत पाठको अभ्यास खण्डमा सोधिएका प्रश्नहरूको उत्तर दिन लगाउनुहोस् र सकभर सही उत्तर विद्यार्थीबाट नै खोज्नहोस् । उपयुक्त उत्तर नआएमा मात्र आफैँले बताइदिनुहोस् ।

४. मूल्याङ्कन

(क) विद्यार्थीलाई पाठका निर्धारित अनुच्छेदबाट बोध प्रश्नहरू सोधी उत्तर दिन लगाउनुहोस् ।

(ख) कथाका पाठ्यवस्तुसम्बन्धी प्रश्न सोधी छलफल गराएर उत्तर दिन लगाउनुहोस् ।

(ग) पाठका अभ्यास खण्डका निर्धारित प्रश्नहरूको उत्तर दिन लगाई अभ्यास गराउनुहोस् ।

५. गृहकार्य

अभ्यास ४, ८ र ९ का प्रश्नका उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

पाठ्यवस्तु : सारांश र व्याख्या घन्टी - २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) कथाका विशिष्ट पङ्क्तिहरूको सामान्य भाव बताउन,

(ख) छोटा अनुच्छेदको सारांश लेख्न ।

२. शैक्षिक सामग्री

विशिष्ट पङ्क्तिहरू, सारांशका नमुनाहरू,फलाटिन पाटी आदि ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) प्रस्तुतक कथाबाट विशिष्ट अंश वा पङ्क्ति छानेर त्यसको भाव व्याख्याका लागि बुँदा वा पाठ्यवस्तुका बारेमा कक्षामा छलफल गर्नुहोस् । जस्तै :

(अ) पण्डित नमानेको त्यस दैवलाई पनि त थाहा होला नि ।

(आ) अब म यो छुवाछुतको भावना त्यागिदिन्छु ।

(इ) रगत सबैको रातै हुँदो रहेछ ।

(ख) कुनै एक पङ्क्तिको नमुना व्याख्या गर्न लगाउनुहोस् । भाव व्याख्या गराउँदा कक्षाका सबै विद्यार्थीलाई सम्बन्धित पङ्क्तिबाट आफूले बुझेका एकएक कुरा भन्न लगाउनुहोस् । विशिष्ट पङ्क्ति छान्न विद्यार्थीलाई नै लगाउनुहोस् ।

(ग) विद्यार्थीले तयार पारेको व्याख्या कक्षामा प्रस्तुत गर्न लगाई शिक्षकले समेत आवश्यक बुँदा थप्न र अनावश्यक बुँदा झिक्न लगाई भाव व्याख्याको अभ्यास गराउनुहोस् । व्याख्या गराउँदा विद्यार्थीको स्तरअनुसार सरल रूपमा भाव व्याख्या गर्ने उदाहरण दिएर स्पष्ट पारिदिनुहोस् ।

(घ) पाठका कुनै छोटो अनुच्छेद वा दुई तीन वाक्य दिएर त्यसलाई छोटोमा लेख्ने तरिकाका रूपमा सारांश लेखनको अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

(क) पाठका विशिष्ट पङ्क्ति दिई भाव व्याख्या गर्न लगाउनुहोस् ।

(ख) वाक्यहरू दिएर तिनको सारांश लेख्न लगाउनुहोस् ।

५. गृहकार्य

(क) पाठको अभ्यास १० गरेर ल्याउन निर्देशन दिनुहोस् ।

(ख) कथाबाट केही वाक्यहरू दिएर तिनको सारांश लेख्ने अभ्यास गराउनुहोस् ।

पाठ्यवस्तु : व्याकरण घन्टी - २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- दिइएको उदाहरणका आधारमा वाक्यको ढाँचा परिवर्तन गर्न ।

२. शैक्षिक सामग्री

वाक्य वदलेका उदाहरणका वाक्य पत्तीहरू

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) विद्यार्थीलाई पाठबाट विभिन्न वाक्य पढ्न लगाई अर्को विद्यार्थीलाई कालोपाटीमा लेख्न लगाउनुहोस् ।

(ख) उक्त वाक्यलाई पूर्ण वर्तमान र सामान्य भूतकालका करणअकरण वाक्यमा परिवर्तन गरिदिनुहोस् ।

(ग) पहिल्यै तयार पारेर ल्याएका वाक्यहरू दिएर तिनलाई पूर्ण वर्तमान (एको + छ) पूर्ण भूत (एको + थियो) कालका करण र अकरण वाक्य बनाउन लगाउनुहोस् । एक विद्यार्थीले सही रूपमा भन्न वा लेख्न नसके अरू विद्यार्थीहरूसँग छलफल गरी सही उत्तर पत्ता लगाउन लगाउनुहोस् र विद्यार्थीले नसकेमा मात्र शिक्षकले उत्तर बताइदिनुहोस् ।

(ङ) शकले वाक्य परिवर्तन गर्ने एउटा उदाहरण कालोपाटीमा गरेर देखाइदिनुहोस् । त्यसपछि त्यस्तै अन्य वाक्य दिएर उदाहरणमा झैँ वाक्य परिवर्तन गर्न लगाउनुहोस् ।

जस्तै : मैले रेडियोमा गीत सुनेको थिएँ ।

मैले रेडियोमा गीत सुनेको छु ।

(च) विभिन्न वाक्यहरू दिएर पूर्ण भूतकाल जनाउने वाक्यलाई पूर्ण वर्तमान काल जनाउने वाक्यमा बदल्न लगाउनुहोस् । आवश्यकतानुसार विद्यार्थीको रुचि, क्षमता, पछौटेपन आदिका आधारमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. मूल्याङ्कन

पूर्ण भूतकाल जनाउने सरल वाक्य दिई पूर्ण वर्तमान काल जनाउने वाक्यमा परिवर्तन गर्न लगाउनुहोस् ।

५. गृहकार्य

अभ्यास १२ र १३ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

पाठ : १८

# बालबालिकाका अधिकार

अनुमानित घन्टी : १२

| | पाठ्यवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वरवाचन र शुद्धोच्चारण | २ |
| २. | शब्दार्थ र वाक्यमा प्रयोग | २ |
| ३. | पठनबोध र प्रश्नोत्तर | ३ |
| ४. | व्याकरण | २ |
| ५. | सिर्जनात्मक अभ्यास | ३ |

**पाठ्यवस्तु : सस्वरवाचन र शुद्धोच्चारण घन्टी - २**

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठको गति र यति मिलाएर सस्वरवाचन गर्न,

(ख) पाठमा प्रयोग भएका नयाँ शब्दहरूको शुद्ध उच्चारण गर्न ।

२. **शैक्षिक सामग्री**

शब्दार्थ पत्ती, गोजी तालिका, फलाटिन पाटी, नयाँ शब्दको सूची

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) पहिले आफैँले पाठको नमुना वाचन गरिदिनुहोस् ।

(ख) विद्यार्थीहरूलाई विभिन्न समूहमा बाँडेर सस्वरवाचन गराउनुहोस् ।

(ग) सामूहिक रूपमा सस्वरवाचन गरेपछि व्यक्तिगत रूपमा समेत सस्वरवाचन गराउनुहोस् ।

(घ) विद्यार्थीहरूको गल्ती पहिल्याएर आफैँले पुन: वाचन गरिदिनुहोस् ।

(ङ) विद्यार्थीहरूलाई पाठमा नयाँ लागेका शब्दहरू टिपोट गर्न लगाउनुहोस् ।

(च) विद्यार्थीहरूले टिपोट गरेका शब्दहरू शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(छ) टिपोट गरिएका शब्दहरूलाई नमुना उच्चारण गरिदिनुहोस् र विद्यार्थीलाई पनि अनुवाचन गर्न लगाउनुहोस् ।

(ज) गोजीतालिका र शब्दार्थपत्तीका सहयोगबाट शब्दहरूको शुद्धोच्चारण निरन्तर गर्दै विद्यार्थीहरूलाई पनि शुद्ध उच्चारण गर्न निर्देश गर्नुहोस् ।

(झ) सबै विद्यार्थीहरूलाई समान अवसर दिनुहोस् । सबैलाई प्रोत्साहन गर्नुहोस् ।

४. मूल्याङ्कन

(क) अनुच्छेद तोकी सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) पाठका केही शब्दको उच्चारण गर्न लगाउनुहोस् ।

५. गृहकार्य

तलका शब्दहरू शुद्ध उच्चारण गर्ने अभ्यास गरेर आउन निर्देशन दिनुहोस् :

सार्थक, कोपिला, बालश्रमिक, कमैया, भौँतारिरहेका, घरायसी, उजुर, मानवअधिकार, कर्णधार, सन्धि, बालअधिकार

पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग घन्टी - २

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयोग भएका नयाँ शब्दहरूको अर्थ लेख्न,

(ख) पाठमा प्रयोग भएका शब्दहरूको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न ।

२. **शैक्षिक सामग्री**

शब्दार्थपत्ती, वाक्यपत्ती, गोजी तालिका, फलाटिन पाटी

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई पाठको मौनवाचन गर्न लगाई नयाँ शब्दहरू कापीमा टिपोट गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीले टिपोट गरेका नयाँ शब्दहरू क्रमश: शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ग) शब्दार्थपत्ती र गोजी तालिकाका सहायताले शब्दको अर्थ पत्ता लगाउने खेल खेलाउनुहोस् ।

(घ) शब्दार्थ शिक्षणपछि शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । वाक्यमा प्रयोग गराउँदा सकेसम्म धेरै र स्तरयुक्त वाक्य बनाउन प्रोत्साहन गर्नुहोस् ।

(ङ) विद्यार्थीले वाक्य बनाउँदा गरेका गल्तीहरू पहिल्याएर आवश्यक सुझाव दिनुहोस् । यो अभ्यास विद्यार्थीहरूलाई पटकपटक गराउनुहोस् ।

(छ) विद्यार्थीले राम्रो गरे प्रोत्साहित गर्नुहोस् । गल्ती गरे पटक पटक सुधारिदिनुहोस् ।

४. **मूल्याङ्कन**

निम्नलिखित शब्दको अर्थ भन्न लगाउनुहोस् :

उत्साह, बालश्रमिक, कमैया, सचेत, संरक्षण, कर्णधार, मानवअधिकार

५. **गृहकार्य**

पाठको अभ्यास ३ र ४ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

पाठ्यवस्तु : पठनबोध र प्रश्नोत्तर घन्टी - ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठमा भएका प्रश्नोत्तर गर्न,

(ख) विभिन्न अनुच्छेदका मुख्यमुख्य बुँदा टिपोट गर्न ।

२. शैक्षिक सामग्री

प्रश्नोत्तर नमुनाहरू, फलाटिन पाटी

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) पहिले पाठको मौनवाचन गर्न लगाउनुहोस् । मौनवाचन प्रत्येक विद्यार्थीलाई गराउनुहोस् र वाचनपछि प्रश्न सोधिने कुरा निर्देश गर्नुहोस् ।

(ख) विद्यार्थीहरूलाई पाठबाट मुख्य मुख्य बुँदाहरू टिपोट गर्न निर्देशन दिनुहोस् ।

(ग) पठनबोध गरेर आवश्यक बुँदा टिपोट गरी विद्यार्थीहरूलाई प्रश्नोत्तर अभ्यास गराउनुहोस् ।

(घ) पाठमा भएका प्रश्नोत्तर अभ्यास निरन्तर गराउनुहोस् ।

(ङ) विद्यार्थीले तयार पारेको प्रश्नोत्तर हेरेर आवश्यक सुझाव दिई सकारात्मक निर्देशन गर्नुहोस् ।

(च) विद्यार्थीले उत्तर भन्न/लेख्न नसकेका प्रश्नको उत्तर भनिदिनुहोस् र लेखाइदिनुहोस् । प्रश्नोत्तर अभ्यास तथा त्रुटि विश्लेषणबाट विद्यार्थीहरूको क्षमतामा वृद्धि हुने छ ।

४. मूल्याङ्कन

पाठको अभ्यास ५, ६ र ७ को प्रश्नहरू कक्षामा सोध्नुहोस्, स्पष्ट उत्तर नआए आवश्यक सुझाव दिनुहोस् ।

५. गृहकार्य

पाठको अभ्यास ५, ६, ८ र १३ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

**पाठ्यवस्तु :** **व्याकरण** **घन्टी - २**

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयोग भएका व्याकरणको पहिचान गरी व्यवहारमा प्रयोग गर्न,

(ख) पुरुषको परिचय दिई वाक्यमा प्रयोग गर्न ।

२. **शैक्षिक सामग्री**

पुरुष बुझाउने विभिन्न वाक्यपत्ती, प्रथम, द्वितीय, तृतीय पुरुष जनाउने तालिका

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) विद्यार्थीहरूलाई पाठको मौनवाचन गर्न निर्देशन दिनुहोस् ।

(ख) मौनवाचन पछि म, हामी, तँ, तिमी , ऊ, उनीहरू जस्ता सर्वनाम कहाँकहाँ र कसरी प्रयोग भएका छन् ? ती वाक्य टिपोट गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीले टिपोट गरेका शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(घ) वाक्यपत्ती, फलाटिन पाटीको सहायताले प्रथम, द्वितीय, तृतीय पुरुषका वाक्यहरूको सूची सबैले देख्ने ठाउँमा राखेर छलफल गर्नुहोस् ।

(ङ) विभिन्न वाक्यका माध्यमले पुरुषको चिनारी दिनुहोस् । जस्तै :

(अ) म नाच्छु । (म : वक्ता : प्रथम पुरुष)

(आ) तँ नाच्छस् । (तँ : श्रोता : द्वितीय पुरुष)

(इ) ऊ नाच्छ । (ऊ : गफको विषय : तृतीय पुरुष)

४. **मूल्याङ्कन**

तलका शब्द कुनकुन पुरुष हुन, छुट्याउन लगाउनुहोस् :

म, हामी, तँ तपाईं, हजुर, त्यो, तिनीहरू, राम, हरि, फुर्वा, पासाङ

५. **गृहकार्य**

(क) तलका वाक्यहरूको पुरुष परिवर्तन गरेर ल्याउन निर्देशन दिनुहोस् :

(अ) तपाईं कविता लेख्नुहुन्छ (प्रथम पुरुष)

(आ) तँ साह्रै लोभी छस् । (तृतीय पुरुष)

(इ) भाइ परिश्रमी छ । निर्देशन गर्नुहोस् । (द्वितीय पुरुष)

(ख) पाठको अभ्यास ८ पूरा गरेर ल्याउन निर्देशन दिनुहोस् ।

पाठ्यवस्तु : **सिर्जनात्मक अभ्यास** घन्टी - ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठको अन्त्यमा भएका सिर्जनात्मक अभ्यास पूरा गर्न,

(ख) विभिन्न शीर्षकमा निबन्ध सिर्जना गर्न ।

२. शैक्षिक सामग्री

फलाटिन पाटी र शिक्षण सिकाइका अन्य सामग्रीहरू

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) विभिन्न शीर्षक दिएर कक्षामा ती शीर्षकका परिचय, फाइदा, बेफाइदा, गुण, दोष, असर आदि पक्षमा आवश्यक छलफल गराउनुहोस् ।

(ख) छलफलबाट आएका महत्त्वपूर्ण बुँदा शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ग) परिचय, महत्त्व, फाइदा, बेफाइदा, निष्कर्ष आदिको राम्रो संयोजन मिलाएर निबन्ध सिर्जना गर्न ने कुराको छलफल गराउनुहोस् ।

(घ) विद्यार्थीहरूलाई पटकपटक सिर्जनात्मक अभ्यासका रूपमा निवन्ध लेखन आदिको अभ्यास गराउनुहोस् ।

(ङ) विद्यार्थीले गरेको सिर्जनामध्ये उत्कृष्ट नमुना कक्षामा पढेर सुनाउन लगाउनुहोस् ।

(च) राम्रो सिर्जना गर्ने विद्यार्थीहरूलाई प्रोत्साहित गर्नुहोस् । उत्कृष्ट निवन्ध कक्षाकोठामा टाँसिदिनुहोस् ।

४. मूल्याङ्कन

'किसान' वा यस्तै अरू शीर्षकमा विभिन्न महत्त्वपूर्ण बुँदा टिपोट गरेर कक्षामा देखाउन निर्देशन दिनुहोस् ।

५. गृहकार्य

पाठको अभ्यास ९, १०, ११ र १२ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

## पाठ : १९ नौलाख तारा

अनुमानित घन्टी : १२

| पाठ्यवस्तु | घन्टी |
|---|---|
| १. सस्वरवाचन र शुद्धोच्चारण | २ |
| २. शब्दार्थ र वाक्यमा प्रयोग | २ |
| ३. लय तथा भावबोध | २ |
| ४. प्रश्नोत्तर तथा व्याख्या | २ |
| ५. व्याकरण, अभ्यास र सिर्जना | ४ |

### पाठ्यवस्तु : सस्वरवाचन र शुद्धोच्चारण घन्टी- २

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) कविता पाठमा उल्लेख भएका शब्दको उच्चारण गर्न,

(ख) कविताको शैलीमा कविता वाचन गर्न ।

२. **शैक्षिक सामग्री**

पाठ्यपुस्तक, कक्षामा दैनिक रूपमा प्रयोग गरिने शैक्षिक सामग्री, विविध प्रश्न तथा अन्य फुटकर कविता

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) कक्षाको वातावरणलाई व्यवस्थित गर्नुहोस्, कक्षाका विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् ।

(ख) पाठमा प्रयोग भएका चक्कु, तारा, किरण, रती, थुङ्गा, ज्योति, आँसु जस्ता उच्चारणका दृष्टिवाट जटिल मानिने शब्द उच्चारण गरेर सुनाउनुहोस् र विद्यार्थीहरूलाई पनि सँगसँगै उच्चारण गर्न लगाउनुहोस् ।

(ग) आकाशभरि, आँगनबीच जस्ता नामयोगीयुक्त शब्द, चम्क न चम्क, झिलमिल जस्ता द्वित्व भएका शब्द, पदावली, भरिदेऊ पार्छौं, छरिदेऊ, छोड्छौं, होइदेऊ, हेर्छौं, छोइदेऊ, जस्ता क्रियापद र जुनको, मर्नलाई, गर्नलाई, तिमीलाई जस्ता विभक्ति लागको शब्द तथा वारिपारि जस्ता समस्त

शब्दलाई अलगअलग रूपमा सबै विद्यार्थीलाई उच्चारण गर्न भन्नुहोस् । उच्चारण गर्न सिकाउँदा पहिले आफूले एकदुई पटक उच्चारण गरेर सुनाउनुहोस् र त्यसैअनुसार बालबालिकालाई अलगअलग वा समूहसमूहमा उच्चारण गर्न सिकाउनुहोस् ।

(घ) त्यसपछि कवितावाचन गर्न लगाउनुहोस् । कविता वाचन सिकाउँदा पङ्क्तिपङ्क्ति तथा श्लोक श्लोक गरेर वाचन गर्न अभ्यास गराउनुहोस् । कविता वाचनको शिक्षण गर्दा सर्वप्रथम आफैँले कविता वाचन गरेर सुनाउनुहोस् अनि त्यसैअनुसार पालैपालो गरेर सबै विद्यार्थीहरूलाई कवितावाचन गर्न भन्नुहोस् ।

(ङ) कविता वाचन अभ्यास गर्न सिकाउँदा गति, यति, आघातलाई ख्याल गर्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् । कति चाँडोसँग पढ्ने, कुन शब्दमा गएर विश्राम गर्ने र कविता वाचन गर्दा कुन शब्दमा जोड दिने जस्ता कुराहरूले आफैँले गरेको कविता वाचनको आधारमा विद्यार्थीहरूलाई बताउनुहोस् र त्यसका आधारमा कविता वाचन गर्न सबै विद्यार्थीहरूलाई भन्नुहोस् । सामूहिक कविता वाचन गर्दा एकैसाथ आरम्भ गर्ने र एकैसाथ अन्त्य गर्नुपर्छ भन्नका लागि खेलको रूपमा एक, दुई तीन भनेर सामूहिक रूपमा कविता वाचनको अभ्यास गर्न सिकाउनुहोस् ।

४. मूल्याङ्कन

अभ्यासका प्रश्न १ र २ का क्रियाकलाप गर्नुहोस् ।

५. गृहकार्य

'नौलाख तारा' कविता वाचन गरेर अभिभावकलाई सुनाउनुहोस् ।

पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग घन्टी : २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'नौलाख तारा' कवितामा प्रयोग भएका शब्दको अर्थ बताउन,

(ख) 'नौलाख तारा' कवितामा प्रयोग भएका शब्दलाई वाक्यमा प्रयोग गर्न ।

२. शैक्षिक सामग्री

पाठ्यपुस्तक, विविध किसिमका प्रश्नहरू, शब्दपत्ती, शब्दसूची, शब्दतालिका, वाक्य तालिका, गोजी तालिका र फलाटिन पाटी, कक्षामा दैनिक रूपमा प्रयोग गरिने शिक्षण सिकाइका अन्य सामग्री

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) 'नौलाख तारा' कविताको सन्दर्भका बारेमा बालबालिकाहरूसँग सामान्यरूपमा कुराकानी गरेर उनीहरूको ध्यानलाई शिक्षण सिकाइप्रति आकर्षित गर्नुहोस् । कविताको सन्दर्भका बारेमा कुरा गर्दा रचनाकार र रचनाकारको विषय, कविताको शीर्षक र त्यसको औचित्य तथा उपयुक्ता, कविताको शीर्षकले दिने सन्देशका बारेमा छलफल गर्नुहोस् ।

(ख) शब्द र अर्थका बारेमा शिक्षण गर्दा 'नौलाख तारा' कविताको अभ्यासमा दिएको प्रश्न ४ को क्रियाकलापका सम्बन्धमा अभ्यास गराउनुहोस् । अनि कविता पढ्न लगाउनुहोस् र त्यसमा प्रयोग भएका शब्दमध्ये कुनकुन शब्दको अर्थ बालबालिकालाई आउँदैन, उनीहरूसँग सोधेर कालोपाटीमा लेख्नुहोस् र शब्द र अर्थ दुवै कालोपाटीमा लेखेर विद्यार्थीहरूलाई उनीहरूको कापीमा सार्न भन्नुहोस् ।

(ग) शब्द र अर्थका सम्बन्धमा शिक्षण गर्दा शब्दपत्ती र गोजी तालिकाको पनि प्रयोग गर्नुहोस् । यसका लागि तपाईंले पूर्व तयारी गरेको हुन आवश्यक छ । तपाईंले गरेको पूर्व तयारीका आधारमा शब्दपत्ती र अर्थपत्ती क्रमिक रूपमा गोजी तालिकामा राखेर प्रदर्शन गर्नुहोस् । शब्दार्थ शिक्षण गर्दा पर्याय शब्द र विपरीतार्थक दुवै किसिमका शब्दहरूको प्रयोग गर्नुहोस् ।

(घ) थप क्रियाकलापका रूपमा शब्दार्थ शिक्षण गर्दा शब्दसूची र शब्दपत्तीको प्रयोग गर्नुहोस् । शब्दसूची तथा शब्द तालिका फलाटिन पाटीमा टाँस्नुहोस् । अनि शब्दअनुसार ठोस वस्तुका आधारमा, अभिनयका आधारमा तथा अन्य शब्दका आधारमा शिक्षण गर्नुहोस् । शब्दार्थ शिक्षणका सन्दर्भमा कुन शब्दको अर्थ के हुन्छ भन्ने सम्बन्धमा छलफल गर्नका लागि विद्यार्थीहरूलाई पनि विशेष अवसर प्रदान गर्नुहोस् । कुन शब्दलाई वाक्यमा कसरी प्रयोग गर्न सकिन्छ भनी प्रश्नोत्तर गरेर शब्दार्थ सिकाउँदा विद्यार्थी विशेष रूपमा लाभान्वित हुन्छन् । खेल विधिको प्रयोग गरेर पनि विद्यार्थीहरूलाई प्रभावकारी रूपमा शब्दको अर्थ सिकाउनुहोस् । शब्दार्थ शिक्षणको अर्को माध्यम भनेको वाक्यमा प्रयोग हो । त्यसैले शब्दहरूलाई वाक्यमा प्रयोग गर्न सिकाउनुहोस् ।

(ङ) शब्दलाई वाक्यमा प्रयोग गर्न सिकाउँदा 'नौलाख तारा' कवितामा प्रयोग भएका आकाश, राम्रो, सारा, सिङ्गै, तारा शब्दलाई वाक्यमा प्रयोग गरेर मौखिक रूपमा सुनाउन भन्नुहोस् । बालबालिकाहरूले प्रयोग गरेर सुनाउन नसकेमा आफूले नै प्रयोग गरेर बताउनुहोस् र विद्यार्थीहरूलाई त्यस किसिमका वाक्य आफ्नो कापीमा लेख्न भन्नुहोस् ।

(च) छाया, आँसु, पूरा, उज्यालो आदि शब्दलाई वाक्यमा प्रयोग गरी लिखित रूपमा देखाउन भन्नुहोस् । अनि आफूले विद्यार्थीले गरेको वाक्य प्रयोगलाई परीक्षण गर्नुहोस् र त्यसको आधारमा बालवालिकाहरूलाई पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(छ) विभिन्न अशुद्ध रूपमा लेखिएका शब्दहरूलाई शुद्ध रूपमा लेख्न अभ्यास गराउनुहोस् ।

४. मूल्याङ्कन

अभ्यास ६ को क्रियाकलाप गराउनुहोस् ।

५. गृहकार्य

अभ्यास ४ को क्रियाकलाप गरेर ल्याउन लगाउनुहोस् ।

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'नौलाख तारा' कविता पाठका आधारमा मौखिक तथा लिखित रूपमा प्रश्नोत्तर गर्न,

(ख) 'नौलाख तारा' कविताका पङ्क्ति तथा श्लोकहरूको तात्पर्य वा आशय व्यक्त गर्न ।

२. **शैक्षिक सामग्री**

पाठ्यपुस्तक, कक्षामा प्रयोग गरिने दैनिक किसिमका शिक्षण सिकाइ सामग्रीहरू, विभिन्न किसिमका प्रश्न, कक्षा शिक्षणका लागि अन्य आवश्यक वातावरण ।

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) 'नौलाख तारा' कविता पाठप्रति विद्यार्थीहरूको ध्यान आकर्षित गर्न बालबालिकासँग ताराका बारेमा विभिन्न प्रश्न गर्नुहोस् । जस्तै : दिनमा हामी ताराहरू किन देख्न सक्दैनौँ ? ताराहरू किन साना देखिन्छन् ? तिमी ताराको चित्र कोर्न सक्छौ ? यस सिसिमका प्रश्नोत्तरका आधारमा शिक्षणसिकाइ आरम्भ गर्नुहोस् ।

(ख) कालोपाटीमा पाठ शीर्षक लेखी त्यसलाई रेखाङ्कन गरेर पाठको औपचारिक शिक्षण सुरु गर्नुहोस् ।

(ग) 'नौलाख तारा' को पाठ्यवस्तुको रूपमा प्रश्नोत्तरसम्बन्धी क्रियाकलापको उपयोग गर्नका लागि तपाईंले सम्बन्धित पाठका वारेमा विभिन्न किसिमका प्रश्नहरू तयार गरेको हुनुपर्छ । ती प्रश्नहरू विषयगत तथा वस्तुगत दुवै किसिमका हुन सक्छन् । यस किसिमका प्रश्नहरू तयार गर्दा पाठ्यवस्तु तथा विषयवस्तुसँग सम्बन्धित तर पाठको अभ्यासमा नपरेका हुन सकेमा वढी राम्रो मानिन्छ । त्यसरी तपाईंले तयार गरको प्रश्नहरू कालोपाटीमा लेख्नुहोस् या फलाटिन पाटीमा टाँस्नुहोस् या फोटोकपी गरेर विद्यार्थीहरूलाई बाँड्नुहोस् ।

(घ) अब तपाईंले तयार गरको प्रश्नहरूलाई पढ्न सबै विद्यार्थीहरूलाई भन्नुहोस् । ती प्रश्नको उत्तर के हुन सक्छ, कति कुरा हुनुपर्छ आदि कुराहरूका सम्बन्धमा विद्यार्थीहरूका बीचमा छलफल गराउनुहोस् र आफूले पनि बताउनुहोस् । प्रश्नको निर्देशन प्रस्ट नभए त्यसलाई सच्याउने र प्रस्ट पार्ने काम पनि गर्नुहोस् ।

(ङ) तारा दिनमा किन देखिँदैन ? तारा र चन्द्रमामा के फरक छ ? तारा रहने ठाउँ आकाश हो कि धरती हो ? ताराको चित्र तिमीले देखका छौ । ताराको चित्रमा कति चोसा वा कोण हुन्छन् ? तिमीलाई तारा देख्दा रमाइलो लाग्छ कि लाग्दैन ? ताराले हामीलाई के दिन्छन् ? जूनलाई जनाउने अर्को शब्द कुन हो ? ताराबाट खस्ने पानी जस्तो ओसलाई के भनिन्छ ? सूर्यको किरण, चन्द्रमाको प्रकाश भने जस्तै ताराको के हुन सक्छ ? हामी तारालाई पानी, फूल र बत्तीमध्ये

कोसेलीको रूपमा के चढाउँछौं ? यस किसिमका प्रशस्तै प्रश्नहरूको आधारमा विद्यार्थीहरूमा काल्पनिक, तार्किक तथा अभिव्यक्ति क्षमताको विकास गर्नुहोस् । प्रश्नोत्तरका आधारमा बोलाइ तथा लेखाइ दुवै किसिमका अभिव्यक्ति सीपको विकास गर्न प्रयास गर्नुहोस् ।

(च) प्रश्नोत्तरका रूपमा सङ्क्षिप्त उत्तर तथा वस्तुगत प्रश्नोत्तरका अतिरिक्त कविता शिक्षणका क्रममा आशय वा तात्पर्य लेख्न पनि लगाउन सकिन्छ । जस्तै : ताराहरूलाई नौलाख भन्नुको आशय के हो ? बादल, छाया, छोइदेऊको तात्पर्य के हो ? कविले हिमाल वारिपारिका भनेर तार ालाई कुन आशयले भनेका हुन् ? यस किसिमबाट तात्पर्य तथा आशयबोधका लागि फरक तथा विशिष्ट किसिमका प्रश्न गर्नुहोस् । आशय तथा तात्पर्यसम्वन्धी प्रश्नको उत्तर लेख्ने तरिका पनि सिकाउनुहोस् ।

४. मूल्याङ्कन

अभ्यास ७ का प्रश्नहरूको उत्तर भन्न / लेख्न लगाउनुहोस् ।

५. गृहकार्य

अभ्यास ७ गरेर ल्याउन निर्देश गर्नुहोस् ।

## पाठ्यवस्तु : व्याकरण, अभ्यास र सिर्जना घन्टी – ४

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्ने (छन् :

(क) अभ्यासमा दिइएका प्रश्नहरू पढेर सुनाउन,

(ख) अभ्यासमा दिइएका प्रश्न र तिनको उत्तरका सम्बन्धमा विद्यार्थीहरूसँग छलफल गर्न,

(ग) अभ्यासमा दिइएका प्रश्नहरूको उत्तर लेख्न ।

२. **शैक्षिक सामग्री**

पाठ्यपुस्तक, विविध किसिमका प्रश्न, दैनिक रूपमा प्रयोग गरिने शिक्षण सिकाइका अन्य शैक्षिक सामग्री ।

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) कक्षाको वातावरणलाई व्यवस्थित गर्नुहोस् । यसका लागि विद्यार्थीहरूको बसाइको व्यवस्था राम्रोसँग मिलाउनुहोस् ।

(ख) पाठको अभ्यासमा दिएका क्रियाकलापका वारेमा कुराकानी गर्नुहोस् र अभ्यासलाई तीन चार समूहमा विभाजन गर्नुहोस् । जस्तः मौखिक रूपमा उत्तर दिनुपर्ने प्रश्नहरूको समूह, शब्द तथा वाक्यसम्वन्धी हल गरिने क्रियाकलापको समूह, सङ्क्षिप्त रूपमा उत्तर लेख्नुपर्ने प्रश्नको समूह र मौलिक रूपवाट उत्तर दिनुपर्ने सिर्जनात्मक समूह । यसरी प्रश्नहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । अनि त्यस किसिमका प्रश्नहरूको उत्तर कुन रूपमा कसरी दिने भन्ने सम्बन्धमा निर्देशन दिनुहोस् ।

(ग) मौखिक रूपमा उत्तर दिनुपर्ने प्रश्न र तिनका उत्तरबाट विद्यार्थीहरूमा सुनाइ तथा बोलाइ सीपको विकास हुन्छ । अतः उक्त प्रश्नको उत्तर दिने सन्दर्भमा विद्यार्थीहरूलाई आफूसँगै अभ्यास गराउनुहोस् र सम्बन्धित क्रियाकलाप हल गर्न भन्नुहोस् ।

(घ) शब्द तथा वाक्यसँग सम्बन्धित क्रियाकलापका रूपमा अभ्यासका ३,४,५,६,९ र १२ नं. अभ्यास गराउनुहोस् र परीक्षण गरिदिनुहोस् ।

(ङ) सङ्क्षिप्त रूपमा उत्तर लेख्नुपर्ने अंश अभ्यासको महत्त्वको अंश हो । अभ्यास ७ र ८ का उत्तर लेख्न लगाई जाँचिदिनुहोस् ।

४. **मूल्याङ्कन**

अभ्यास ७ मा दिइएको प्रश्नहरूको उत्तर भन्न/लेख्न लगाउनुहोस् ।

५. **गृहकार्य**

अभ्यास १० र १२ को क्रियाकलाप पूरा गर्न लगाउनुहोस् ।

पाठ : २०

# सत्य कामको अठोट

अनुमानित घन्टी : १३

| पाठ्यवस्तु | घन्टी |
|---|---|
| १. उच्चारण तथा पठन | २ |
| २. शब्दार्थ र वाक्यमा प्रयोग | ३ |
| ३. पठनबोध | ३ |
| ४. कथाकथन र प्रश्नोत्तर | २ |
| ५. अभ्यासात्मक कार्य | ३ |

## पाठ्यवस्तु : उच्चारण तथा पठन घन्टी - २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयोग भएका जटिल शब्दको उच्चारण गर्न,

(ख) उपयुक्त उच्चारणका आधारमा प्रस्टसँग वाक्य पढ्न ।

२. शैक्षिक सामग्री

पाठ्यपुस्तक, शब्दपत्ती, शब्द तालिका र शब्दसूची, गोजी तालिका तथा फलाटिन पाटी, नियमित रूपमा शिक्षणमा प्रयोग गरिने शैक्षिक सामग्री ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) कक्षाको वातावरणलाई व्यवस्थित गर्नुहोस् । बालवालिकाहरूलाई विभिन्न समूहमा विभाजन गरेर समूहको नाम दिनुहोस् ।

(ख) सत्यकामको अठोट पाठको सन्दर्भमा बालबालिकाहरूसँग सामान्य कुराकानी गरेर पाठप्रति बालबालिकाको रुचि जगाउनुहोस् ।

(ग) विभिन्न समूहका अलगअलग बालबालिकाहरूलाई अलगअलग अनुच्छेद पढ्न भन्नुहोस् । पढ्दा उनीहरूको शब्दोच्चारण तथा वाक्यपठन क्षमता कतिसम्म प्रभावकारी रह्यो त्यसमा विचार गर्नुहोस् । त्यसका आधारमा उच्चारणमा उनीहरूले कठिनाइ महसुस गरेका शब्दहरूलाई पेन्सिलले रेखाङ्कन गर्नुहोस् र विद्यार्थीहरूलाई पनि आफ्नो किताबमा रेखाङ्कन गर्न भन्नुहोस् । अनि प्रस्ट तथा शुद्धसँग उच्चारण गर्न सिकाउनुहोस् ।

(घ) 'सत्यकामको अठोट' पाठमा उच्चारणको जटिलताका रूपमा विभिन्न किसिमका शब्दहरू हुन सक्छन् । जस्तो कुलघरान, जङ्गल, दिइरहेका, अकस्मात, अलमलियो यस किसिमका शब्दहरू वालवालिकाहरूका लागि आकारगत हिसावले कठिन हुन सक्छन् । त्यस्तै शास्त्र, महर्षि, आश्रम, अनावश्यक, गिज्याउन, प्रतिभाशाली, अध्ययन, कर्तव्य, महत्त्व, इच्छा जस्ता शब्दहरू संयुक्त अक्षरयुक्त शब्दका कारण वालवालिकाहरूलाई उच्चारणमा कठिनाइ हुन सक्छन् । अनि शिक्षा, अवसर, जिद्दी ,यति जस्ता शब्दहरू वर्ण विभेदीकरणका दृष्टिबाट बालबालिकाहरूलाई उच्चारण गर्न कठिन हुन सक्छन् । अतः यस किसिमका विविध आधारमा पाठका कठिन जटिल शब्दहरूलाई तालिकामा प्रस्तुत गर्नुहोस् । अनि उच्चारण शिक्षण क्रियाकलाप प्रयोग गरी उच्चारण शिक्षण गरेर उच्चारण बालवालिकाहरूलाई सक्षम तुल्याउनुहोस् ।

(ङ) उच्चारण शिक्षणकै क्रममा पाठका सानाठूला वाक्यहरूलाई गति, यति, आघातसम्वन्धी प्रकृतिमा ध्यान दिई प्रस्ट तथा शुद्धरूपमा वाचन गर्न सिकाउनुहोस् । प्रस्टसँग भन्नाले जिब्रो फट्कारेर पढ्नु भन्ने वुभिन्छ भने शुद्धसँग पढ्नुको अर्थ वर्ण विन्यासलाई ख्याल गरेर पढ्नु भनिन्छ । वाक्य पठनको अभ्यास गराउँदा लेख्य चिह्नहरूलाई समेत ख्याल गरेर वाक्य पढ्न वालवालिकालाई सिपालु तुल्याउन आवश्यक छ ।

(च) वाक्यपठनमा पनि उच्चारण शिक्षणकै जस्तो वाक्यसूची, वाक्य तालिकाको उपयोग गर्न सकिन्छ । कालोपाटीमा पनि विशिष्ट प्रकृतिका वाक्यहरू लेखेर वाक्य वाचन गराउनु उपयुक्त मानिन्छ । वालबालिकाहरूमा वाचनकला विकास गर्न शब्दोच्चारण, वाक्यपठन हुँदै अनुच्छेद पठन र पठन पाठन तर्फ निरन्तरता दिनुपर्छ । एवम् क्रमले बालवालिकाहरूलाई 'सत्य कामको अठोट' पाठका विभिन्न पक्षका आधारमा उच्चारण तथा पठनसम्वन्धी क्षमता विकास गर्नुहोस् ।

**४. मूल्याङ्कन**

(क) अभ्यास १ को क्रियाकलाप गराउनुहोस् ।

(ख) तीन चार मिलेर अभ्यास २ को क्रियाकलाप पूरा गर्न लगाउनुहोस् ।

**५. गृहकार्य**

(क) 'सत्य कामको अठोट' पाठवाट उच्चारण गर्न अप्ठ्यारो महसुस गरेका शब्दहरू सङ्कलन गरी शिक्षकलाई देखाउन लगाउनुहोस् ।

(ख) 'सत्य कामको अठोट' पाठको पहिलो अनुच्छेद सारेर शिक्षकलाई देखाउन लगाउनुहोस् ।

पाठ्यवस्तु : शब्दार्थ र वाक्यमा प्रयोग घन्टी - ३

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'सत्य कामको अठोट' पाठमा प्रयोग भएका शब्दहरूको अर्थ बताउन,

(ख) ती शब्दहरूलाई उपयुक्त किसिमको वाक्यमा प्रयोग गर्न ।

२. शैक्षिक सामग्री

पाठ्यपुस्तक, विविध प्रश्न, शब्दपत्ती, शब्दसूची र शब्दतालिका तथा वाक्य तालिका, नियमित रूपमा कक्षामा प्रयोगमा आउने शिक्षण सिकाइसँग सम्बन्धित सामग्री, गोजी तालिका तथा फलाटिन पाटी ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) कक्षाको वातावरण व्यवस्थित गर्नुहोस्, विद्यार्थीहरूलाई समूहमा विभाजन गर्नुहोस् र विद्यार्थीहरूको ध्यानलाई पाठप्रति आकर्षित गर्नुहोस् र पाठको सन्दर्भका बारेमा बालबालिकाहरूसँग सामान्य कुराकानी गर्नुहोस् ।

(ख) 'सत्य कामको अठोट' पाठ पढ्न बालबालिकालाई भन्नुहोस् र अर्थ नजानेका शब्दहरूलाई ... लले रेखाङ्कन गर्न निर्देशन दिनुहोस् । उनीहरूले भनेका शब्दहरू कालोपाटीमा लेख्नुहोस् र तिनको अर्थ उनीहरूको कापीमा लेखाउनुहोस् । ती शब्द र अर्थ दुई तीनपटक पढ्न सबै बालबालिकाहरूलाई भन्नुहोस् ।

(ग) शब्द र अर्थको शिक्षण क्रममा 'सत्य कामको अठोट' पाठको अभ्यास ५ को क्रियाकलाप पनि प्रयोग गर्नुहोस् । यसअनुसार शब्द र अर्थको बीचमा जोडा मिलाउन बालबालिकालाई भन्नुहोस् । दुई तीन पटक बुझेर पढ्न सबै बालबालिकाहरूलाई निर्देशन दिनुहोस् । अनि मिल्दो जोडी खोजेर सँगसँगै राखी कापीमा सार्न लगाउनुहोस् । जोडा मिलाउन नसकेमा सबै बालबालिकाको सम्पर्कमा रहेर उनीहरूलाई आवश्यक मद्दत गर्नुहोस् ।

(घ) शिक्षकले शब्दार्थ शिक्षणका लागि तयार गरेका शब्दपत्तीहरू गोजी तालिकामा राखेर प्रदर्शन गर्नुहोस् । जस्तै : जङ्गल, बीच, महर्षि, गौतम, आश्रम र थियो । यी शब्द लेखिएका शब्दपत्तीहरू गोजी तालिकाको खास खास खोजीमा राखेर प्रदर्शन गर्नुहोस् । यी शब्दहरू बालबालिकाहरूलाई विचारपूर्वक पढ्न पनि भन्नुहोस् र कापीमा सार्न पनि भन्नुहोस् । अनि तिनै शब्दपत्तीलाई अर्को पट्टि फर्काउनुहोस् । यसरी शब्दपत्तीलाई अर्कोतिर फर्काउँदा विद्यार्थीले जङ्गलको ठाउँमा वन, बीचको ठाउँमा माझ, महर्षिको ठाउँमा ठूला ऋषि, गौतमको ठाउँमा पौराणिककालीन एक ऋषि, आश्रमको ठाउँमा ऋषिहरूको बसोबास गर्ने स्थल र थियोको ठाउँमा छ को भूतकालीन क्रियापद लेखिएका शब्दहरू पढ्न पाउँछन् । यी शब्दलाई पनि दुई तीन पटक विचारपूर्वक पढ्न भन्नुहोस् । यी शब्दहरूलाई कापीमा अघि लेखिएका शब्दहरूको सँगै सामुन्नेमा लेख्न भन्नुहोस् । विद्यार्थीहरूले तपाईंको निर्देशन पालना गर्न सके वा सकेनन् अवलोकन गर्नुहोस् । तपाईंको निर्देशन पालना

गर्न नसक्ने बालबालिकाहरूलाई आवश्यक सहयोग गर्नुहोस् । यसरी शब्द र अर्थको शिक्षण गर्दा बालवालिकाहरूलाई सँगसँगै वाक्यमा प्रयोग गर्न पनि सिकाउनुहोस् ।

(ङ) शब्दार्थ शिक्षण गर्ने विभिन्न तरिका हुन्छन् । ठोसवस्तु, अभिनय, वाक्य प्रयोग, वास्तवविक वातावरणको अवलोकन, चित्र, विपरीतार्थक शब्द, पर्यायवाची शब्द, सामान्य किसिमको बयान, परिभाषा आदि शब्दार्थ शिक्षणका तरिकाहरू हुन् । यी तरिकाका आधारमा 'सत्य कामको अठोट' पाठका शब्दहरूलाई समूहिकृत गर्नुहोस् । वालवालिकाहरूले सवै समूहलाई पालैपालो शब्द पढ्न अवसर प्रदान गर्नुहोस् र त्यसपछि अर्थसहितको शब्द तालिका पढ्ने अवसर सबै वालवालिकालाई उपलव्ध गराउनुहोस् । शिक्षकले तयार पारेको शब्द तालिकामा उल्लेख गरिएका शब्दहरू पाठमा कुन सन्दर्भमा कसरी प्रयोग गरिएको छ ? भन्ने थाहा पाउन पाठको सन्दर्भलाई पढ्न निर्देशन दिनुहोस् र अर्थ पत्ता लगाउन सव्दको समूह बनाउने तालिका यस्तो हुन सक्छ ।

(अ) ठोसवस्तुसँग सम्वन्धित समूह शब्द -शास्त्र आदि ।

(आ) अभिनयसँग सम्वन्धित शब्द समूह - टक्क, छक्क, कानेखुसी आदि ।

(इ) वाक्य प्रयुज्य समूह - वाबु, अँ, त आदि ।

(ई) वास्तविक वातावरण अवलोकनका आधारमा सिकाउने खालका शब्द समूह - आश्रम, युवा आदि ।

(उ) चित्रका आधारमा सिकाउने शब्द समूह - ऋषि, वालक आदि ।

(ऊ) विपरीतार्थक शब्दको आधारमा - आफू, इच्छा, असल आदि ।

(ए) सामान्य किसिमको बयान गरेर अर्थ वताउने शब्द - कुलघरान, प्रतिभाशाली आदि ।

(ऐ) पर्यायवाची शब्द दिएर अर्थ वताउने शब्द - शिक्षा, चेलो आदि ।

(ओ) परिभाषाको आधारमा अर्थ वताउने शब्द - सन्तान आदि ।

(च) यस किसिमबाट विभिन्न तरिका अपनाएर शिक्षण गर्नुका साथै यस किसिमका शब्दहरूलाई वाक्यमा प्रयोग गर्न लगाउन पनि सकिन्छ । वाक्य शिक्षण वा वाक्यमा प्रयोग गर्न सिकाउँदा प्रश्नोत्तर, अनुच्छेद लेखन, वस्तुवर्णन क्रियाकलाप पनि गर्न लगाउन सकिन्छ ।

४. **मूल्याङ्कन**

(क) अभ्यास ५ को क्रियाकलाप गराउनुहोस् ।

(ख) अभ्यास ८ को क्रियाकलाप गराउनुहोस् ।

५. **गृहकार्य**

अभ्यास ४, ८ र १२ गरेर ल्याउन निर्देश गर्नुहोस् ।

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'सत्य कामको अठोट' पाठका अनुच्छेदहरू सस्वरवाचन गर्न,

(ख) 'सत्य कामको अठोट' पुरै पाठ मौनवाचन गर्न ।

२. शिक्षण सामग्री

पाठ्यवस्तु, विविध प्रश्नहरूको सूची

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) कथाको वातावरणलाई व्यवस्थित गरेर विद्याथीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् ।

(ख) 'सत्य कामको अठोट' पाठका सन्दर्भमा तथा विषयवस्तुका बारेमा सामान्य कुराकानी गरी पाठको बिषयवस्तुका बारेमा विद्यार्थीहरूमा रुचि जगाउनुहोस् ।

(ग) भाषाको शिक्षणसम्वन्धी छलफल गर्दा पाठलाई पाठ्यवस्तु तथा विषयवस्तु भनी दुई रूपमा हेर्ने गरेको पाइन्छ । पाठ्यवस्तुअन्तर्गत भाषिक सीप,भाषिक रचना र व्याकरण तथा भाषा तत्त्वसम्बन्धी [illegible]हरू पर्छन् । विषयवस्तुअन्तर्गत पाठमा दिएका विचार, भाव, कथात्मक कुराकानी आदि आउँछन् । नेपाली भाषाअन्तर्गतका पाठहरू शिक्षण गर्दा यी दुवै पक्षमा ध्यान दिनुपर्छ । यी कुराहरूको शिक्षण सिकाइ गर्ने माध्यम भनेका सस्वरवाचन तथा मौन पठन पनि हुन् । त्यसैले प्रभावकारी शिक्षणका लागि सस्वरवाचन तथा मौन पठनसम्वन्धी क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

(घ) सस्वरवाचनमा सुस्तरी पाठका अनुच्छेदहरू सस्वरवाचन गर्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् । सस्वरवाचनमा ठूलो स्वर हुनुहुँदैन तर अन्य सबै विद्यार्थीले सुन्न सक्ने किसिमको हुनुपर्छ । एउटै विद्यार्थीबाट एकै चोटि पूरै पाठ सस्वरवाचन गर्न गराउन सम्भव छैन । यसो गर्दा सबैका लागि समान अवर उपलब्ध हुँदैन । शिक्षणसिकाइ गर्दा सबै विद्यार्थीहरूलाई समान अवसर उपलब्ध गर ाउने दृष्टिबाट सस्वरवाचनको व्यवस्था मिलाउनुहोस् । विद्यार्थीहरूले सस्वरवाचन गर्दा कहाँ त्रुटि हुन्छ भनेर त्रुटि सच्याउनका लागि आफू पनि ख्याल गर्नुहोस् र अन्य विद्यार्थीहरूलाई पनि ध्यान पुऱ्याउन भन्नुहोस् । त्रुटि फेला परेमा सच्याउनका लागि अन्य बालबालिकाहरूलाई पनि अवसर प्रदान गर्नुहोस् र आफूले पनि सच्याउनुहोस् । सस्वरवाचन गरेपछि सस्वरवाचन गरिएको अंशको सारांश सुनाउन सस्वरवाचन गर्ने विद्यार्थीलाई निर्देशन दिनुहोस् । सस्वरवाचन गरेको सुन्ने विद्यार्थीले त्यो भन्दा राम्रोसँग सारांश बताउन प्रोत्साहित गर्नुहोस् । कुनै निर्धारित विद्यार्थीले पाठको निर्धारित अंश राम्रोसँग वाचन गरेर सुनाउन नसकेमा पाठको त्यही अंश अर्को विद्यार्थीलाई वाचन गर्न लगाउनुहोस् र पहिलेको सस्वरवाचन गर्ने विद्यार्थीलाई भने सुन्न लगाउनुहोस् ।

(ङ) सस्वरवाचनको सन्दर्भमा शिक्षकले आफूले नमुना वाचन गरेर सुनाउने र त्यसैअनुसार अन्य विद्यार्थीहरूबाट सस्वरवाचन गर्ने क्रियाकलाप एकपटक गराउनुहोस् । यसरी सबै विद्यार्थीहरूबाट पालैपालो गरेर पुरै पाठ वाचन गर्न भन्नुहोस् ।

(च) मौनवाचन वा मौन पठन पनि पठन बोधसम्बन्धी क्रियाकलाप हो । यो क्रियाकलाप एकै चोटि सवै विद्यार्थीहरूमा लागू गर्न सकिन्छ । विद्यार्थी वा वालबालिकाले मौन पठनमा सहभागी हुँदा पढाइमा कत्तिको ध्यान दिइरहेका छन् भन्नेवारेमा जान्नका लागि आफूले भने कक्षामा घुमीघुमी अवलोकन गर्नुहोस् । अनि अन्त्यमा पठनवोधसम्बन्धी प्रश्नहरू कालोपाटीमा लेखेर प्रश्नोत्तर गर्नु गराउनुहोस् । 'सत्य कामको अठोट' पाठका अभ्यासमा दिइएका प्रश्नहरूको प्रश्नोत्तर पनि सस्वरवाचन तथा मौन पठनका आधारमा गराउन सकिन्छ । सस्वर तथा मौन पठनपश्चात् अध्यासमा दिइएका बोध प्रश्नहरूको उत्तर पनि कक्षाकार्यका रूपमा लेख्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) अभ्यास ६ का प्रश्नहरूको उत्तर लेखाउनुहोस् ।

(ख) अभ्यास ७ का प्रश्नहरूको उत्तर लेखाउनुहोस् ।

५. **गृहकार्य**

अभ्यास १० मा दिइएका प्रश्नहरूको उत्तर लेखेर ल्याउन निर्देश गर्नुहोस् ।

पाठ्यवस्तु : कथाकथन र प्रश्नोत्तर घन्टी - २

१. **उद्देश्य**

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'सत्य कामको अठोट' कथा मौखिक रूपमा सुनाउन,

(ख) 'सत्य कामको अठोट' कथामा आधारित विषयवस्तुका बारेमा कुराकानी गर्न,

(ग) 'सत्य कामको अठोट' कथासँग सम्बन्धित शिक्षकले सोधेका प्रश्नको उत्तर दिन ।

२. **शैक्षिक सामग्री**

पाठ्यपुस्तक, विविध किसिमका प्रश्न, शिक्षक निर्मित चित्र आदि सामग्री, कक्षा शिक्षणमा प्रयोग गरिने दैनिक प्रयोगका सामग्री

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) कक्षाको वातावरणलाई व्यवस्थित गर्नुहोस् । कथाका विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । पाठको सन्दर्भमा कुराकानी गर्नुहोस् । विगत घन्टीमा गरिएको शिक्षण सिकाइका बारेमा पनि छलफल गर्नुहोस् ।

(ख) 'सत्य कामको अठोट' पाठमा कसले, के कामका लागि गरिएको अठोटको उल्लेख छ ? पाठमा के कामला२ ।कन सत्य कामको रूपमा लिएको हो ? 'सत्य कामको अठोट' कथाको प्रमुख पात्र को हो र उसलाई किन प्रमुख पात्रको रूपमा लिन सकिन्छ ? कथामा नारी पात्र कति छन् र कोको हुन् ? भन्ने जस्ता प्रश्नहरू कालोपाटीमा लेख्नुहोस् । ती प्रश्नहरू पढ्न विद्यार्थीलाई निर्देशन दिनुहोस् । समयलाई ख्याल गरेर ती प्रश्नहरू विद्यार्थीलाई कापीमा सार्न पनि भन्नुहोस् । कुन प्रश्नको उत्तर दिन कुन विद्यार्थी तत्पर हुन्छन्, बालबालिकालाई नै प्रश्न रोज्न भन्नुहोस् । अनि मौखिक रूपमा पालैपालो उत्तर दिनका लागि बालबालिकालाई अवसर प्रदान गर्नुहोस् । बालबालिकाबाट चित्त बुझ्दो उत्तर नआएमा आफू स्वयम्ले उत्तर दिनुहोस् । बालबालिकाहरूबाट नै सुहाउँदो किसिमको उत्तर उपलब्ध भएमा उनीहरूलाई स्याबासी दिनुहोस् ।

(ग) कुनै समूहको विशिष्ट विद्यार्थीलाई 'सत्य कामको अठाट' कथा विस्तृतरूपमा भन्न लगाउनुहोस् । अनि अर्को समूहको विद्यार्थीलाई त्यसको सारांश छोटकरीमा भन्न लगाउनुहोस् । 'सत्य कामको अठोट' कथाबाट निम्नानुसारका प्रश्न सोध्नुहोस् :

(अ) गौतम ऋषिको आश्रम कहाँ थियो ?

(आ) गौतम ऋषि के काम गर्थे ?

(इ) गौतम ऋषि र चेलाहरू कसलाई कति माया गर्थे ?

(ई) गौतम ऋषिका चेलाहरूले आपसमा किन के कानेखुसी गरे ?

(उ) गौतम ऋषिको स्वभाव कस्तो थियो ?

उत्तरका लागि विद्यार्थीहरूलाई अभिप्रेरित गर्नुहोस् । आफूले भने सहजकर्ताको भूमिका मात्र निर्वाह गर्नुहोस् ।

(घ) तलका भनाइ कालोपाटीमा लेख्नुहोस् र विद्यार्थीसँग प्रश्न गर्नुहोस्, यी भनाइ कसले कोसँग कतिबेला किन भनेका हुन् ?

(अ) मबाट हुने काम भए म गरिदिन्छु ।

(आ) मलाई तपाईंसँग पढ्ने इच्छा छ ।

(इ) मलाई मेरो बुबाका बारेमा केही थाहा छैन ।

(ई) पढ्ने ठाउँमा अनावश्यक कुरा सोधिन्छ भने त्यस ठाउँमा पढेर के काम ?

(उ) जुन बालकले पढ्न इच्छा राख्छ, ऊ असल हुन्छ ।

(ऊ) आजदेखि तिम्रो नाम पनि सत्य काम भयो ।

(ए) आमाको पनि त आफ्ना सन्तानप्रति त्यत्तिकै हक हुन्छ ।

यी अलगअलग भनाइका बारेमा अलगअलग विद्यार्थीलाई सम्बोधन गर्नुहोस् । एउटा विद्यार्थीको माध्यमबाट सबै विद्यार्थीहरूलाई सुनाउनुहोस् । यसका लगि बीचबीचमा सम्बन्धित प्रश्नको उत्तर सँगैको अर्को विद्यार्थीलाई पनि सहभागी गराउनुहोस् । सहभागिता जति बढी मात्रामा भयो शिक्षण सिकाइ त्यति नै प्रभावकारी हुन्छ । अतः शिक्षण सिकाइको प्रत्येक क्रियाकलापमा विद्यार्थीहरूको सहभागिता अभिवृद्धिका लागि प्रयास गर्नुहोस् ।

४. मूल्याङ्कन

अभ्यास ६ र ७ क्रियाकलापसँग सम्बन्धित प्रश्नको उत्तर दिन निर्देश गर्नुहोस् ।

५. गृहकार्य

अभ्यास १० सँग सम्बन्धित प्रश्नको उत्तर लेखेर शिक्षकलाई देखाउन निर्देश गर्नुहोस् ।

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) अभ्यासमा दिइएका सुनाइ सीपसँग सम्बन्धित प्रश्नको उत्तर दिन,

(ख) अभ्यासमा दिइएका शब्दभण्डारसँग सम्बन्धित प्रश्नको उत्तर लेख्न,

(ग) अभ्यासमा दिइएका प्रश्नहरूलाई बोलाइ सीपको विकासमा प्रयोग गर्न,

(घ) अभ्यासमा दिएअनुसारका निर्देशनहरूको पालना गरेर देखाउन ।

२. शैक्षिक सामग्री

पाठ्यवस्तु, विविध किसिमका प्रश्नहरू, शिक्षक निर्मित सामग्री, कक्षामा दैनिक प्रयोग गरिने शैक्षिक सामग्री

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) कक्षाको वातावरणलाई व्यवस्थित गर्नुहोस् । पाठका बारेमा बालबालिकासँग सामान्यरूपमा कुराकानी गर्नुहोस् ।

(ख) पाठको अभ्यास १ मा उच्चारणका लागि केही शब्दहरू दिइएका छन् । ती शब्दहरू एकएक गरेर उच्चारण गरी सुनाउनुहोस् र बालबालिकाहरूलाई त्यसैअनुसार भन्न लगाउनुहोस् । अभ्यास २ मा पाठ वा कथावाचनसँग सम्बधित प्रश्न छ । त्यसको उत्तरका लागि पाँचजना विद्यार्थीहरूबाट पालैपालो गरेर 'सत्य कागको अठोट' कथावाचन गराउनुहोस् । कथा पढ्दा बालबालिकाहरूबाट कुनै किसिमको गल्ती भएमा सच्याउनुहोस् र अनि दोहोऱ्याएर पढ्न भन्नुहोस् । अन्य किसिमको सहयोग आवश्यक परेमा मद्दत गर्नुहोस् ।

(ग) अभ्यास ३ मा कथा सुनाउने किसिमको प्रश्न छ । एउटा कथा एउटै विद्यार्थीले सुनाउनुपर्छ भन्ने केही छैन । प्रचलित कथा भने एउटा कथा तीन चार जना विद्यार्थीहरूले पनि सुनाउन सक्छन् । त्यस्तो कथाको शीर्षक तपाईं आफैँले बताउन सक्नुहुन्छ । एक शीर्षक तोकेर कथा सुनाउन निर्देशन दिनुहोस् । अभ्यास १, २ र ३ का क्रियाकलाप वा प्रश्न सुनाइ सीपसँग सम्बन्धित छन् । यी क्रियाकलापका आधारमा विद्यार्थीहरूमा सुनाइ सीपको विकास गर्नुहोस् ।

(घ) अभ्यास ४ को प्रश्न वर्णविन्यास वा हिज्जेसँग सम्बन्धित छ । त्यहाँ केही वर्णविन्यास नमिलेका शब्द दिइएका छन् । तिनलाई वर्णविन्यास मिलाएर कापीमा सार्न लगाउनुहोस् । परीक्षण गर्नुहोस् र त्यसका आधारमा बालबालिकाहरूलाई पृष्ठपोषण प्रदान गर्नुहोस् । त्यस्तै अभ्यास ५ को प्रश्न शब्द र अर्थसँग सम्बन्धित छ । शब्द र अर्थको जोडा मिलाउन लगाएर शब्दभण्डारको विकासमा सहयोग गर्नुहोस् । शब्द र अर्थको जोडा मिलाउन लगाउने सन्दर्भमा बालबालिकाहरूलाई आपसमा छलफल गर्ने अवसर प्रदान गर्नुहोस् र छलफल गराउनुहोस् ।

(ङ) अभ्यास ६ को क्रियाकलाप बोधसँग सम्बन्धित छ । यो मौखिकरूपमा सफा उत्तर वताउने प्रश्न हो । त्यस्तै अभ्यास ७ को प्रश्न विद्यार्थीहरूको ध्यानलाई पाठप्रति केन्द्रित गर्ने किसिमको हो । 'सत्य कामको अठोट' पुरै पाठ पुन: एकपटक मौन पठन गरेर प्रश्नको उत्तर बताउन भन्नुहोस् । कुन प्रश्नको उत्तर कुन विद्यार्थी भन्ने कुरा मौन पठनपश्चात् मात्र तोक्नुहोस् ।

(च) अभ्यास ८ को प्रश्न शब्दभण्डारसँग सम्वन्धित प्रश्न हो । शब्दलाई वाक्यमा प्रयोग गर्ने क्रियाकलाप गराए शब्दभण्डार वृद्धि गराउनुहोस् । त्यस्तै अभ्यास ९ को प्रश्न पनि शाब्दिक क्रियाकलापहरूसँग नै सम्बन्धित छ । उस्तै सुनिने शब्दको उच्चारण गर्दा विशेषरूपमा ध्यान दिनुपर्छ, किनकि एउटा शब्द र अर्को शब्दका वीचमा भिनो मात्र अन्तर हुन्छ । विशेष रूपमा ध्यान दिइएन् भने एउटा शब्दको उच्चारण गर्नुपर्नेमा अर्को शब्द उच्चारित हुन्छ र अर्थको अनर्थ लाग्छ । अत: उच्चारण शिक्षणको विषयवस्तुको रूपमा श्रुतिसमभिन्नार्थक शब्दलाई लिनुपर्छ । अभ्यासमा दिइएका श्रुतिसमभिन्नार्थक शब्दका साथै अन्य श्रुतिसमभिन्नार्थक शब्दहरू पनि सङ्कलन गरेर उच्चारणमा बालबालिकालाई अभ्यस्त वनाउनुहोस् ।

(छ) अभ्यास १० को क्रियाकलाप लेखाइ सीपसँग सम्बन्धित छ । यसबाट विद्यार्थीहरूमा पठनवोध पनि हुन्छ । त्यसअनुसार अभ्यासका प्रश्नहरू उपयोग गर्नुहोस् । प्रश्नको उत्तर दिनुभन्दा पहिले कुन प्रश्नको उत्तर कुन रूपमा कति अनुच्छेद वा वाक्यमा दिने, के के कुरा लेख्ने भन्ने सम्वन्धमा आफ्नो मानसिकता वनाउन बालवालिकाहरूलाई साथीसँग छलफल गर्न भन्नुहोस्, अनि उत्तर लेख्नका लागि पुरै पाठलाई पढ्न पनि भन्नुहोस् । त्यसपछि कथामा शान्त वातावरण सिर्जना गर्नुहोस् र सवै विद्यार्थीहरूलाई उत्तर लेखेर देखाउन भन्नुहोस् ।

(ज) अभ्यास ११ को प्रश्न पठनवोध तथा अनुलेखनमा आधारित छ । यसका लागि अभ्यासमा दिइएका उद्धरण मौनरूपमा पढ्न लगाउनुहोस् । उदाहरणका सम्वन्धमा कुनै जिज्ञासा बालबालिकालाई लागेमा प्रश्न गर्न भन्नुहोस्, उनीहरूका वीचमा छलफल पनि गराउनुहोस् र आफूले विस्तृत वर्णन गरेर उद्धरणहरूको आशय तथा तात्पर्य पनि सम्झाउनुहोस् । अति ती उद्धरण कापीमा सार्न वा अनुलेखनका लागि अह्राउनुहोस् । यस किसिमको उद्धरण सङ्कलन गरेर अध्ययन गर्ने वानीमा वालबालिकाहरूलाई आकर्षित गर्नुहोस् । अभ्यास १२ को प्रश्न विषयवस्तुको पहिचान सीपसँग सम्वन्धित छ । लेख्य चिह्नका आधारमा उही वाक्यको पनि फरक किसिमको पठनबोध हुन्छ । पठनबोधका दृष्टिबाट लेख्य सामग्री पढ्दा लेख्य चिह्नहरूलाई पनि ख्याल गर्नुपर्छ । यसको नमुना वा उदाहरण अभ्यास १३ हो । अभ्यास १३ पढ्न बालवालिकाहरूलाई भन्नुहोस् र लेख्य चिह्नका आधारमा वाक्यले दिने फरक किसिमको अर्थ पनि बताउनुहोस् । अनि अन्त्यमा बचेखुचेको समय बालवालिकासँगको छलफल तथा कुराकानीमा खर्च गर्नुहोस् ।

४. **मूल्याङ्कन**

(क) पाठका निर्धारित अभ्यास गराउनुहोस् ।

५. **गृहकार्य**

(क) पाठसँग सम्वन्धित विषयमा पाँच प्रश्नात्मक वाक्य लेखेर ल्याउन लगाउनुहोस् ।

(ख) चार पाँच किसिमका लेख्य चिह्नहरू प्रयोग गरी एक अनुच्छेद लेख्न लगाउनुहोस् ।

(ग) अभ्यास १४ को क्रियाकलाप गरेर देखाउन लगाउनुहोस् ।

पाठ : २१

# आधुनिक सञ्चार

अनुमानित घन्टी : १२

| पाठ्यवस्तु | घन्टी |
|---|---|
| १. उच्चारण र सस्वरवाचन | २ |
| २. शब्दार्थ र वाक्यमा प्रयोग | २ |
| ३. बोध र प्रश्नोत्तर | ३ |
| ४.अभ्यासात्मक प्रश्न | ५ |

## पाठ्यवस्तु : उच्चारण र सस्वरवाचन घन्टी - २

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयोग भएका जटिल शब्दहरू उच्चारण गर्न,

(ख) पाठका अंश वा अनुच्छेद सस्वरवाचन गर्न ।

२. शैक्षिक सामग्री

पाठ्यपुस्तक, विभिन्न प्रश्नहरू, शिक्षकनिर्मित ठोस सामग्री, दैनिक रूपमा प्रयोग गरिने शिक्षण सिकाइका अन्य सामग्री

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) कक्षाको वातावरणलाई व्यवस्थित बनाउनुहोस्, कक्षाका बालबालिकाहरूलाई घुलमिल गर्न सहयोग हुने गरी समूहमा विभाजन गर्नुहोस् ।

(ख) 'आधुनिक सञ्चार' पाठको सन्दर्भको सम्बन्धमा सामान्य रूपमा बयान गर्नुहोस् । अब शिक्षण सिकाइको प्रमुख पक्षमा प्रवेश गर्नुहोस् ।

(घ) हजाइजहाज, टेलिफोन, कम्प्युटर, मोबाइल, प्रविधि, सञ्चार, जलस्रोत आदानप्रदान आदि शब्दका आधारमा उच्चारण क्षमता विकास गर्न तयार पारेका शब्दपत्तीहरू गोजी तालिकाको माध्यमबाट

कक्षामा प्रस्तुत गरी पालैपालोसँग उच्चारण गर्न सबै बालबालिकालाई अवसर उपलब्ध गराउनुहोस् ।

(ङ) त्यस्तै किसिमले उच्चारण शिक्षणका लागि तयार गरेको शब्दसूची, फलाटिन पाटीमा टाँस्नुहोस् र त्यहाँ लेखिएका होउला, होलाउ, हौला, तिमीहरू, तिमरू, हवाइजहाज, हावाजहाज, समुद्र, समुन्द्र, उनीरू, उनेरू, उनरू, उनीरू, गाह्रो, गारो, गार्रो, टेलिफोन, टेलिफुन, व्यक्ति, बेक्ति, छाप्न, छपाउन, छिप्न, विषय, विषये, समचार, सन्चार, सञ्चार, सनचार, सम्चार आदि शब्दलाई विभिन्न रूपमा उच्चारण गर्न भन्नुहोस् । यसमा कुन किसिमको उच्चारण ठीक हो,पहिचान गर्न र त्यसमा अभ्यस्त हुन समेत कोसिस गराउनुहोस् ।

(च) कार्यक्रम, चिठीपत्र, सौर्यशक्ति आकर्षण आदि शब्द लेखिएको एउटा शब्द तालिका, उपयोग, उपभोग, छिटोछरितो - छोटो - छरितो, प्रतिभा - प्रतिमा, सुन्न - शून्य आदि शब्द उल्लेख गरिएको अर्को शब्द तालिका, गाह्रो, - गारो, अन्न - अन्य, विदा - विधा, मात्र - मात्रा, जलस्रोत - जनस्रोत, कारण - करण, अगि - अघि, आदि शब्द सङ्कलित अर्को किसिमको शब्द तालिका पृथकता झल्कने गरी फलाटिन पाटीमा टाँस्नुहोस् र अलगअलग समूहलाई आपसमा छलफल गरी उच्चारण गर्न भन्नुहोस् । यस किसिमका उच्चारणसम्बन्धी क्रियाकलापका आधारमा प्रशस्त अभ्यास गराएर उनीहरूमा क्षमता विकास गर्न सकिन्छ । त्यसैले कक्षा शिक्षणमा बालबालिकाहरूका लागि त्यसतर्फ ध्यान दिनुहोस् ।

(छ) 'आधुनिक सञ्चार' पाठमा अधिक रूपमा आगन्तुक शब्दहरू प्रयोग हुन गएका छन् । त्यस किसिमका शब्दका आधारमा बालबालिकाहरूलाई सहज रूपमा सस्वरवाचन गराउनका लागि अङ्ग्रेजी आधुनिक शब्दहरूसँग सर्वप्रथम परिचित बनाउनुहोस, थप उच्चारण गराउनुहोस् अनि मात्र सस्वरवाचन गरी सुनाउन निर्देशन दिनुहोस् ।

## ४. मूल्याङ्कन

(क) अभ्यास १ को क्रियाकलाप गर्न लगाउनुहोस् ।

(ख) पाठको पहिलो र अन्तिम अनुच्छेद सस्वरवाचन गरेर सुनाउनुहोस् ।

## ५. गृहकार्य

'आधुनिक सञ्चार' पाठ सर्र पढ्न सक्ने भएर आउन निर्देश गर्नुहोस् ।

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठमा प्रयोग भएका शब्दहरूको अर्थ बताउन,

(ख) पाठमा प्रयुक्त शब्दलाई वाक्यमा प्रयोग गर्न ।

२. शैक्षिक सामग्री

शब्दार्थपत्ती, वाक्यपत्ती

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) कक्षाको वातावरणलाई व्यवस्थित गर्नुहोस्, बालबालिकाहरूलाई सात आठजनाको समूहमा विभाजन गर्नुहोस् ।

(ख) पाठको सन्दर्भको सम्बन्धमा बालबालिकाहरूसँग सामान्य कुराकानी गरेर उनीहरूसँगको ममता देखाउनुहोस् । अब पाठको पाठ्यपुस्तक वा पाठको सम्बन्धित पक्षमा प्रवेश गर्नुहोस् ।

(ग) बालबालिकालाई 'आधुनिक सञ्चार' पाठ पढ्न लगाउनुहोस्, पाठमा प्रयोग भएका र आफूले अर्थ नजानेका शब्दहरूलाई रेखाङ्कन गर्न पनि भन्नुहोस् । ती शब्द कालोपाटीमा लेख्नुहोस् र कुन शब्दको अर्थ कुन विद्यार्थीले बताउन सक्छ बालबालिकासँगै प्रश्न गर्नुहोस् । विद्यार्थीले बताउन नसकेका शब्दको अर्थ कालोपाटीमा लेख्नुहोस् र विद्यार्थीहरूलाई कापीमा सार्न लगाउनुहोस् ।

(घ) शब्द र अर्थको शिक्षण सिकाइको सन्दर्भमा पाठसँग सम्बन्धित अभ्यासमा दिएका शब्द र अर्थको जोडा मिलाउने कार्यक्रम गराउनुहोस् । यस्तो क्रियाकलाप गराउँदा विद्यार्थीलाई शब्द र अर्थ दुवै पढ्न भन्नुहोस् । एकएक गरेर कुन शब्दको अर्थ कुन हो, निश्चित गर्न भन्नुहोस् । यसका लागि पाठको प्रसङ्ग पढ्न, शब्दकोश प्रयोग गर्न र साथीसँग छलफल गर्न तथा शिक्षकसँग सोध्न भन्नुहोस् । अनि मिल्दो शब्द आमुन्नेसामुन्ने राखेर जोडा मिलाई दिएका शब्दहरू कापीमा सार्न लगाउनुहोस् ।

(ङ) वाक्यमा प्रयोग गर्न लगाउने क्रियाकलाप पनि शब्दार्थ शिक्षणसँग सम्बन्धित हुन्छ । बालबालिकाले शब्दलाई समुचित रूपमा वाक्यमा प्रयोग गर्न सकेमा शब्दार्थ बोध भएको मान्न सकिन्छ । अत: पाठको अभ्यास ४ को प्रश्नका आधारमा दिइएका शब्दहरूलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । शब्दलाई वाक्यमा प्रयोग गर्न सिकाउँदा मौखिकरूपमा शब्दको अर्थ बताउनुहोस् । अनि बालबालिकालाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । सच्याएर सार भन्ने प्रश्न शब्द र अर्थसँग सम्वन्धित मान्न सकिन्छ । अत: शब्द र अर्थको शिक्षणको क्रममा सच्याएर सार, तलका शब्द शुद्धसँग पढेर सुनाऊ जस्ता अभ्यासात्मक क्रियाकलाप पनि गर्न लाउनुहोस् । वाक्य शिक्षणका

लागि अभ्यास ७ मा दिएको क्रियाकलापका आधारमा तालिकाका शब्दहरूको संयोजन गरी वाक्य रचना गर्न सिकाउनुहोस् ।

(च) शब्दार्थ, शिक्षण र वाक्य प्रयोगका सन्दर्भमा अन्य किसिमका क्रियाकलापहरूको प्रयोग गर्न सकिन्छ । जस्तै : एउटा समूहलाई पाठका शब्दहरू भन्न भन्नुहोस्, अर्को समूहलाई त्यसको अर्थ बताउन भन्नुहोस् अनि तेस्रो समूहलाई सम्बन्धित शब्दलाई वाक्यमा प्रयोग गर्नका लागि निर्देशन दिनुहोस् । तीनै समूहले निर्वाह गरेको जिम्मेवारीसम्बन्धी विवरण कालोपाटीमा लेख्नुहोस् । अब कालोपाटीमा सबै बालबालिकाहरूले शब्द, अर्थ र शब्द प्रयोग गरिएको वाक्य पढ्न पाउँछन् । यस किसिमको शब्दभण्डारको विवरण कापीमा सार्न बालबालिकालाई निर्देशन दिनुहोस् । शब्दभण्डार र शिक्षणका लागि प्रश्नोत्तर क्रियाकलापको यो एउटा नमुना हो । यस किसिमको क्रियाकलाप पटकपटक गराउनुहोस् ।

(छ) शब्दपत्ती, शब्दसूची तथा शब्दतालिकाको उपयोग गरेर पनि बालबालिकाहरूलाई शब्दार्थ र वाक्य प्रयोगमा अभ्यास गराउन सकिन्छ । शब्दार्थका लागि तयार पारेको शब्दपत्ती गोजीतालिकामा राख्नुहोस् । शब्दपत्तीमा एकपट्टि शब्द र अर्कोपट्टि अर्थ लेखिएको हुनुपर्छ । शब्दपत्तीका आधारमा शब्द पढ्न र त्यसलाई कापीमा सार्न भन्नुहोस् । अनि अर्कोपट्टि पल्टाउनुहोस् र अर्थ पनि कापीमा सार्न भन्नुहोस् । वाक्यमा प्रयोग गर्ने अवसर भने बालबालिकाहरूलाई प्रदान गर्नुहोस् ।

४. मूल्याङ्कन

(क) प्रशस्त, विद्युत्, अभाव, देश, आधुनिक शब्दको अर्थ सोध्नुहोस् ।

(ख) भाइ, बहिनी, साधन, संसार, प्रयत्न शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

५. गृहकार्य

पहिलो अनुच्छेदका शब्दहरूलाई आधार शब्दका रूपमा कापीमा सार्नुहोस् र शब्दको प्रविष्टिका लागि क्रम मिलाउनुहोस् ।

**पाठ्यवस्तु :** **बोध र प्रश्नोत्तर** **घन्टी - ३**

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'आधुनिक सञ्चार' पाठका अनुच्छेदहरू शिक्षकबाट सुनेर साथीहरूसँगको छलफलमा सहभागी हुन,

(ख) 'आधुनिक सञ्चार' पाठ मौन पठन गरी प्रश्नोत्तर गर्न ।

२. शैक्षिक सामग्री

पाठ्यपुस्तक, शिक्षक निर्मित प्रश्न तथा अन्य सामग्री, दैनिकरूपमा कक्षामा प्रयोग गरिने शिक्षण सिकाइका सामग्री ।

३. शिक्षणसिकाइ क्रियाकलाप

(क) कक्षालाई व्यवस्थित गर्नुहोस्, बालवालिकाहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । पाठ शीर्षक तथा पाठ्यवस्तुका सम्बन्धमा सामान्य कुराकानी गरेर बालबालिकासँग मायालु वातावरणका आधारमा निकट सम्बन्ध स्थापित गर्नुहोस् । विगतका घन्टीहरूमा भएका शिक्षणसिकाइका बारेमा छलफल गरी 'आधुनिक सञ्चार' पाठमा भएको प्रगति सम्बन्धमा जानकारी हासिल गर्नुहोस् । अनि मात्र ़ु घन्टीमा गरिने शिक्षण सिकाइको सम्बन्धित पाठ्यवस्तुका पक्षमा औपचारिकरूपमा प्रवेश गर्नुहोस् ।

(ख) श्रुतिबोधका लागि 'आधुनिक सञ्चार' पाठका अनुच्छेदहरू पढ्न समूहका विद्यार्थीहरूलाई भन्नुहोस् । एउटा विद्यार्थीले पढेर सुनाउन भन्नुहोस् । सस्वरवाचन गरी सुनाउने र मौन पठनका आधारमा बोध गर्ने काम सँगसँगै गराउनुहोस् । आधुनिक सञ्चार पाठको विषयवस्तुलाई विस्तृत रूपमा बयान गरेर सुनाउनुहोस् । आवश्यक बुँदा टिपोट गर्न बालबालिकालाई भन्नुहोस् ।

श्रुतिबोध भयो भएन जानकारीका लागि प्रश्नोत्तर तथा छलफलसम्बन्धी क्रियाकलापको उपयोग गर्न सकिन्छ । बालबालिकाबाट गरिएको सस्वरवाचन र तपाईंले गरेको विषयवस्तुकै बयानका आधारमा प्रश्नोत्तर गर्नुहोस् :

जस्तै : - यातायातका क्षेत्रमा भएका प्रगतिहरू केके हुन् ?
- सञ्चार क्षेत्रमा भएको अधिकतम उपलब्धि के हो ?
- पत्राचारको ऐतिहासिक विकास कुन रूपमा भएको पाइन्छ ?
- टेलिफोनको आविष्कार कुन प्रयोगबाट भयो ?
- टेलिफोनबाट हासिल भएको उपलब्धिलाई कुन रूपमा लिन सकिन्छ ?
- रेडियोबाट सुन्न सकिने कार्यक्रमहरू केके हुन सक्छन् ?
- शिक्षा क्षेत्रमा रेडियोबाट केकस्ता सुविधाहरू उपलब्ध हुन सक्छन् ?
- रेडियोभन्दा टेलिभिजन कुन सन्दर्भमा बढी उपलब्धिमूलक मान्न सकिन्छ ?

- कम्प्युटर सेवाले हुलाक सेवामा कस्तो किसिमको क्रान्तिकारी परिवर्तन ल्यायो ?
- आज अखवारको काम सञ्चारका कुन कुन साधनले गरेका छन् ?

यस्ता प्रश्नहरू उल्लेख गरिएको प्रश्न सूची फलाटिन पाटीमा टाँस्नुहोस् अनि प्रश्न पढेर सबै विद्यार्थीहरूलाई पालैपालो गरी सबै प्रश्नको उत्तर मौखिक रूपमा दिन भन्नुहोस् । धन्यवाद तथा स्यावासी प्रदान गरेर प्रोत्साहित गर्नुहोस् ।

(ग) सञ्चार साधनका रूपमा आविष्कार भएका रेडियो, टेलिभिजन, टेलिफोन, इमेल, इन्टरनेटले गर्ने काम भनेका केके हुन् ? वालबालिकालाई आपसमा छलफल गरी तिनीहरूको उपलब्धि बुँदागत रूपमा टिप्न भन्नुहोस् । समूहको तर्फबाट कुनै खास विद्यार्थीलाई प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् । यसरी प्रस्तुत गर्दा रेडियो समूहले रेडियोको, टेलिफोन समूहले टेलिफोनको, टेलिभिजन समूहले टेलिभिजनको, इमेल समूहले इमेलको र इन्टरनेट समूहले इन्टरनेटको बारेमा प्रस्तुत गर्न भन्नुहोस् । प्रस्तुत विवरण तयार गर्नका लागि समूहनेतालाई तपाईंले सामान्य रूपमा मद्दत गर्नुहोस् । बढी निर्भर समूहकै साथीहरूसँग गर्न पनि भन्नुहोस् । प्रस्तुतिमा सबै साथीको सहमति जुटाउने निर्देशन समूह नेतालाई पनि दिनुहोस् ।

(घ) 'आधुनिक सञ्चार' पाठका अन्तिम तीन अनुच्छेद पढ्न लगाउनुहोस् । पठन शिक्षणसिकाइका सस्वरवाचन र मौन पठन दुवै क्रियाकलापको उपयोग गर्नुहोस् र निम्नलिखित प्रश्नको उत्तर दिनका लागि बालवालिकाहरूलाई आपसमा छलफल गर्ने वातावरणको पनि सिर्जना गर्नुहोस् ।

- सञ्चार क्षेत्रमा हाम्रो समस्या भनेको के हो ?
- देशभर नै सञ्चार माध्यम उपलब्ध गराउन हामीले विशेष गरेर के व्यवस्था गर्नुपर्छ ?
- सञ्चार क्षेत्रमा विशेष ध्यान दिनुपर्ने आवश्यकता हामीलाई किन परेको छ ?
- 'आधुनिक सञ्चार' कस्तो सञ्चारलाई भनिन्छ ? अर्थात् आधुनिक सञ्चारको आशय के हो ।

यस किसिमको प्रश्नोत्तरको आधारमा आधुनिक सञ्चारका बारेमा मोटामोटी जानकारी गराउनुहोस् । छलफल तथा प्रत्यक्षरूपमा गरिने प्रदर्शनका माध्यमबाट पनि बालबालिकामा आधुनिक सञ्चारका बारेमा थप जानकारी उपलब्ध हासिल हुन सक्छ । अत: पाठमा उल्लेख गरिएका सञ्चारका साधनहरू कक्षा कोठामा नै प्रयोग गरेर वा शैक्षिक भ्रमणबाट बालबालिकालाई लगेर आधुनिक सञ्चारका बारेमा स्पष्ट जानकारी दिलाउन सकिन्छ । त्यसै रूपमा सञ्चार साधनका बारेमा जानकारी दिनुहोस् ।

## ४. मूल्याङ्कन

विद्यार्थीलाई निम्नानुसाकरा प्रश्न सोध्नुहोस् :

(क) सञ्चारका साधनहरूको नाम लेख्नुहोस् ।

(ख) सञ्चारका साधनको हिजोको अवस्था र आजको अवस्थाका बारेमा छलफल गर्नुहोस् ।

## ५. गृहकार्य

सञ्चारका साधनको विकास र विस्तारको आवश्यकताका सम्बन्धमा एक अनुच्छेद लेख्न लगाउनुहोस् ।

१. उद्देश्य

यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठमा दिइएका अभ्यासात्मक प्रश्नहरूका बारेमा छलफल गर्न,

(ख) अभ्यासमा दिइएका प्रश्नहरूका आधारमा लिखित तथा मौखिक रूपमा प्रश्नोत्तर गर्न ।

२. शैक्षिक सामग्री

पाठ्यपुस्तक, शिक्षक निर्मित प्रश्न, दैनिकरूपमा प्रयोग गरिने शिक्षण सिकाइका अन्य सामग्री

३. शिक्षण सिकाइ क्रियाकलाप

(क) कक्षालाई व्यवस्थित गर्नुहोस् । कक्षालाई शिक्षण सिकाइका लागि तयार हुन निर्देशन दिनुहोस् । बालबालिकाहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् ।

(ख) आधुनिक सञ्चारका सम्बन्धमा गरिएका शिक्षणलाई सरसर्ती पुनरावलोकन गर्नुहोस् । अनि सबै बालबालिकालाई पाठमा दिइएका अभ्यासात्मक प्रश्नहरूलाई उत्तर दिनुपर्छ भनी बुझेर पढ्न भन्नुहोस् । सर्वप्रथम मौन रूपमा अभ्यासात्मक प्रश्न पढ्न भन्नुहोस् । अनि त्यसपछि मात्र सस्वररूप पढेर प्रत्येक प्रश्नको बारेमा छलफल गर्नुहोस् । छलफल गर्दा कुन प्रश्नको उत्तर कुन रूपमा कति दिने भन्ने सम्वन्धमा विद्यार्थीहरूका बीच समूह समूहमा छलफल गराउनुहोस् ।

छलफलमा आफू पनि सहभागी हुनुहोस् । अभ्यासका प्रश्नहरूको उत्तर कक्षा कार्यका रूपमा दिनुभन्दा पहिले प्रश्नका बारेमा विस्तृत छलफल गरी पूर्णरूपमा परिचित गराउनुहोस् । अनि मात्र प्रश्नोत्तर क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

(ग) अभ्यास १ मा दिइएका शब्दहरू आफूले उच्चारण गरेर सुनाउनुहोस् र त्यसअनुसार अन्य बालबालिकाहरूलाई पनि उच्चारण गर्न भन्नुहोस् । उच्चारण गर्दा तीन चार पटकसम्म दोहोऱ्याउन भन्नुहोस् । त्यस्तै अभ्यास २ मा सच्याएर सार्ने प्रश्न दिइएको छ । त्यस प्रश्नको निर्देशनअनुसार सबै बालबालिकालाई गल्ती शब्दहरू सच्याउन भन्नुहोस् । सच्याउने काम सकिएपछि शब्दलाई शुद्ध रूपमा कालोपाटीमा लेखेर देखाउनुहोस् अनि त्यसअनुसार उनीहरूले लेखेको मिलेको नमिलेको सम्बन्धमा अवलोकन गरी पुन: संशोधन गर्न सबै बालबालिकालाई भन्नुहोस् । अभ्यास ३ को प्रश्न शब्द र अर्थको जोडा मिलाउने कार्यसँग सम्वन्धित छ । त्यसका सम्बन्धमा छलफल गर्नुहोस् । अनि मौखिक रूपमा तथा लिखित रूपमा वाक्यमा प्रयोग गर्न सिकाउनुहोस् । वाक्यमा प्रयोग गरेर देखाऊ भन्नुहोस् ।

(घ) अभ्यास ५ र ६ पठनबोधसँग सम्बन्धित प्रश्न आउँछन् । यी प्रश्नहरूको उत्तर लेख्न बालबालिका आधुनिक सञ्चार पाठका बारेमा पोख्त बनाउनुहोस् अनि प्रश्न र समयको सन्तुलन निर्धारण गरेर उत्तर लेख्न सिकाउनुको साथै उत्तर लेखेर देखाउन लगाउनुहोस् । राम्रो उत्तर लेख्ने विद्यार्थीहरूलाई विशेष रूपमा प्रोत्साहित गर्नुहोस् ।

(ङ) अभ्यास ७ को प्रश्न तालिकावाट वाक्य वनाउने किसिमको प्रश्न हो। सो तालिकाका आधारमा पनि वाक्य वनाउन सिकाउन सकिन्छ। यसका साथै वाक्य निर्माणका लागि पनि थप प्रयासहरू गर्न सकिन्छ। यसैले जुनसुकै पक्षको शिक्षण सिकाइको पनि विशेष महत्त्व छ। यसपछि अभ्यास ८ अनुसार श्रुतिलेखनको काम लगाउनुहोस्। श्रुतिलेखनबाट बालबालिमा सुनाइ र लेखाइ दुवै किसिमका सीप विकास गर्न सकिन्छ। यसका लागि तल्लो कक्षाका बालबालिकाहरूका लागि श्रुतिलेखन गराउँदा शव्दशव्द पढेर र श्रुतिलेखन गराउनुहोस्। अभ्यास ९ खाली ठाउँ भर्ने प्रश्न सरल किसिमको छ। कुनैकुनै प्रश्नको उत्तर विद्यार्थीहरूले आत्मनिर्भर भएर पनि दिनुपर्छ। त्यसैले आत्मनिर्भर रूपमा उत्तर लेख्नका लागि पनि अभिप्रेरित गर्नुहोस्।

(च) पठनबोधसम्बन्धी प्रश्नको सबै विषयमा उत्तिकै महत्त्व छ। भाषा शिक्षणमा पनि पठनबोधको विशेष भूमिका रहन्छ। अभ्यास १० का प्रश्नहरूलाई पठनबोधका रूपमा उपयोग गर्न सकिन्छ। पुरै पाठ पढ भन्ने कुन प्रश्नको उत्तर कहाँ छ र कुन हो खोज भन्ने अनि यस आधारमा उत्तर लेख भन्ने र लेख्नका लागि आवश्यक सहयोग पुऱ्याउने गर्नुपर्छ। यसका लागि पनि सक्रिय भूमिका निर्वाह गर्नुहोस्।

(छ) अभ्यास ११ को प्रश्नबोध र अनुलेखनसँग सम्वन्धित छ। अर्थात् यो प्रश्न अनुलेखन र पठनबोधको संयुक्तरूप हो। अभ्यास ११ मा दिएको अनुच्छेद पढ्न भन्नुहोस् र त्यसका बारेमा दुई तीन जना साथीका बीचमा छलफल गराउनुहोस्। अनि त्यो अनुच्छेदका लागि बालबालिकालाई निर्देशन दिनुहोस्।

(ज) अभ्यास १२ र १३ प्रश्नको विषयवस्त भन्दा फरक किसिमका प्रश्नहरू हुन्। यी प्रश्नको उत्तर वालबालिकाले अनुभवका आधारमा दिनुपर्छ। अभ्यासको निर्देशनअनुसार क्रियाकलाप गर्न बालबालिकालाई भन्नुहोस्। आफूले भने वालबालिकाको प्रश्नोत्तर प्रतिको दृष्टिकोण उत्तर लेख्ने सीप र क्षमता, उनीहरूको वातावरणप्रतिको संयमता आदिका सम्वन्धमा विचार गर्नुहोस्।

४. **मूल्याङ्कन**

अभ्यासमा दिइएका सबै प्रश्न पालैपालो गरी पढेर सुनाउन लगाउनुहोस्।

५. **गृहकार्य**

अभ्यास १४ को प्रश्नको उत्तर लेख्न लगाउनुहोस्।

5346

किताबका पाना हेर, हामीभन्दा साना
(ती पानामा वीरता र, गौरवका गाना)२
कलमका टुप्पा अझै, औँलाभन्दा साना
(त्यै टुप्पाले ज्ञानी कुरा, लेख्छौँ पाना-पाना)२

हामी मान्छे साना-साना (पाए सही ज्ञान)२
पौरखले उठाउँछौँ, (नेपालको सान)२
सबैभन्दा शीतल छाया, (हिमालको छाया)२
(जति बढ्छौँ उति बढ्छ, स्वदेशको माया)२

हामी रोप्छौँ बोट-बीउ (हामी धर्ती कोर्छौँ)२
सबै मिली नेपालमा, (माया रङ्ग भर्छौं)२
पढी-लेखी सीप सिक्ने, (पैलो हाम्रो काम)२
(जे-जे सिक्छौँ चढाइदिन्छौँ यै देशको नाम)२

*गीतकार : भूपाल राई*

*सङ्गीतकार : प्रदीप बम्जन*

प्रकाशक
नेपाल सरकार
**शिक्षा मन्त्रालय**
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

Tel. 6630588, 6634119
website: www.moescdc.gov.np
e-mail: cdc@ntc.np

49
CI
2